



नेपाल सरकार


प्रदेश प्रमुखको कार्यालय

सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

फोन नं.- ०९१-५२४२७३

वेबसाइट:- https://oph.sudurpashchim.gov.np/

इमेल:- ophsudurpaschim@gmail.com



सुदूरपश्चिम प्रदेश दर्पण

दोस्रो अंक

२०८३ असार

प्रकाशक

प्रदेश प्रमुखको कार्यालय

सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

२०८३ असार

सुदूरपश्चिम प्रदेश दर्पण

दोस्रो अंक

२०८३ असार



प्रकाशक

प्रदेश प्रमुखको कार्यालय

सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

फोन नं.- ०९१-५२४२७३

वेबसाइटः- https://oph.sudurpashchim.gov.np/

इमेलः- ophsudurpaschim@gmail.com

संरक्षक:
माननीय प्रदेश प्रमुख श्री नजिर मियाँ

सल्लाहकार:
प्रदेश सचिव श्री प्रेम बहादुर दौल्याल

सम्पादन समूह:
संयोजक- उपसचिव श्री शेखर कुमार रोकाया
सदस्य- शाखा अधिकृत श्री गंगाराम सापकोटा
सदस्य- शाखा अधिकृत श्री दीर्घराज भट्ट
सदस्य- प्रोटोकल अधिकृत श्री सुरेन्द्र कुमार बोहरा
सदस्य- कम्प्युटर अधिकृत श्री शम्शेर बहादुर रावल

प्रकाशक:
प्रदेश प्रमुखको कार्यालय
सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

प्रकाशन वर्ष
२०८३ असार

फोन नं.: ०९१-५२४२७३
वेवसाइट: oph.sudurpashchim.gov.np
इमेल: ophsudurpaschim@gmail.com

@ सर्वाधिकार: प्रदेश प्रमुखको कार्यालय, सुदूरपश्चिम प्रदेश, धनगढी।

नेपाल सरकार

प्रदेश प्रमुख

सुदूरपश्चिम प्रदेश

धनगढी, कैलाली



शुभकामना सन्देश

प्रदेश प्रमुखको कार्यालय, सुदूरपश्चिम प्रदेश, धनगढी कैलालीले 'सुदूरपश्चिम प्रदेश दर्पण' को दोश्रो अंक प्रकाशन गर्न लागेकोमा खुसी लागेको छ। पहिलो अङ्कको सफलतापश्चात् अझ परिष्कृत र विस्तृत रूपमा आएको यस दोस्रो अङ्कले कार्यालयको सम्पादित कार्यहरुका अलावा सुदूरपश्चिम प्रदेशको विविध तथ्यांकीय यथार्थलाई सरल र वस्तुगत ढंगबाट प्रस्तुत गरेको छ। प्रस्तुत पुस्तकमा उल्लेखित विषयवस्तुहरुले हाम्रो प्रदेशको गौरवशाली पहिचानलाई मात्र झल्काएका छैनन्, यसले हामीलाई हाम्रो अथाह सम्भावनाको बोध समेत गराएका छन्।

लोकतान्त्रिक शासन व्यवस्थामा राज्य र नागरिकबीचको सम्बन्ध पारदर्शी र सुमधुर हुनुपर्छ। प्रदेश प्रमुखको कार्यालयका गतिविधि, प्रदेशका महत्त्वपूर्ण तथ्याङ्क र विकासका सम्भावनाहरूलाई एउटै सँगालोमा समेटेर ल्याइएको यो प्रकाशन त्यसै दिशामा चालिएको एउटा महत्त्वपूर्ण कदम हो। तथ्य र तथ्याङ्कमा आधारित यस्ता अभिलेखहरूले नीति निर्माताहरू र अनुसन्धानकर्तालाई तथ्य खोज्न र आम नागरिकलाई विषयवस्तुमा सुसूचित गर्न ठूलो मद्दत पुऱ्याउनेछन् भन्ने मेरो विश्वास छ।

अन्तमा, यो संस्करण सबैका लागि पठनीय, जानकारीमुलक र संग्रहणीय बन्ने विश्वास व्यक्त गर्दै यो अंक प्रकाशनमा महत्वपुर्ण भूमिका निर्वाह गर्ने कार्यालयका सचिव, सम्पादक मण्डल, कर्मचारीहरु र निजी सचिवालयलाई धन्यवाद दिदै यस्ता विशेषाङ्क प्रकाशनले निरन्तरता पाउँदै जाओस् भन्ने शुभकामना पनि व्यक्त गर्दछु ।

धन्यवाद !

नजिर मियाँ

प्रदेश प्रमुख

फोन नं.:- ०९१-५२४२७३
फ्याक्स नं.:- ०९१-५२४६५
इमेल:- ophsudurpaschim@gmail.com
वेवसाइट:- http://oph.sudurpashchim.gov.np

नेपाल सरकार
प्रदेश प्रमुखको कार्यालय
सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली



मन्तव्य

प्रदेश प्रमुखको कार्यालय सुदूरपश्चिम प्रदेशले सुदूरपश्चिम प्रदेश दर्पणको दोस्रो अंक प्रकाशन गर्न लागेकोमा उक्त कार्यको सफलताको शुभकामना व्यक्त गर्दै पुस्तिका प्रकाशनका क्रममा मार्गदर्शन गर्नुहुने माननीय प्रदेश प्रमुखज्यूमा हार्दिक आभार व्यक्त गर्दै सम्पादन मण्डल, कर्मचारी वर्ग, सचिवालयको टिमलाई समेत हार्दिक धन्यवाद दिन चाहन्छु।

माननीय प्रदेश प्रमुखज्यूको पदवहाली पश्चात माननीय प्रदेश प्रमुखज्यू र प्रदेश प्रमुखको कार्यालयबाट सम्पादित कार्यहरुको बारेमा सर्वसाधारणलाई जानकारी गराउने उदेश्यका साथ विभिन्न गतिविधिहरु संग्रहित यो पुस्तिकामा अङ्कमा सुदूरपश्चिमको विविध तथ्यांकीय झलकका अलावा प्रदेशका महत्त्वपूर्ण धार्मिक, सांस्कृतिक, पर्यटकीय तथा ऐतिहासिक क्षेत्रहरूको परिचय समेत समावेश गरिएको छ। विशेष गरी राष्ट्रिय जनगणना २०७८ को विश्लेषण र आर्थिक तथ्याङ्कहरूले हाम्रो प्रदेशको वर्तमान अवस्थालाई सूक्ष्म रूपमा चित्रण गरिएको छ। यो सामग्री प्रदेश प्रमुखको कार्यालय र सुदूरपश्चिम प्रदेशसँग जानकारी राख्न खोज्ने जुनसुकै अध्येता, नीति निर्माताका साथसाथै यस प्रदेशको भ्रमण गर्ने जो कोहीका लागि एक सहयोगी सन्दर्भ सामाग्री बन्नेमा म विश्वस्त छु । अन्य प्रदेशहरूबाट समय-समयमा प्राप्त हुने जानकारीमूलक बुलेटिनहरूले हामीलाई उताका गतिविधि बुझ्ने मौका मिलिरहेको सन्दर्भमा अब यस प्रदेशको गतिविधिका बारेमा समेत अन्य प्रदेशलाई जानकारी प्रदान गर्ने अवसर यो पुस्तिकाले प्रदान गर्न सक्नेछ भन्नेमा आशावादी छु।

अन्त्यमा, सुदूरपश्चिम प्रदेश प्रमुखको कार्यालय स्थापना भएपश्चात जेठ २०८२ मा प्रकाशित पहिलो अङ्कको निरन्तरता स्वरूप सुदूरपश्चिम प्रदेश दर्पण को दोश्रो अंक प्रकाशनमा सहयोग र समन्वय गर्नुहुनै सबै महानुभावलाई पुनः हार्दिक धन्यवाद दिन चाहान्छु।

धन्यवाद !

प्रेम बहादुर दौल्याल
सचिव

सम्पादकीय.....

नेपालको संविधानले प्रत्याभूत गरेको तीन तहको शासकीय स्वरुप अनुरुप प्रदेश तहमा नेपालको संविधान एवं अन्य प्रचलित कानुन बमोजिम प्रदेश सरकारका काम कारवाहीमा सहयोग एवं सहजीकरणका लागि नेपाल सरकारको प्रतिनिधिको रुपमा प्रत्येक प्रदेशमा एक एक जना प्रदेश प्रमुख रहने संवैधानिक व्यवस्था रहेको छ। नेपाल संघीयतामा प्रवेश गरेसँगै सात वटा प्रदेश स्थापना भएपश्चात शुरुमा सम्वत् २०७४ साल माघ ५ गते प्रदेश प्रमुखको नियुक्ति भएको थियो। तत्कालीन सुरुवाती अवस्थामा कैलाली जिल्लाको धनगढी उत्तरवेहडीस्थित साविक घरेलु तथा साना उद्योग कार्यालयको भवनमा प्रदेश प्रमुखको कार्यालय स्थापना भई हालसम्म पनि यही भवनबाट कार्यालय संचालन हुँदै आएको छ।

माननीय प्रदेश प्रमुख नजिर मियाँ सुदूरपश्चिम प्रदेशको प्रदेश प्रमुखको पदमा बहाली भएपश्चात सम्पादित मुख्य गतिविधिहरु लगायतका विवरण समेटिएको प्रदेश दर्पणको पहिलो अंक यसपूर्व २०८२ जेठमा प्रकाशित भईसकेको छ। उक्त अंकमा समावेश गर्न नसकिएका विषयवस्तुहरुका अलावा २०८३ जेठसम्म कार्यालयबाट सम्पादित गतिविधिहरु समेटिएको प्रदेश दर्पणको दोस्रो अंक स्वरुप यो पुस्तिका प्रकाशन गर्न लागिएको छ। सुदूरपश्चिम प्रदेश प्रमुखको कार्यालय र समग्र सुदूरपश्चिम प्रदेशको बारेमा थप जानकारी प्रदान गर्ने सन्दर्भमा आम नागरिक एवं सरोकारवाला निकायलाई यो पुस्तिकाले सन्दर्भ सामग्रीको रुपमा काम गर्नेछ भन्ने विश्वास हाम्रो रहेको छ।

अन्तमा, सुदूरपश्चिम प्रदेश दर्पण दोस्रो अंक प्रकाशनका लागि उत्प्रेरणा र मार्गदर्शनका लागि माननीय प्रदेश प्रमुखज्यू, श्रीमान सचिवज्यूप्रति हार्दिक आभार व्यक्त गर्दै दर्पणको समग्र तयारीमा प्रत्यक्ष र परोक्ष रूपमा संलग्न यस कार्यालयका कर्मचारीहरू, स्वकीय सचिवालयका कर्मचारीहरू एवम् अन्य शुभेच्छुक महानुभावहरूप्रति आभारी छौं। आगामी दिनमा यी र यस्तै प्रकारका प्रकाशनको कार्यलाई अझ परिष्कृत बनाउन सरोकारवाला पक्षबाट सकारात्मक एवम् रचनात्मक सुझाबको अपेक्षा गर्दछौं।

सम्पादन समूह

विषयसूची

क्र.सं.	विषय	पृष्ठ नं.
१.	माननीय प्रदेश प्रमुख नजिर मियाँज्यूको संक्षिप्त जीवनी	१
२.	सुदूरपश्चिम प्रदेशको संक्षिप्त परिचय	४
३.	मेरो नजरमा सुदूरपश्चिम प्रदेश: एक अनुभूति	१२
४.	प्रदेश प्रमुखको कार्यालयको परिचय	१९
५.	कार्यालयको शाखागत र पदगत कार्यविवरण	२२
६.	प्रदेश प्रमुखको काम, कर्तव्य र अधिकारसँग सम्बन्धित संवैधानिक तथा कानुनी व्यवस्था	३२
७.	माननीय प्रदेश प्रमुखज्यूबाट २०८२ साल जेठदेखि सम्पादित कार्यहरुको विवरण	४६
८.	माननीय प्रदेश प्रमुखज्यूले विभिन्न दिवस तथा अवसरमा दिनुभएको शुभकामना सन्देशहरु	५०
९.	माननीय प्रदेश प्रमुखज्यू सहभागी हुनुभएको विभिन्न कार्यक्रम/गतिविधिहरुको झलक	७५
१०.	कार्यालय स्थापनापश्चात प्रदेश प्रमुखज्यूबाट हालसम्म प्रमाणीकरण भएका विभिन्न विधेयकहरु	१०४
११.	सन्दर्भ सामग्रीहरु	११०
१२.	सुदूरपश्चिम प्रदेशभित्र अवस्थित विभिन्न मुख्य धार्मिक, सांस्कृतिक, पुरातात्विक तथा पर्यटकीय स्थलहरु	१११

प्रदेश प्रमुखको कार्यालय स्थापना भए पश्चात हालसम्मका माननीय प्रदेश प्रमुखज्यूहरुको विवरण



स्व. मोहनराज मल्ल

२०७४/१०/०५ गतेदेखि २०७६/०७/१७ गतेसम्म



शर्मिला कुमारी पन्त

२०७६/०७/१८ देखि २०७८/०१/२०



गंगा प्रसाद यादव

२०७८/०१/२० देखि २०७८/०७/२३ सम्म



देवराज जोशी

२०७८/०७/२३ देखि २०८०/११/२९



नजिर मियाँ

२०८०/११/३० देखि हालसम्म

प्रदेश प्रमुख नजिर मियाँज्यूको संक्षिप्त जीवनी

पारिवारिक पृष्ठभुमिः

वुवा हाजी मरहुम ज्यान मोहम्मद मियाँ र आमा मर्हुम हज्जीन मुसीरन मियाँनीका जेठो सन्तानको रुपमा माननीय प्रदेश प्रमुखज्यूको जन्म मिति २००८ साल माघ १५ गते अर्घाखाँची जिल्लाको साविक पाली-२, अर्भका (हालः- पाणिनी गा.पा. वडा नं. ८) मा भएको थियो। २०२९ सालमा अर्घाखाँचीकै हज्जीन उजेली मियाँसँग वैवाहिक सम्बन्धमा गाँसिनुभएका उहाँका ८ दाजुभाई र ३ जना बहिनी हुनुहुन्छ। उहाँका ६ छोरा र ३ छोरी गरी ९ जना सन्तान हुनुहुन्छ। उहाँले धार्मिक शिक्षा उर्दू अरबीमा लिनुभएको छ।

अति नरम स्वाभाव, मृदुभाषी, सादगी जीवन मन पराउने नजिर मियाँ बामपन्थी राजनीतिको एक विशिष्ट नाम हो। उहाँ मुस्लिम समुदायको विकास र समृद्धिका लागि लागिपरेका एक महान नेता, मुस्लिम जागरण अभियानको एक हस्तीको रुपमा समेत परिचित हुनुहुन्छ। राजनीतिमा लाग्नुअघि उहाँ व्यापार व्यवसायमा आवद्ध हुनुभएको भए पनि २०४८ सालपछि सामाजिक क्षेत्र र राजनीतिमै पूर्ण समय दिईरहनु भएको छ। उहाँ नेपाल सरकार, मन्त्रिपरिषद्को सम्वत् २०८०/११/२८ गतेको बैठकको निर्णय एवम् सिफारिसमा सम्माननीय राष्ट्रपतिज्यूबाट नेपालको संविधानको धारा १६३ को उपधारा (२) बमोजिम सुदूरपश्चिम प्रदेशको प्रदेश प्रमुखमा नियुक्त हुनुभई सम्माननीय राष्ट्रपतिज्यूसमक्ष नेपालको संविधानको धारा १६७ बमोजिम प्रदेश प्रमुख पदको पद तथा गोपनीयताको शपथ ग्रहण गरी यस प्रदेशमा मिति २०८० फागुन ३० देखि कार्यसम्पादन गरिरहनु भएको छ।

राजनैतिक जीवनः

युवा अवस्थादेखि नै राजनीतिमा लाग्नुभएका उहाँ २०३२ सालतिर पन्चायती व्यवस्थाको गाउँ फर्क अभियानको समयमा अर्घाखाँची जिल्लाको पालीमा वडा सदस्य हुनुभएको थियो। राजनीतिसँगै अगाडि बढ्ने क्रममा २०३८ सालको उपप्रधानपन्चको चुनाव र २०४३ सालको प्रधानपन्चको चुनावमा उम्मेदवार बनी झिनो मतान्तरले पराजित हुनुभएका उहाँ २०४६ सालमा वहुदलीय व्यवस्था आएपछि नेकपा (माले) हुँदै नेकपा (एमाले) पार्टीमा रही काम गर्न थाल्नुभएको हो। सोही क्रममा २०४९ साल र २०५४ सालमा एमाले पार्टीबाट अर्घाखाँची जिल्लाको तत्कालीन पाली गा.वि.स. को अध्यक्षको रुपमा दुई कार्यकाल काम गर्नुभएको थियो। उक्त अवधिमा आफ्नो गा.वि.स. को समग्र विकास निर्माण लगायत स्वास्थ्य, शिक्षा क्षेत्रको प्रगति तथा समाज र संस्कृतिको विकासका लागि

ठुलो योगदान गर्नुभएको थियो। २०४९ सालमा प्रथम पटक गा.वि.स. अध्यक्ष हुँदा आफ्नो गा.वि.स. भित्र सडक संजाल विस्तार, विद्यालय र स्वास्थ्य चौकी भवन निर्माण, खानेपानी व्यवस्थापन जस्ता पूर्वाधार विकासका कार्यमा सरिक हुनुभयो।

राजनीति मै आवद्ध रहने क्रममा उहाँ २०६५ सालमा पहिलो संविधान सभामा सदस्यमा मनोनित हुनुभएको थियो। नेपालको वर्तमान संविधान निर्माणको जग बसाल्ने कार्य प्रथम संविधानसभाबाट भएको सन्दर्भमा संविधान सभा सदस्य भएको नाताले उहाँ समेत उक्त कार्यमा प्रत्यक्ष र परोक्ष ढंगले सहभागी हुनुभएको थियो। सो क्रममा संविधानसभातर्फ नागरिक तथा मानव अधिकार समिति र व्यवस्थापिका तर्फबाट अन्तराष्ट्रिय सम्बन्ध समितिमा रही काम गर्नुभएको थियो। साथै संविधानसभामा प्रतिनिधित्व गर्ने १७ जना मुस्लिम सभासदको समन्वय समितिको अध्यक्षको भुमिका समेत निर्वाह गर्नुभएको थियो। त्यसैगरी संविधान सभा सदस्य रहेको अवधिमा आफ्नो क्षेत्रमा टेलिफोन लाइन विस्तार, बिजुलीको हाइटेन्सन लाईन विस्तार गर्नमा महत्वपुर्ण योगदान रह्यो। सोही अवधिमा विभिन्न विद्यालयहरुको स्तरोन्नती, पुरातत्व विभागमा पहल गरी पाली क्षेत्रको सबैभन्दा पुरानो मस्जिदको पुननिर्माणको कार्य सम्पन्न गराउनुभयो।

उहाँले एमाले पार्टीको टोल कमिटी देखि केन्द्रीय कमिटीसम्म विभिन्न जिम्मेवारीमा रही काम गर्नुभएको छ। जनवर्गीय संगठन अखिल नेपाल किसान संघको गाउँ अध्यक्ष पनि रहिसक्नु भएका उहाँ २०६६ देखि २०७८ सम्म अर्घाखाँची जिल्लाको एमाले पार्टी इन्चार्जको जिम्मेवारी कुशलतापुर्व सम्पन्न गर्नुभएको थियो ।

अन्य संघसंस्थासँगको आवद्धताः

संघसंस्था संगको आवद्धताको हकमा उहाँले नेपाल मुस्लिम एकता संगठनको संस्थापक अभियानकर्ता देखि नेपाल मुस्लिम इत्तेहाद संगठनको संरक्षक हुदै सल्लाहकार समितिको सभापतिको जिम्मेवारी सम्हाल्नु भएको छ। उहाँ २०४८ सालदेखि राष्ट्रिय स्तरमा नेपाल मुस्लिम इत्तेहाद संगठन निर्माणका लागि देशदौडाहामा सहभागी हुँदै नेपाल मुस्लिम इत्तेहाद संगठनको केन्द्रिय अध्यक्षको जिम्मेवारीमा रही काम गरिसक्नुभएको छ। गा.वि.स. राष्ट्रिय महासंघको संस्थापक सदस्य समेत भई २०५१ देखि २०७५ सम्म केन्द्रीय स्तरको जिम्मेवारीमा रहेर जिल्ला बाहिर रही काम गर्नुभएको छ। उहाँले सार्क मानव अधिकार फाउन्डेसनको सदस्य, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)को आजीवन सदस्य र कार्यसमिति सदस्य तथा सल्लाहकारको रुपमा काम गर्नुभएको छ। उहाँ हालसम्म ३ पटक

हज समितिको सदस्य, राष्ट्रिय मानव अधिकार मन्च नेपालको अध्यक्ष, एसियन मुस्लिम कमिटीको सदस्य, सार्क मानवअधिकार फाउन्डेसनको दुई कार्यकाल अध्यक्ष र हाल उक्त फाउन्डेसनको सल्लाहकारको रुपमा रहनुभएको छ। यसका साथै इन्सेकको आजीवन सदस्य रही दुई कार्यकाल कार्यसमिति सदस्यको रुपमा काम गरी हाल सल्लाहकारको रुपमा रहनुभएको छ।

वैदेशिक भ्रमण र प्रकाशित कृतिः

सरकारी, संस्थागत आवद्धता र पार्टीको कामको सिलसिलामा केही हिमाली र पहाडी जिल्ला बाहेक प्रायः सबै जिल्लाहरुमा पुग्नुभएको छ। विदेशको हकमा बंगलादेश, भारत, पाकिस्तान, टर्की, साउदी अरेवियाको भ्रमण गर्नुभएको छ। उहाँद्वारा लिखित "संघर्षशील आवाजहरु" नामक एक आत्मवृतान्त कृति पनि प्रकाशित भएको छ।

सुदूरपश्चिम प्रदेशको संक्षिप्त परिचय

पृष्ठभूमिः

नेपालले वर्तमान संविधान जारी भएसँगै संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको संघीय शासन प्रणाली अबलम्वन गर्दै त्यी तहहरुको अन्तर सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने व्यवस्था गरेको छ। देश संघीयतामा गएसँगै स्थापित सात प्रदेशमध्ये साविक सेती र महाकाली अञ्चलका नौ जिल्लालाई समेटी यस सुदूरपश्चिम प्रदेशको स्थापना भएको हो। प्रदेश सभाको २०७५ असोज १२ को निर्णयबाट यस प्रदेशको स्थायी राजधानी कैलालीको गोदावरी नगरपालिकामा तोकिएको भए पनि हाल अस्थायी राजधानी कैलाली जिल्लाको धनगढीमा रहेको छ।

यो प्रदेश भौगोलिक, प्राकृतिक, सामाजिक तथा साँस्कृतिक विविधताले भरिपुर्ण हुनुका साथै आर्थिक विकास र समृद्धिको सम्भावना बोकेको प्रदेशको रुपमा रहेको छ। चीन र भारतजस्ता उदयीमान अर्थतन्त्र भएका दुई छिमेकी देशसँगको सामिप्यता र भौगोलिक अवस्थितिबाट यस प्रदेशले पर्याप्त लाभ लिन सक्ने देखिन्छ।

प्रदेशको भौगोलिक अवस्थाः

साबिकका महाकाली अञ्चलका चार जिल्ला कन्चनपुर, बैतडी, दार्चुला र सेती अञ्चलका पाँच जिल्ला कैलाली, बझाङ्ग, बाजुरा, डोटी, अछाम गरी जम्मा नौ वटा जिल्लाको भुगोल समेटी यो प्रदेशको स्थापना भएको हो। यस प्रदेशमा रहेका नौ जिल्लामध्ये तीन जिल्लाहरू दार्चुला, बझाङ्ग र बाजुरा हिमाली क्षेत्रमा, चार जिल्लाहरू अछाम, डोटी, बैतडी र डडेलधुरा पहाडी क्षेत्रमा तथा दुई जिल्लाहरू कैलाली र कञ्चनपुर तराई क्षेत्रमा पर्दछन्। क्षेत्रफलका हिसावले बझाङ्ग (३,४२२ वर्ग कि. मि.) प्रदेशको सबै भन्दा ठूलो जिल्ला हो भने बैतडी (१,४८२ वर्ग कि. मि.) सबै भन्दा सानो जिल्ला हो। सबै प्रकारको हावापानी भएको यो प्रदेशमा समुद्र सतहबाट १०९ मिटरदेखि ७,१३२ मिटरसम्मको उचाई भएको भू-भाग समेटिएको छ। यस प्रदेशको पूर्वमा कर्णाली प्रदेशका सुर्खेत, दैलेख, कालीकोट र मुगु जिल्ला तथा लुम्विनी प्रदेशको बर्दिया जिल्ला त्यस्तै पश्चिम र दक्षिणमा भारत र उत्तरमा कर्णाली प्रदेशको हुम्ला जिल्ला तथा मित्र राष्ट्र चीनको तिव्बत रहेको छ। यो प्रदेशको भौगोलिक अवस्थिति २८° २२" उत्तरी अक्षांशदेखि ३०° ०९" उत्तरी अक्षांश र ८०° ०३" पूर्वी देशान्तरदेखि ८१° २५" पूर्वी देशान्तरसम्म रहेको छ।

पछिल्लो तथ्यांक अनुसार नेपालको कुल क्षेत्रफल १,४७,६४१.२८ वर्ग कि.मि. मध्ये यो प्रदेशले जम्मा १९,९९९.२८ वर्ग कि.मि. क्षेत्रफल ओगटेको छ। जुन नेपालको कुल भूभागको १३.५५ प्रतिशत हुन आउँछ। क्षेत्रफलका हिसावले यो प्रदेश नेपालको पाँचौ ठूलो प्रदेश हो। प्रदेशको कुल क्षेत्रफल मध्ये हिमाली क्षेत्रमा सबै भन्दा बढी जम्मा ८,३९२.२८ वर्ग कि.मि. (४१.९६%), पहाडी क्षेत्रमा ६,७५० वर्ग कि.मि. (३३.७५%) र तराई क्षेत्रमा ४,८५७ वर्ग कि.मि. (२४.२९

%) भूभाग पर्दछ। जलवायुको अवस्था हेर्दा यस प्रदेशको अधिकतम तापक्रम ४५ डिग्री सेल्सियस, न्युनतम तापक्रम माइनस ० डिग्री सेल्सियस र औषत वर्षा १८०० मि.मि. रहेको पाइन्छ।(श्रोत-सुदूरपश्चिम प्रदेशको वस्तुस्थिति विवरण, २०८१)

प्रदेशको राजनीतिक तथा प्रशासनिक विभाजनः

यस प्रदेशमा १६ वटा प्रतिनिधि सभा निर्वाचन र ३२ प्रदेश सभा निर्वाचन क्षेत्र रहेका छन्। स्थानीय तहका रुपमा १ उप-महानगरपालिका, ३३ नगरपालिका र ५४ गाउँपालिका गरी जम्मा ८८ वटा स्थानीय तह र कुल वडा संख्या ७३४ रहेको छ।

सुदूरपश्चिम प्रदेशका जिल्लागत स्थानीय तहहरुको विवरण तालिका

क्र. स.	जिल्ला	स्थानीय तहको सख्या				निर्वाचन क्षेत्र	
		उपमहा नगरपालिका	नगरपालिका	गाउँपालिका	जम्मा वडा	प्रतिनिधि सभा	प्रदेश सभा
१	कैलाली	१	६	६	१२६	५	१०
२	कञ्चनपुर		७	२	९२	३	६
३	बझाङ्ग		२	१०	९४	१	२
४	अछाम		४	६	९१	२	४
५	बैतडी		४	६	८४	१	२
६	बाजुरा		४	५	६९	१	२
७	डोटी		२	७	६५	१	२
८	दार्चुला		२	७	६१	१	२
९	डडेल्धुरा		२	५	५२	१	२
जम्मा		१	३३	५४	७३४	१६	३२

प्रदेशको जनसांख्यिक विवरण लगायत अन्य तथ्यांकीय झलकः

राष्ट्रिय जनगणना २०७८ को जनगणना अनुसार यस प्रदेशको कूल जनसंख्या २६,९४,७८३ रहेको छ जुन कुल जनसंख्या २,९१,६४,५७८ को ९.२४ % हुन आउँछ।जसमध्ये महिलाको संख्या १४,२१,९९७ (५२.७७ प्रतिशत) र पुरुषको संख्या १२,७२,७८६ (४७.२३ प्रतिशत) रहेको छ।लैङ्गिक अनुपात (Sex Ratio) अर्थात् प्रति १०० जना महिलामा पुरुषको संख्या ८९.५१ रहेको छ ।

सुदूरपश्चिम प्रदेशको वार्षिक जनसंख्या वृद्धिदर ०.५२ % रहेको छ। यस प्रदेशको प्रति वर्ग कि.मि भित्रको जनघनत्व १३८, घर परिवार संख्या ५,७७,१०२, परिवारको औषत आकार ४.६७

प्रति परिवार रहेको छ। सुदूरपश्चिम प्रदेशमा सबैभन्दा बढी वार्षिक औसत जनसंख्या वृद्धिदर भएको जिल्ला कैलाली (१.४८ प्रतिशत) र सबैभन्दा कम वार्षिक औसत जनसंख्या वृद्धिदर भएको जिल्ला अछाम (-१.१३ प्रतिशत) रहेका छन्। यस प्रदेशको शाक्षरता दर ७६.२ प्रतिशत रहेको छ। जसमा ८५.४ प्रतिशत पुरुष र ६८.२ प्रतिशत महिला साक्षर छन्। यस प्रदेशको मानव विकास सूचकाङ्क ०.५७४ रहेको छ। राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार नेपालको कुल जनसंख्यामध्ये अन्य लिङ्गी (लैङ्गिक तथा यौनिक अल्पसंख्यक) को जनसंख्या २,९२८ देखिएको छ। जुन कुल जनसंख्याको ०.०१ प्रतिशत हुन्छ। कुल अन्य लिङ्गी मध्ये सुदूरपश्चिम प्रदेशमा ६.८ प्रतिशत रहेको छ। सुदूरपश्चिममा जनसंख्याको दृष्टिले सबैभन्दा ठुलो जिल्ला कैलाली हो भने सबैभन्दा सानो जिल्ला दार्चुला हो। जनसंख्याको हिसावले यो प्रदेश देशको पाँचौं ठूलो प्रदेशको रुपमा रहेको छ।

नेपाल र सुदूरपश्चिम प्रदेशका विभिन्न सूचकहरूको तुलनात्मक अवस्था

जनसांख्यिक सूचकहरू	नेपाल	सुदूरपश्चिम	जनसांख्यिक सूचकहरू	नेपाल	सुदूरपश्चिम
जम्मा जनसंख्या	२९१६४५७८	२६९४७८३	**शौचालयको सुविधा प्रयोग गर्ने परिवार (%)**	९५.५	९५.६
पुरुष (%)	४८.८७	४७.२३	परिवारमा महिला को नाममा घर वा जग्गा वा दुवै रहेको परिवार (%)	२३.८	११.८
महिला	१४९११०२७	१४२१९९७	परिवारमा अनुपस्थित (अवसर विदेशमा बस्ने) व्यक्ति	२१९०५९२	३४३५२३
महिला (%)	५१.१३	५२.७७	महिला परिवारमूली (%)	३१.५५	३४.३९
लैङ्गिक अनुपात प्रति १०० जना महिलामा पुरुषको संख्या	९५.५९	८९.५१	**बैवाहिक अवस्था (१० वर्ष वा सो भन्दा बढी उमेरका)**		
अन्य लिङ्गीको जनसंख्या	२९२८	१९८	अविवाहित जनसंख्या (%)	३३.१	३४.७
वार्षिक जनसंख्या वृद्धिदर	०.९२	०.५२	विवाहित जनसंख्या (%)	६१.८	६०.१
सबैभन्दा बढी वार्षिक जनसंख्या वृद्धिदर भएको जिल्ला (%)	भक्तपुर (३.३५)	कैलाली (१.४८)	विधुर/विधवा (%)	४.५	४.९
सबैभन्दा कम वार्षिक जनसंख्या कम वृद्धिदर भएको जिल्ला (%)	रामेछाप (-१.६७)	अछाम (-१.१३)	पहिलो विवाह गतको उमेर औसत वर्ष (Median Age)	१९	१९
जनघनत्व (प्रति वर्ग कि.मी. जनसंख्या)	१९८	१३८	**अपाङ्गताको जनसंख्या (%)**		
कुल परिवार संख्या संस्थागत समेत	६६६६९३७	५७७१०२	जम्मा (%)	२.२	२.६

जनसांख्यिक सूचकहरू	नेपाल	सुदूरपश्चिम
परिवारको औसत आकार (%)	४.३७	४.६७
परिवारमा औसत आकार सबैभन्दा बढी भएको जिल्ला (%)	रौतहट (५.९४)	बझाङ (४.९७)
परिवारमा औसत आकार सबैभन्दा कम भएको जिल्ला (%)	दोलखा र गोरखा (३.४९)	डँडेल्धुरा (४.४८)
नगरपालिकाको कुल जनसंख्या (%)	६६.१७	६२.४
गाउँपालिकाको कुल जनसंख्या (%)	३३.८३	३७.६
घर वा आवासीय एकाइको आफ्नै स्वामित्व (%)	८६	९४.८
खानेपानीको मुख्य स्रोत (अवसर धारा/पाइप प्रयोग गर्ने परिवार) (%)	५७	५३.३
खाना पकाउन अवसर काठ/दाउरा प्रयोग गर्ने परिवार (%)	५१	७०.३
बत्ती बाल्न अवसर विजुली प्रयोग गर्ने परिवार (%)	९२.२	८१.३

जनसांख्यिक सूचकहरू	नेपाल	सुदूरपश्चिम
पुरुष (%)	२.५	२.९
महिला (%)	२.०	२.३
साक्षरता दर (५ वर्ष वा सो भन्दा माथि)		
जम्मा (%)	७६.२	७६.२
पुरुष (%)	८३.६	८५.४
महिला (%)	६९.४	६८.२
आर्थिक काम गरेको अवधि		
६ महिना वा सो भन्दा बढी आर्थिक काम गरेका (%)	४१	३९
३—६ महिना आर्थिक काम गरेका (%)	११.४	१५.२
३ महिना भन्दा कम आर्थिक काम गरेका (%)	१०.१	१३.६
कुनै पनि आर्थिक काम नगरेका (%)	३७.५	३२.२
आर्थिक कामको औद्योगिक क्षेत्र अनुसार कृषि, वन र माछापालन क्षेत्रमा संलग्न जनसंख्या (%)	५७.३	७०
आर्थिक काम नगर्नुको कारण (विद्यार्थी) (%)	४६.९	५८
बालबालिकाको जन्मदर्ता सम्बन्धी अवस्था (%)	७४	८३.३

स्रोतःNPHC, २०२१

भौगोलिक क्षेत्र अनुसार परिवार संख्या र जनसंख्या, २०७८

जिल्ला	जम्मा परिवार संख्या	जनसंख्या (जम्मा)	पुरुष	महिला	परिवारको औसत आकार	लैङ्गिक अनुपात	जनघनत्व	जनसंख्या २०६८
बाजुरा	२८०६५	१३८५२३	६७०७०	७१४५३	४.९४	९३.८७	६३	१३४९१२
बझाङ	३८०४८	१८९०८५	८८४७०	१००६१५	४.९७	८७.९३	५५	१९५१५९
दार्चुला	२८४१७	१३३३१०	६४४२४	६८८८६	४.६९	९३.५२	५७	१३३२७४
बैतडी	४९४२८	२४२१५७	११३८६४	१२८२९३	४.९	८८.७५	१५९	२५०८९८
डोटी	४५१८२	२०४८३१	९३६०४	१११२२७	४.५३	८४.१६	१०१	२११७४६
डडेल्धुरा	३११९३	१३९६०२	६५८९३	७३७०९	४.४८	८९.४	९१	१४२०९४
अछाम	४५४५५	२७५२८२	१०५३१९	१२३५३३	४.६१	८५.२६	१३६	२५७४७७
कैलाली	१९५९५७	९०४६६६	४३३४५६	४७१२१०	४.६२	९१.९९	२८०	७७५७०९
कञ्चनपुर	१११२१७	५१३७५७	२४०६८६	२७३०७१	४.६२	८८.१४	३१९	४५१२४८
नेपाल	६६६६९३३	२९१६४५७८	१४२५३५५१	१४९११०२७	४.३७	९५.५९	१९८	२६४९४५०४
सुदूरपश्चिम प्रदेश	५७७१०२	२६८४७८३	१२७२७८६	१४२१९९७	४.६७	८९.५१	१३८	२५५२५१७

स्रोतः NPHC, २०२१

सुदूरपश्चिम प्रदेशको जिल्लागत मानव विकास सूचकाङ्क (२०२५)

क्र.सं.	जिल्ला	मानव विकास सूचकाङ्क (HDI)	विकासको श्रेणी
१	कैलाली	०.६३९	मध्यम
२	कञ्चनपुर	०.६३५	मध्यम
३	डडेल्धुरा	०.५९८	मध्यम
४	डोटी	०.५६९	मध्यम
५	बैतडी	०.५६२	मध्यम
६	दार्चुला	०.५५९	मध्यम
७	अछाम	०.५४४	न्यून-मध्यम
८	बझाङ	०.५३६	न्यून-मध्यम
९	बाजुरा	०.५१८	न्यून-मध्यम
	सुदूरपश्चिम प्रदेश	०.६०१	मध्यम
	राष्ट्रिय तह	०.६२२	मध्यम
	स्रोतः NLSS-IV, २०२६; नेपाल राष्ट्र बैंक, २०२६, NPHC, २०२६		

सुदूरपश्चिम प्रदेशको जिल्लागत गरिबीको दर

जिल्ला	क्षेत्रफल (बर्ग कि. मि र % मा)	गरिबीको दर (Headcount Rate %)	गरिब जनसंख्याको संख्या
अछाम	१६९२ (८.४६%)	४९.५८%	११२९०२
बैतडी	१४८२ (७.४१%)	४८.६५%	११७४६३
बाजुरा	२१८८ (१०.९४%)	४७.८१%	६५८४७
डोटी	२०८१ (१०.४०%)	४२.८१%	८६३७६
बझाङ	३४२२ (१७.११%)	३८.८३%	७३२८९
डडेलधुरा	१४९५ (७.४८%)	३३.२६%	४६०८३
दार्चुला	२७८२.२८ (१३.९१%)	३०.३४%	४०१११
कैलाली	३२४७ (१६.२३%)	२८.२३%	२५३९२८
कञ्चनपुर	१६१० (८.०५%)	२४.५२%	१२५२८०
प्रदेश औसत	१९५३९ (१३.२२%)	३४.१६%	
स्रोतः प्रदेश निति तथा योजना आयोग, २०७८; NLSS, 2026; NHPC, 2021			

सुदूरपश्चिम प्रदेशको जिल्लागत प्रमुख आर्थिक क्रियाकलापमा संलग्नता

जिल्ला	कृषि, वन र माछापालन	थोक तथा खुद्रा व्यापार	निर्माण	अन्य क्षेत्रहरू
अछाम	८३.५०%	५.२०%	२.२०%	९.१०%
बाजुरा	७९.५०%	७.४०%	२.६०%	१०.५०%
बझाङ	७९.२०%	६.८०%	३.७०%	१०.३०%
डोटी	७७.९०%	७.२०%	२.९०%	१२.००%
बैतडी	७७.८०%	६.३०%	५.२०%	१०.७०%
डडेलधुरा	७३.६०%	८.००%	४.५०%	१३.९०%
दार्चुला	७१.७०%	९.००%	५.५०%	१३.८०%
कञ्चनपुर	७१.२०%	८.३०%	६.८०%	१३.७०%
कैलाली	५७.००%	१२.४०%	११.७०%	१८.९०%
प्रदेश औसत	**७०.००%**	**८.९०%**	**६.९०%**	**१४.२०%**
स्रोतः NPHC, २०२१				

धार्मिक, सांस्कृतिक सम्पदा तथा प्राकृतिक श्रोतसाधनः

हिमाल, पहाड र तराई तीनवटै भौगोलिक क्षेत्रको समिश्रण रहेको सुदूरपश्चिम प्रदेश धार्मिक, सांस्कृतिक तथा पर्यावरणीय दृष्टिकोणबाट धनी प्रदेशको रुपमा रहेको छ। यो प्रदेशमा धातुजन्य

खनिजका रुपमा तामा, फलाम, सिसा र अधातुजन्य खनिजतर्फ चुनढुंगा, पत्थर, कोइला, अभ्रख, म्याग्नेसाइट स्लेटको सम्भावना रहेको छ। निर्माण सामाग्री तर्फ बालुवा, गिट्टी, ढुंगा पर्याप्त मात्रामा उपलब्ध छ।

जलविद्युत उत्पादनको ठुलो सम्भावना बोकेको यस प्रदेशमा महाकाली, सेती, र कर्णाली जस्ता ठूला नदीहरू तथा विभिन्न तालतलैयाहरू मुख्य जलस्रोतका भण्डार हुन्। प्रदेशको ठुलो भूभाग वन क्षेत्रले ढाकेको छ, जसबाट जडिबुटी, काठ र अन्य वन पैदावारहरू प्राप्त हुन्छन्। हिमाली तथा पहाडी जिल्लाहरूमा यार्सागुम्बा, पाँचऔंले जस्ता बहुमूल्य जडिबुटीहरू पाइन्छन्।

सुदूरपश्चिम प्रदेशका प्रमुख पर्यटकीय गन्तव्यहरू

जिल्ला	धार्मिक सांस्कृतिक तथा ऐतिहासिक स्थलहरू (दरबार, मन्दिर आदि)	पर्यटकीय पर्यावरणीय र प्राकृतिक स्थलहरू (ताल, नदी, निकुञ्ज, हिमाल)	साहसिक पर्यटन तथा स्थानीय विशेषता
कैलाली	बेहडाबाबा, शिवपुरी धाम, गोदावरीधाम, वनदेवी मन्दिर, शिवपुरीधाम, नैनादेवी मन्दिर, गर्भा दरबार (पुरानो ऐतिहासिक सम्पदा)	घोडाघोडी ताल क्षेत्र, कोइलिया ताल, जोखर ताल, टीकापुर पार्क, चिसापानी, सेती नदी र कर्णाली नदी।	कर्णाली र सेतीमा च्याफ्टिङ, भादा होमस्टे, थारु परिकार
कञ्चनपुर	सिद्धनाथ मन्दिर, ब्रम्हदेवधाम, भम्केनीधाम, बैजनाथ मन्दिर, सिद्धबाबा मन्दिर	झिलमिला ताल, बेदकोट ताल, शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज, रानीताल, महाकाली नदी, दोधारा चाँदनी झोलुंगे पुल, बन्दा ताल, प्यारा ताल	शुक्लाफाँटामा वन्यजन्तु सफारी, महाकाली झोलुङ्गे पुल, रिभरफ्रन्ट विकास
डोटी	शैलेश्वरी मन्दिर, सहश्रलिङ्ग, बडिकेदारधाम, बिरवेताल मन्दिर, लानाकेदारेश्वर, डोटी दरबार (मल्लकालीन दरबार/सिलगढी)।	खप्तड क्षेत्र, बतासे झरना, सिद्धगुफा, त्रिवेणीधाम, सेती नदी	खप्तड पदयात्रा, प्याराग्लाइडिङ (सम्भावित), खप्तड-बडिमालिका ट्रेल
अछाम	वैद्यनाथ धाम, मंगलसेन दरबार (ऐतिहासिक प्रशासनिक केन्द्र), विमकोट दरवार, पञ्चदेवल विनायक, बर्दिदेवी मन्दिर, सिद्धेश्वरनाथ मन्दिर, जिमाद्रीधाम, त्रिपुरादेवी मन्दिर	रामारोशन ताल क्षेत्र (बाह्र बण्ड अठार खण्ड), सेती र बुढीगंगा नदी ।	रामारोशन क्षेत्रमा पदयात्रा र दृश्यावलोकन
डडेलधुरा	परशुरामधाम, अमरगढी किल्ला, असिग्राम मन्दिर,	मालाँश हिल स्टेशन, आलिताल, महाभारत लेक।	हिमाल अवलोकन (अपि-साइपाल),

जिल्ला	धार्मिक सांस्कृतिक तथा ऐतिहासिक स्थलहरू (दरबार, मन्दिर आदि)	पर्यटकीय पर्यावरणीय र प्राकृतिक स्थलहरू (ताल, नदी, निकुञ्ज, हिमाल)	साहसिक पर्यटन तथा स्थानीय विशेषता
	अजयेमेरुकोट, उग्रतारा मन्दिर, भागेश्वरधाम, घण्टेश्वर, घटालबाबा मन्दिर, अजयेमेरुकोट		महाभारत पर्वत श्रृङ्खलाको पदयात्रा
बाजुरा	बडिमालिका मन्दिर, नाटेश्वरी, थुलगाढा मन्दिर, खप्तड दह, बुढीनन्दा मन्दिर	खप्तड राष्ट्रिय निकुञ्ज, छेडेदह ताल, त्रिवेणी क्षेत्र, बुढीनन्दा ताल, कर्णाली नदी ।	बडिमालिका पदयात्रा (धार्मिक र प्राकृतिक सुन्दरता)
बझाङ	हात्तिसार दरवार, जयपृथ्वीनगर क्षेत्र, तलकोट दरवार, सुमदिवी मन्दिर, बडुीज्यावनधाम, तपोवन, ऋषिकुण्ड, जल्पादेवी	साइपाल हिमाल, सुर्मासरोवर ताल, खप्तड क्षेत्र, तातोपानी कुण्ड सेती नदी (माथिल्लो तटीय क्षेत्र) ।	साइपाल हिमाल आरोहण, खप्तड पदयात्रा
बैतडी	त्रिपुरासुन्दरी मन्दिर, निङ्लाशैनी भगवती मन्दिर, ग्वालेककेदार, त्रिपुरासुन्दरी, देहीमाण्डौं मन्दिर, पञ्चदेवल मन्दिर, पाताल भुमेश्वर मन्दिर, निङ्गलासैनी मन्दिर, जगन्नाथधाम मन्दिर, ईश्वरीगंगाधाम, रौलाकेदार, महारुद्र, मेलौली भगवती मन्दिर, डिलासैनी मन्दिर, शहिद दशरथचन्दको जन्मघर,	पाटन क्षेत्र, खोड्पे क्षेत्र, झुलाघाट (महाकाली किनार) ।	सीमावर्ती पर्यटन, पहाडी दृश्यावलोकन
दार्चुला	मालिकार्जुन मन्दिर, गोकुलेश्वर मन्दिर, लटीनाथ, हुनैनाथ	अपि हिमाल, अपि नाम्पा संरक्षण क्षेत्र, व्याँस हिमाल, तिङ्कर क्षेत्र, महाकाली नदी।	अपि बेसक्याम्प पदयात्रा, कठिन भूगोलमा साहसिक यात्रा

स्रोतः ADB, 2024; Ministry of Economic Affairs, 2025; Sudurpaschim Policy and Planning Commission, 2026

मेरो नजरमा सुदूरपश्चिम प्रदेश: एक अनुभूति

लेखक माननीय प्रदेश प्रमुख नजिर मियाँ

"तपाईं सोझो मान्छे, अलि अफ्ठ्यारो ठाउँमा जाँदै हुनुहुन्छ, सुझबुझका साथ काम गर्नुहोला।" २०८० फागुन २८ गते काठमाडौंमा राष्ट्रपतिबाट प्रदेश प्रमुखको शपथ लिएर सुदूरपश्चिमको जिम्मेवारी सम्हाले लगत्तै मेरा केही शुभचिन्तकहरूले दिएको यो सुझाव अहिले पनि मलाई सम्झना भइरहन्छ।

किन सुदूरपश्चिमलाई अफ्ठ्यारो ठाउँ भनिएको होला? सुझबुझका साथ काम गर्नुहोला भन्नुको अन्तर्य के होला? केही समय यो विषयले मलाई पिरोल्यो। तर संविधानले दिएको अधिकार र परिभाषित जिम्मेवारीका कारण म त्यति धेरै चिन्तित भने भइनँ। संविधान र कानुनको पालना गर्दै, सरकार र सांसदहरूसँग सहकार्य गर्दै, सबैको सल्लाह र सुझाव अनुसार काम गरेपछि सबै राम्रो हुन्छ भन्ने विश्वास थियो। न पक्ष, न विपक्षसधैं निष्पक्ष भई संविधानले तोकेका जिम्मेवारीलाई मूल मन्त्र बनाएर आत्मविश्वासका साथ अघि बढे सबैको साथ पाइन्छ भन्नेमा म विश्वस्त थिएँ। त्यही अनुसार काम गर्ने प्रण गरेर म काठमाडौंबाट कैलाली प्रस्थान गरेँ।

म सुदूरपश्चिम आउनु भन्दा पहिले यहाँको सरकार अस्थिरतामा जकडिएको रहेछ। एमाले संसदीय दलका नेता राजेन्द्र सिंह रावल संविधानको धारा १६८ को उपधारा (२) बमोजिम प्रदेश प्रमुख देबराज जोशीबाट मुख्यमन्त्रीमा नियुक्त भए पनि ३० दिनभित्र विश्वासको मत पाउन नसकेको अवस्थामा तत्कालीन प्रदेश प्रमुख देवराज जोशीले धारा १६८ को उपधारा (३) बमोजिम सबैभन्दा ठूलो दलको हैसियतले नेपाली कांग्रेस संसदीय दलका नेता कमल बहादुर शाहलाई मुख्यमन्त्री नियुक्त गर्नुभएको रहेछ । यसैबीचमा प्रदेश प्रमुखबाट देबराज जोशीलाई फिर्ता बोलाएर तत्कालीन सरकारले मलाई त्यसको जिम्मेवारी प्रदान गरेको थियो। यता प्रदेश सकारमा पनि मुख्यमन्त्रीले विश्वासको मत पाउने बलियो आधार नभएकाले सरकार अस्थिर थियो। यद्यपि दलहरूबीच तीव्र छलफल र बहस भने भइरहेका थिए।

"माननीयज्यू, अहिले उपधारा (३) को सरकार भए पनि अब उपधारा (२) अनुसार नयाँ सरकार गठनका लागि आह्वान गरिदिनुपर्यो।" मैले २०८० चैत्र २ गते प्रदेश प्रमुखको पद सम्हालेदेखि नै सांसदहरू यस विषयमा भन्न आउन थाल्नुभयो।

उपधारा (३) बाट बनेको सरकारले विश्वासको मत नपाए के हुन्छ भन्नेबारे म कानुनविद्हरूसँग परामर्श गरिरहेको थिएँ। तर सबै दलहरूले उपधारा (२) अनुसार सरकार गठनको आह्वान गर्न आग्रह गरिरहेका थिए। नेपाली कांग्रेसले नै मुख्यमन्त्रीबाट राजीनामा दिने र विश्वासको मतका लागि संसद फेस नगर्ने निर्णय गरेपछि मैले थप परामर्श गरेँ। "उपधारा (३) बाट बनेको सरकार भए पनि उपधारा (२) अनुसार सरकार गठनका लागि आह्वान गर्न सक्नुहुन्छ," संविधानविद्हरूले सुझाव दिनुभयो। त्यसपछि मैले पनि सबैको माग अनुसार अघि बढ्ने निर्णय गरेँ।

२०८० चैत्र २२ गते मुख्यमन्त्री कमल बहादुर शाहले राजीनामा दिनुभयो। सोही दिन धारा १६८ को उपधारा (२) बमोजिम दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत पुर्‍याएर २०८१।१।२ गते साँझ ५ बजेसम्म मुख्यमन्त्रीका लागि दाबी पेश गर्न आह्वान गरियो। निर्धारित समयभित्र नेपाली कांग्रेस, नागरिक उन्मुक्ति पार्टी, नेकपा एकीकृत समाजवादी र राप्रपाको समर्थन छ भनी नागरिक उन्मुक्ति पार्टीका सांसद लक्ष्मण चौधरीले लिखित दाबी पेश गर्नुभयो। अर्कोतर्फ, नागरिक उन्मुक्ति पार्टीकै सांसद कैलाश चौधरीको नेतृत्वमा नागरिक उन्मुक्ति पार्टी, नेकपा एमाले, माओवादी केन्द्र र स्वतन्त्र सांसदहरूको समर्थन छ भनि लिखित दाबी पेश भयो। एउटै पार्टीका दुई सांसदले मुख्यमन्त्रीमा दाबी पेश गर्नु र दुवै दाबीमा एउटै दलका सांसदहरूको समर्थन देखिनुले तत्काल निर्णय लिन कठिन अवस्था सिर्जना भयो। मैले दुवै पक्षसँग छलफल गरेर २०८१।१।४ गते साँझ ५ बजेसम्म अध्ययनका लागि समय लिएँ। यसैबीच २०८१ वैशाख ३ गते नेकपा एकीकृत समाजवादीका संसदीय दलका नेता दीर्घ बहादुर सोडारीले लक्ष्मण चौधरीलाई दिएको समर्थन फिर्ता लिनुभयो। त्यसपछि लक्ष्मण चौधरीको दाबी स्वतः अल्पमतमा पर्‍यो।

मैले पुनः २०८१।०१।०६ गते साँझ ५ बजेसम्म धारा १६८ (२) बमोजिम दाबी पेश गर्न आह्वान गरेँ। उक्त मितिमा दीर्घ बहादुर सोडारीले नेकपा एमाले, माओवादी, केही नागरिक उन्मुक्ति र स्वतन्त्र सांसदहरूको समर्थनमा दाबी पेश गर्नुभयो। "आजै शपथ गराइदिनुपर्‍यो," उहाँहरूले आग्रह गर्नुभयो। त्यही दिन ४:४५ बजे मुख्यमन्त्री कमल बहादुर शाहसहित केही सांसदहरूले आफ्नो दाबीमा ध्यान नदिएको गुनासो गर्नुभयो। अदालत जानेसम्मका कुरा पनि उठेका थिए।

"हामीलाई तपाईंसँग गुनासो छैन, सिफारिस भएका मुख्यमन्त्रीप्रति असहमति हो," उहाँहरूले भन्नुभयो। अन्ततः ६ गते साँझ ५ बजेपछि दीर्घ बहादुर सोडारीलाई मुख्यमन्त्री नियुक्त गरी शपथ गराइयो। धेरै विवादका बीच पनि कानुनी आधारमा लिएका निर्णयहरूले प्रदेशको गरिमा जोगिएको मैले महसुस गरेको छु। नेकपा एमालेले असार २० गते सरकारबाट समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री सोडारीले साउन १८ गते संसदमार्फत पदबाट राजीनामा दिनुभयो ।त्यसपछि एमाले र कांग्रेसको संयुक्त सरकार गठन भयो र कमल बहादुर शाह पुनः मुख्यमन्त्री नियुक्त हुनुभयो। उहाँ अहिले पनि प्रदेश विकासमा सक्रिय हुनुहुन्छ।

सुन्दर सुदूरपश्चिम

सुदूरपश्चिम प्रदेशमा मेरो कार्यकाल २ वर्ष पूरा भइसकेको छ। यो बीचमा कुनै पनि विवाद र समस्या ल्याउने काम मैले गरेको जस्तो मलाई लाग्दैन। निस्वार्थ भावनाले संविधानको मूल मर्मलाई स्मरण गर्दै सकारात्मक सोच–विचारका साथ काम गर्दा सबैको साथ र समर्थन रहँदो रहेछ भन्ने मेरो निष्कर्ष हो। आज मलाई आफैंले शपथ लिँदाको बखत मेरा केही शुभचिन्तकहरूले भन्नुभएको कुरा स्मरण भइरहेको छ। किन उहाँहरूले सुदूरपश्चिम बुझ्न सक्नुभएन ? यस्तो माया,

स्नेह, सम्मान र संस्कारले भरिएको क्षेत्रलाई उहाँहरूले अनर्गल प्रचार गर्नुभयो। "तपाईंहरूले सोचेको, सम्झेको जस्तो र मलाई भनिएको जस्तो छैन सुदूरपश्चिम। त्योभन्दा धेरै भिन्न छ सुदूरपश्चिम। यो प्रदेशको जिम्मा पाउनु मेरो लागि सौभाग्य हो।" हिजो मलाई "यो प्रदेशमा अलि विचार गरेर काम गर्नुहोला" भन्ने मित्रहरूलाई आज म यही भन्न चाहन्छु। सुदूरपश्चिम प्रदेशको राजनीतिक, सामाजिक, आर्थिक र शैक्षिक भूगोललाई नजिकबाट हेर्ने र बुझ्ने मौका पाएँ। यस्तो महत्वपूर्ण स्थानको बारेमा मैले मात्र बुझेर हुँदैन, सबै नेपालीहरूले बुझ्नुपर्छ भन्ने मलाई लागिरहेको छ।

भूमि, जल, जंगल, जमिन, तराई, पहाड, हिमाल, धर्म, संस्कृति र अनाज/अन्नको भण्डार सबै कुरा मिलेको प्रदेश सुदूरपश्चिम नै होला। पहिले मैले यस्तो संस्कृति र सम्पदा काठमाडौंका नेवार समुदायमा देखेको थिएँ, अहिले त्यही अनुभूति सुदूरपश्चिम प्रदेशमा गर्न पाएँ। काठमाडौंको नेवार संस्कृति राजधानीमा केन्द्रित भएकाले सिंगो नेपालको ध्यान आकर्षित भयो, तर सुदूरपश्चिम र कर्णालीको संस्कृति विकासँगै ओझेलमा परेको जस्तो लाग्यो। सुदूरपश्चिम प्रदेशको धार्मिक, सामाजिक र सांस्कृतिक सहिष्णुता अन्य प्रदेशभन्दा निकै उत्कृष्ट लाग्यो। यहाँ अरू ठाउँको तुलनामा अलि बढी जातीय विभेद मैले देखें। तर जानकारहरूका अनुसार त्यो पनि तीव्र गतिमा हटिरहेको छ। अब त्यो विभेद पूर्ण रूपमा अन्त्य भएमा सुदूरपश्चिममा सुनमा सुगन्ध थपिन्छ भन्नेमा म पूर्ण विश्वस्त छु।

प्रज्ञा प्रतिष्ठानमार्फत प्रदेशको भाषा, साहित्य र संस्कृति संरक्षणमा पनि थुप्रै काम भएका छन्। २०५१ असार २९ गते सुदूरपश्चिम साहित्य समाजको स्थापना गरिएको थियो, जसले यहाँको साहित्यलाई राष्ट्रियस्तरमा मात्र नभई अन्तर्राष्ट्रिय स्तरमा पुर्‍याउन भूमिका खेलेको छ।

प्रमुख सांस्कृतिक विशेषताहरूः

डेउडा नृत्य – सामूहिक रूपमा गाइने र नाचिने लोकनृत्य
गौरा पर्व – विशेषगरी महिलाहरूले मनाउने धार्मिक पर्व
भुवा नाच, माङल, हुड्केली – परम्परागत सांस्कृतिक अभिव्यक्तिहरू
थारु समुदायका नाचहरू – सखिया, झुमरा, लठ्ठी नाच आदि
मगर समुदायका नाचहरू – कौराहा, मारुनी, झाम्रे आदि

सुदूरपश्चिममा डेउडा, चाँचरी, हुड्केली, छैला, माङला, फाग, विषु, ओल्के, गौरा, बुङीनी, मगरात, दशैं, तिहार, नरहरी, फागु, भुवा नाच, पञ्चे बाजा, बड्छो, भोस्सो, तीज आदि यहाँका मौलिक पर्व र पहिचान हुन्। थारु समुदायले नाच्ने सखिया, झुमरा, मघौटा, लठ्ठी नाच, बर्का नाच, मुग्रहवा नाच, कठघोरी नाच, दिन्नचुवा आदि अझै मनमोहक छन्। मगर समुदायका नाचहरू- हुर्रा, कुटकुटे, झापा, कानराहा, कौराहा, कोरा, जिबैमामा, ज्योमारे, नचरा, पैस्यारु, टप्पा, मारुनी, मयुर, सारिङ, डोसार, डग्वा, पाङदुरे, झाम्रे, रोदी, जुई, बजारे, बनकारी, डिग्रे, थकाने, फाक, झोल्पानी, नानीला, झक्री, लहरे आदि पर्छन्।

चाडपर्वहरुमा संक्रान्ति, चण्डी, फागुन पूर्णिमा, सिम्या, भुमे, भुम्यार, भंयार, राँके, तिहार, झाँक्री पर्व, चैते दशैं, दशैं आदि यहाँका प्रमुख धार्मिक तथा सांस्कृतिक पर्वहरू हुन्।

धार्मिक, प्राकृतिक र पर्यटकीय महत्व

धार्मिक तथा पर्यटकीय क्षेत्रहरू-डोटी, खप्तड, बड्डीकेदार, सिलगढी, शैलेश्वरी भगवती मन्दिर, शुक्लाफाँटा, डोटीको राजकोट आदि प्रमुख छन्। सुदूरपश्चिम प्रदेश धार्मिक र प्राकृतिक पर्यटनका दृष्टिले अत्यन्त सम्भावनायुक्त क्षेत्र हो। खप्तड राष्ट्रिय निकुञ्ज , शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज, बडीमालिका मन्दिर उग्रतारा मन्दिर, शैलेश्वरी मन्दिरले सुदूरपश्चिमलाई उझै उजागर गरेको छ । खप्तडका फाँटहरू, महाकाली र कर्णाली नदी, पहाडी हरियाली, तराईका फाँटहरू यी सबैले यस प्रदेशलाई प्राकृतिक रूपमा अद्वितीय बनाएका छन्। यो प्रदेश सुदूरपश्चिमको राजनीति, सामाजिक, धार्मिक र संस्कृतिलाई नजिकबाट हेर्दा मेरो कल्पनाभन्दा धेरै सकारात्मक पाएँ। धेरै घुलमिल हुन पाएँ। मैले जीवनमा पहिलो पटक ओम शान्तिकी हिरा दिदीबाट राखी पनि बाँधें। हिन्दु, मुस्लिम, बौद्ध, ईसाई सबैका धार्मिक कार्यक्रममा मात्रै होइन, विवाह, व्रतबन्धलगायत निधन र जन्मका अवसरमा बेलाबेलामा सहभागी हुँदा यहाँको संस्कार र संस्कृति अझ नजिकबाट बुझ्ने मौका मिल्यो।

मैले माथि नै उल्लेख गरेजस्तै, यो प्रदेशको भूगोल र भूमि मेरो सोच र कल्पनाभन्दा पनि सुन्दर र शान्त छ। पहाडी जिल्लाहरू हराभरा छन्, तराईमा समथर फाँट छन्। पर्याप्त जनस्रोत, खनिज र पर्यटकीय सम्भावना देख्दा यसको उचित संरक्षण, संवद्र्धन र प्रचार–प्रसार हुन सके सुदूरपश्चिम मुलुककै एक नम्बर प्रदेश बन्न सक्छ भन्ने लाग्छ।

मेरो कार्यकालको यस अवधिमा मैले पाएका सम्मान र मायाका चिनोहरूले पनि समग्र सुदूरपश्चिम झल्किएको छ। सुदूरपश्चिमका मौलिक पहिचान झल्किने उपहारहरू जेनजी आन्दोलनको नाममा गरिएको विध्वंसमा क्षति हुन्छ कि भन्ने ठूलो चिन्ता थियो। देशभरि भइरहेको विध्वंस हामीले देखिरहेका थियौं। विस्तारै आन्दोलनका नाममा तोडफोड र आगजनी सुदूरपश्चिम प्रदेशतर्फ पनि केन्द्रित हुन थाल्यो। धनगढीमा छानिछानी सरकारी कार्यालय र निवासहरू ध्वस्त पारिए। हाम्रो प्रदेश प्रमुखको कार्यालयमा रहेका कागजातहरु, सरकारी सम्पति लगायत गाडी–मोटरसाइकल जलाई खरानी पारियो। सायद नेपाली सेनालाई हामी पनि असुरक्षित रहेको महसुस भएर होला, हामीलाई भदौ २४ गते दिउँसो २०:३० बजे निवासबाट नजिकै रहेको राष्ट्र बैंकको सुरक्षित स्थानमा लगियो। त्यसपछि नेपाली सेनाले आफ्नो क्षेत्रमा हामीलाई सुरक्षित राख्यो। ५ दिनपछि हामी पुन कार्यक्षेत्रमा फर्कियौं।

सुदूरपश्चिम प्रदेशमा मैले देखेको एकता, सद्भाव र मित्रता सबैका लागि एउटा उदाहरण हो जस्तो लाग्छ। म यहाँ आउनुभन्दा पहिले यही प्रदेशका देवराज जोशी प्रदेश प्रमुख हुनुहुन्थ्यो। उहाँलाई सरकारले फिर्ता बोलाएपछि मैले यो जिम्मेवारी पाएको थिएँ। म लुम्बिनी प्रदेश, अर्घाखाँची जिल्लाको निवासी, मुस्लिम समुदायको व्यक्ति पहिलो पटक यति ठूलो जिम्मेवारी लिएर सुदूरपश्चिम

आउँदा मैले ठूलो चुनौती र सम्भावना दुवै देखेको थिएँ। तर यहाँ आएदेखि अहिलेसम्म मलाई कुनै समस्या आएको जस्तो लागेन। देखिएका चुनौतीहरू पनि सबैसँगको छलफल, परामर्श, सल्लाह र सुझावबाट सहज बनेका थुप्रै उदाहरणहरू छन्।

विभिन्न जिल्लाहरूको स्थलगत भ्रमणपछि मैले सुदूरपश्चिमलाई अझ नजिकबाट नियाल्ने र चिन्ने मौका पाएँ। पहिलो पटक २०८१ असार १६ गते धनगढीबाट अछामको सदरमुकाम मंगलसेनतर्फ प्रस्थान गरियो। हिँड्दाको अघिल्लो दिनसम्म पानी परेको थिएन। तर हामी हिँडेको रातिदेखि झमझम वर्षा हुन थाल्यो। वर्षाले पहाडका डाँडाहरू अझ सुन्दर देखिएका थिए, रुखहरू झन् मनमोहक देखिएका थिए। साना–साना बारीका पाटाहरू हिलाम्य थिए। ती पाटाहरूमा धान रोपाइँको चटारो थियो। यति अग्ला पहाडका पाटाहरूमा कसरी सिँचाइ पुग्यो होला? कसरी यति राम्रो उत्पादन भइरहेको होला? मेरो मनमा यस्तै प्रश्नहरू खेलिरहेका थिए। "यो मार्सी धान हो, आकाशकै पानीबाट उत्पादन हुन्छ," त्यहाँका एक जनाले मलाई भन्नुभयो। त्यो कुरा सुनेपछि मलाई लाग्यो-सुदूरपश्चिमको तराई मात्र होइन, पहाड पनि उर्वर र खेतीयोग्य रहेछ।

पहाडको हरियाली हेर्दै हामी पहिलो दिन तत्कालीन सुदूरपश्चिमाञ्चल विकास क्षेत्रको प्रशासनिक केन्द्र दिपायल पुग्यौं। त्यहाँ पुग्दासम्म पनि झरीले साथ छोडेको थिएन। भोलिपल्ट बिहानै दिपायलका पत्रकार मित्रहरूसँग अन्तरक्रिया भयो। उहाँहरूबाट डोटीको पौराणिक र पुरातात्त्विक महत्व अझ राम्रोसँग बुझ्ने मौका पाएँ। त्यसपछि केही सरोकारवाला निकायका प्रतिनिधिहरूसँग भेटघाट भयो। बिहानको खाना दिपायलमै खाएर हामी फेरि अछामतर्फ लाग्यौं। अछाम पुग्दासम्म पनि मैले केही समथर र केही भिरालो जग्गामा धान रोपाइँ भइरहेको देखिरहें। लेक–बेसी जतातै धानको सम्भावना देख्दा अर्घाखाँचीको सम्झना आयो। सामान्यतया बेशी/खोलाको सिँचाइ पुगेको ठाउँमा मात्रै रोपाइँ हुने र सिँचाइ नभएका ठाउँमा मकै, गहुँ, तोरी आदि लगाइन्छ। तर यहाँ आकासे पानीबाट मात्रै यस्तो राम्रो उत्पादन भइरहेको देख्दा निकै खुशी लाग्यो। प्रकृतिले पनि सुदूरपश्चिमलाई साथ दिएको रहेछ भन्ने महसुस भयो। साँफेबगरबाट मंगलसेन जाँदै गर्दा बयलपाटा सामुदायिक अस्पतालको निरीक्षण गरियो। अस्पतालको भवन माटो र भुसको मिश्रणबाट आधुनिक तरिकाले बनेको रहेछ। अस्पतालका समस्या र सम्भावनाबारे अन्तरक्रिया गरेर हामी अगाडि बढ्यौं।

सदरमुकामतर्फ जाँदा बयलपाटाको नजिक मुस्लिम बस्ती रहेछ। त्यहाँका अगुवा केशर मियाँलगायतका व्यक्तिहरू बाटोमै पर्खेर बस्नुभएको थियो। "एकछिन हाम्रो बस्ती पनि हेरिदिनुहोस् न," उहाँले आग्रह गर्नुभयो। मैले उहाँको प्रस्ताव सहज रूपमा स्वीकार गरें। उक्त बस्तीमा करिब तीन दर्जन घरहरू थिए। मस्जिद, मदरसा पनि पक्की संरचनामा निर्माण गरिएको रहेछ । पढाउने मौल्वी समेतको व्यवस्था गरी व्यवस्थित ढंगले बसोबास गरिएको रहेछ। बस्ती लेकमै भए पनि घर नजिकैका खेतहरूमा रोपाइँ भइरहेको थियो। उहाँहरूको मेहनत मात्र होइन, आपसी मित्रता देखेर मलाई निकै खुशी लाग्यो। सुदूरपश्चिम प्रदेशको एउटा पहाडी जिल्लामा मुस्लिम समुदायको बसोबास र अन्य धार्मिक समुदायबाट पाएको सहयोगले यहाँको सहिष्णुताको स्तर झन् स्पष्ट बनायो। त्यहाँबाट

हामी सदरमुकाम मंगलसेनतर्फ लाग्यौं। त्यहाँको दैनिकी, जीवनशैली, कला र संस्कृतिबारे थप बुझ्ने अवसर प्राप्त भयो।

भोलिपल्ट अछामका पत्रकारहरूसँगको अन्तरक्रियाले अझ विस्तृत जानकारी दियो। त्यसपछि हामी तत्कालीन मंगलसेन दरबारको निरीक्षणमा गयौं। उक्त निरीक्षणले सुदूरपश्चिममा रहेका पुराना संरचना र तिनका इतिहासहरू बुझ्न अझ सहज बनायो। मिति २०८१।१०।११ गते सुदूरपश्चिम प्रदेश प्रज्ञा प्रतिष्ठानले सिलगढीमा अन्तर्राष्ट्रिय साहित्यिक कार्यक्रमको आयोजना गरेको थियो। प्रमुख अतिथिका रूपमा मलाई निमन्त्रणा थियो। सोही कार्यक्रमका लागि म डोटी पुगें। डोटीका लागि यो मेरो दोस्रो यात्रा थियो। त्यो दिन सिलगढीस्थित शैलेश्वरी मन्दिर परिसरमा पुग्दा त्यहाँ सञ्चारकर्मी तथा स्थानीय सरोकारवालाहरूको राम्रो उपस्थिति थियो। त्यसपछि हामी कार्यक्रमस्थलतर्फ लाग्यौं। त्यहाँ नेपाल र भारतका प्रसिद्ध कवि तथा साहित्यकारहरूको उपस्थिति रहेको थियो। उहाँहरूले साहित्यका माध्यमबाट नेपाल–भारत सम्बन्ध, कला, संस्कृति र सभ्यताको प्रस्तुति दिनुभयो। उहाँहरूसँग मैले साहित्यबारे केहीबेर छलफल गरें। उहाँहरूले सुदूरपश्चिमको साहित्यबारे थप प्रष्ट पारिदिनुभयो। सुदूरपश्चिमलाई अझ नजिकबाट बुझ्न त्यो कार्यक्रम पनि मेरो लागि उपलब्धिमूलक बन्यो। त्यो कार्यक्रममा अधिकांश समय मसँगै हुनुहुने प्रमुख स्वकीय सचिव साविर अली, पत्रकार भानु आचार्य र हेमन्त मल्ललगायत उपस्थित हुनुहुन्थ्यो।

अर्को दिनका लागि प्रदेश सांसद चक्र मल्लज्यूले झिग्रानामा मिनी खप्तड पार्क निर्माण योजनाको शिलान्यासबारे पहिल्यै जानकारी गराउनुभएको थियो। त्यसका लागि हामी बिहान १० बजे दिपायलबाट सिलगढीतर्फ हुँदै मिनी खप्तडतर्फ लाग्यौं। त्यसभन्दा केही माथि खप्तडको प्रवेशद्वारका रूपमा रहेको झिग्रानासम्म पुगेर खप्तडबारे चर्चा गर्दै हामी शिलान्यास स्थलतर्फ लाग्यौं। खप्तडका फाँटहरूको झल्को दिने त्यो मिनी खप्तड अत्यन्त सुन्दर थियो। त्यहाँ पुग्ने जोकोही पनि त्यस सौन्दर्यले मन्त्रमुग्ध हुने देखिन्थ्यो। हामी पनि त्यस सौन्दर्यले मोहित भयौं। टाढा–टाढाका बस्तीहरूमा पनि एकता, सद्भाव र मित्रता देखिन्थ्यो। घरहरू टाढा भए पनि मनहरू जोडिएका थिए। आहा! कस्तो राम्रो सुदूरपश्चिम-मलाई सधैं यही र यस्तै लागिरहेको छ।

माननीय गण्डकी प्रदेश प्रमुख डिल्लीराज भट्टज्यूको सासू आमाको देहान्तको खबरले मलाई निकै दुःखी बनाएको थियो। पुण्यतिथिका अवसरमा उहाँ र म २०८१ फागुन १ गते आलितालतर्फ लाग्यौं। पहाडभित्रको त्यो सुन्दर बस्ती सानो तराईको टुक्राजस्तै हराभरा र मनमोहक देखिन्थ्यो। एकछिन मन त्यहीं अडियो। आलिताल गाउँपालिकास्थित कृष्णकाली माध्यमिक विद्यालयमा स्वागत कार्यक्रम आयोजना गरिएको थियो। केहीबेर हामी त्यहीं रोकियौं। त्यसपछि गाउँपालिकाको कार्यालयतर्फ लाग्यौं। गाउँपालिकाका अध्यक्षसहितका पदाधिकारी, वडाध्यक्षहरू लगायतको उपस्थितिमा त्यहाँ भव्य कार्यक्रम आयोजना गरिएको थियो। त्यसपछि हामी सुन्दर आलितालको भ्रमणमा निस्कियौं। पहाडको फेदीमा रहेको त्यो कञ्चन ताल सुन्दरताको पर्यायझैं देखिन्थ्यो। आमाको काखमा निदाएको बालकझैं निर्मल र निश्चल त्यो मनमोहक दृश्यलाई हामीले केहीबेर शान्त

भएर अनुभूति गर्‍यौं। त्यसपछि हामी माननीय डिल्लीराज भट्टज्यूको ससुराली गाउँ पुग्यौं। त्यहाँको भेटघाटपछि हामी त्यही रात धनगढी फर्कियौं।

अर्को पटक फेरि गण्डकी प्रदेशकै प्रदेश प्रमुख र म डोटी गएका थियौं। २०८२ साउन ३१ गते मैले छतिवन ताल र बुडर झरनालाई नजिकबाट नियाल्ने अवसर पाएँ। ती दुवै अझ मनमोहक र सुन्दर लागे। माननीय चक्र मल्लसँग अर्को पटक डोटी पुग्दा अझ धेरै नजिकबाट डोटीलाई नियाल्ने अवसर पाएँ। मदन भण्डारी लोक मार्गले नेपालको ग्रामीण पहाडलाई फराकिलो ढंगले जोडेको देखियो। घना जंगल, कहिँ–कतै देखिने बस्तीहरू-सबै अत्यन्त सुन्दर र रमाइला लागे। चक्र मल्लज्यूले बाटोभरि डोटीको सांस्कृतिक, धार्मिक र ऐतिहासिक पक्षबारे जानकारी दिइरहनुभएको थियो, जसले मलाई अझ धेरै बुझ्न सहयोग गर्‍यो। गाउँपालिका कार्यालयमा पुग्दा अध्यक्ष, उपाध्यक्ष, प्रशासकीय प्रमुखलगायतले गर्नुभएको स्वागत र सम्मानमा मौलिकता झल्किएको थियो। उहाँहरूले दिनुभएको सुन्तला खाएपछि मैले महसुस गरेँ-सुदूरपश्चिमको सुन्तला सायद सबैभन्दा स्वादिलो होला।

यसअघि म कैलाली र कञ्चनपुरमा नेपाल मुस्लिम इत्तेहाद संगठन निर्माणका लागि दुई पटक र एमालेको मेची–महाकाली अभियानका क्रममा पनि आएको थिएँ। तर पहाडी क्षेत्र भने गएको थिइनँ। तर, यसपटक भने सुदूरपश्चिमलाई नजिकबाट निकाल्न पाएँ । सुदूरपश्चिम सुदूरपश्चिम होइन सुन्दर पश्चिम हो भन्ने मलाई लागिरहेको छ ।

दुई वर्ष पहिले म सुदूरपश्चिम आउँदा मलाई केही नयाँ र नौलो लागेको थियो। तर, मेरो सचिवालय र कार्यालयका कर्मचारीहरूको समन्वय तथा सहयोगी भावले गर्दा मलाई यो कर्मभूमि पनि आफ्नै जन्मभूमि जस्तै प्यारो लागिरहेको छ । म जिम्मेवारीमा रहँदा वा नरहँदा मलाई जिम्मेवारीमा रहँदा सल्लाह सुझाव र आत्मीयता देखाउनु भएकाहरु सबैप्रति आभारी रहने छु । सबैप्रति सम्झना रहिरहने छ ।

प्रदेश प्रमुखको कार्यालयको परिचय

पृष्ठभूमिः

२०७२ सालमा नेपालको संविधान जारी भएसँगै नेपाल एक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यको रुपमा स्थापित भयो। सोही संविधानको धारा ५६ मा राज्यको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र त्यी तहहरुले संविधान तथा कानुन बमोजिम राज्यशक्तिको प्रयोग गर्न पाउने व्यवस्था छ। धारा ५७ मा राज्यशक्तिको बाँडफाँटको व्यवस्था रही तीनै तहका एकल र साझा अधिकारका विषयको बारेमा उल्लेख गरिएको छ। नेपालको हालको संघीय संरचनामा एक संघ, सात प्रदेश र ७५३ वटा स्थानीय तह रहेका छन्।


नेपालको संघीयता समन्वय, सहकार्य र सहअस्तित्वको सिद्धान्तमा आधारित रहेको सन्दर्भमा संविधानको धारा १६३ मा प्रत्येक प्रदेशमा नेपाल सरकारको प्रतिनिधिको रूपमा राष्ट्रपतिबाट नियुक्ति हुने गरी प्रदेश प्रमुख रहने व्यवस्था रहेको छ। धारा १६६ मा प्रदेश प्रमुखको काम, कर्तव्य र अधिकारको व्यवस्था रहेको छ। प्रदेश प्रमुखले यो संविधान र कानुन बमोजिम निजलाई प्राप्त अधिकारको प्रयोग र कर्तव्यको पालना गर्नुपर्ने व्यवस्था छ। धारा १६७ मा प्रदेश प्रमुखले राष्ट्रपति समक्ष पद तथा गोपनीयताको सपथ लिनुपर्ने संवैधानिक व्यवस्था रहेको छ। सोही अनुरुप नेपालको सातै प्रदेशमा एक-एक प्रदेश प्रमुख रहने व्यवस्था छ। प्रदेश स्थापना भएपश्चात शुरुमा सम्वत् २०७४ साल माघ ५ गते प्रदेश प्रमुखको नियुक्ति भएको थियो। प्रदेश प्रमुखको नियुक्ति संगै यस प्रदेशमा कैलाली जिल्लाको धनगढी, उत्तरवेहडीस्थित साबिक घरेलु तथा साना उद्योग कार्यालयको भवनमा प्रदेश प्रमुखको कार्यालय स्थापना भएको हो। धनगढी उपमहानगरपालिकामा रहेको साविक क्षेत्रिय वन निर्देशनालयको नाममा रहेको भवनलाई हाल माननीय प्रदेश प्रमुखज्यूको निवास प्रयोग गरिदै आएको छ। यस कार्यालयमा राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृतले सचिवको भूमिकामा रही प्रशासनिक कामको नेतृत्व गर्ने गरी कूल १९ जना कर्मचारीहरुको दरबन्दी रहेको छ। प्रदेश प्रमुखको सेवा सुविधा सम्बन्धी ऐन, २०७४ बमोजिम प्रदेश प्रमुखको सेवा सुविधाको व्यवस्था गरिएको र सोही अनुरुप प्रदेश प्रमुखको काम कारवाहीमा सहयोग गर्नका लागि १२ जनाको दरवन्दी सहितको निजी सचिवालयको व्यवस्था रहेको छ। नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२।६।५ को अनुत्पादक खर्च कटौती र मितव्ययीता कायम गर्ने सम्बन्धी निर्णयानुसार हाल प्रदेश प्रमुखज्यूको सचिवालयमा ३ जना कर्मचारी कार्यरत रहेका छन् ।

मुख्यमन्त्री एवम् मन्त्रीहरूलाई नियुक्ति एवम् शपथ गराउने, प्रदेश सभाको अधिवेशन आव्हान र अन्त्य गर्ने, प्रदेश सभाबाट प्रमाणीकरणको लागि पेश हुन आएका विधेयकहरु प्रमाणीकरण गर्ने, अध्यादेश प्रमाणीकरण लगायत नेपालको संविधान र अन्य प्रचलित कानुन बमोजिम प्रदेश प्रमुखबाट सम्पादन हुने कार्यहरुमा सहयोग र समन्वय गर्नु यस कार्यालयको मुख्य काम हो।

संगठनात्मक संरचना एवं दरवन्दी तेरिजः

नेपाल सरकारले सात वटै प्रदेश प्रमुखको कार्यालयहरुको लागि स्वीकृत गरेको संगठन संरचना एवं दरवन्दी तेरिज एकै प्रकारको रहेको छ। यो कार्यालयको संगठन संरचना एवं दरवन्दी तेरिज यसप्रकार रहेको छ।

संगठन संरचना



दरबन्दी तेरिज

क्र.सं.	पदको नाम	सेवा/समूह	श्रेणी/तह	जम्मा दरवन्दी	पदपुर्ति	रिक्त	कैफियत
१	सचिव	नेपाल प्रशासन/सा.प्र.	रा.प.प्रथम	१	१	०	
२	उपसचिव	नेपाल प्रशासन/सा.प्र.	रा.प.द्वितिय	२	१	१	
३	शाखा अधिकृत	नेपाल प्रशासन/सा.प्र.	रा.प.तृतिय	३	२	१	
४	लेखा अधिकृत	नेपाल प्रशासन/लेखा	रा.प.तृतिय	१	०	१	
५	कानुन अधिकृत	नेपाल न्याय/कानुन	रा.प.तृतिय	१	०	१	
६	कम्प्युटर अधिकृत	नेपाल विविध	रा.प.तृतिय	१	१	०	

क्र.सं.	पदको नाम	सेवा/समूह	श्रेणी/तह	जम्मा दरवन्दी	पदपुर्ति	रिक्त	कैफियत
७	प्रोटोकल अधिकृत	नेपाल परराष्ट्र	रा.प.तृतिय	१	१	०	
८	नायव सुब्बा	नेपाल प्रशासन/सा.प्र.	रा.प.अनं.प्रथम	२	२	०	
९	कम्प्युटर अपरेटर	नेपाल विविध	रा.प.अनं.प्रथम	१	१	०	
१०	ह.स.चा.		श्रेणीविहिन	३	२	१	
११	का.स.		श्रेणीविहिन	३	३	०	
	जम्मा			१९			

प्रदेश प्रमुखको कार्यालय स्थापना भएपश्चात हालसम्मका सचिवज्यूहरुको विवरणः

क्र.सं.	नामथर	पद	कार्यकाल
१	युवराज सुवेदी	सचिव	२०७४/१०/५-२०७५/६/१७
२	पद्मनिधी सोती	निमित्त सचिव	२०७५/६/१८-२०७६/२/४
३	पुष्कर खड्का	निमित्त सचिव	२०७६/२/५-२०७८/१/११
४	ओमबहादुर खड्का	सचिव	२०७८/१/१२-२०७९/६/३१
५	शैलेसराज ढुंगाना	निमित्त सचिव	२०७९/७/१-२०८०/६/२०
६	पुष्कर खड्का	निमित्त सचिव	२०८०/६/२१-२०८०/८/३०
७	शैलेसराज ढुंगाना	निमित्त सचिव	२०८०/९/१-२०८१/६/६
८	नवराज ढुंगाना	सचिव	२०८१/६/७- २०८२/३/१७
९	शेखर कुमार रोकाया	निमित्त सचिव	२०८२/३/१७- २०८२/१२/१०
१०	प्रेम बहादुर दौल्याल	सचिव	२०८२/१२/११- हालसम्म

कार्यालयको शाखागत र पदगत कार्यविवरण:

व्यवस्थापन शाखासँग सम्बन्धित कार्यहरुः

१. माननीय प्रदेश प्रमुखको कार्यसम्पादनका लागि आवश्यक प्रशासनिक सहयोग उपलब्ध गराउने,
२. कर्मचारी प्रशासन कार्यालय तथा निवासको सुरक्षा व्यवस्था तथा कार्यालय व्यवस्थापन सम्बन्धी कार्य, बजेट, कार्यक्रम तयारी तथा आर्थिक प्रशासन र जिन्सी व्यवस्थापन सम्बन्धी कार्य गर्ने,
३. कानूनी राय तथा परामर्श सम्बन्धी कार्य गर्ने,
४. कार्यालयसँग सम्बद्ध विषयमा अदालतमा पर्ने निवेदनहरुमा लिखित जवाफ तथा प्रतिरक्षा सम्बन्धी कार्य गर्ने,
५. विधेयक तथा अध्यादेश प्रमाणीकरणसम्बन्धी कार्य, सोको अभिलेखिकरण तथा तत् पश्चातको आवश्यक कार्यबाही सम्बन्धी कार्य गर्ने,
६. माननीय प्रदेश प्रमुखबाट हुने विभिन्न भेटघाट सम्बन्धी व्यवस्था र सोको अभिलेखिकरण गर्ने कार्यमा सूचना तथा समन्वय शाखालाई सहयोग र सहजीकरण गर्ने,
७. माननीय प्रदेश प्रमुखको कार्यक्रम र भ्रमणसम्बन्धी अभिलेख व्यवस्थापनमा सूचना तथा समन्वय शाखालाई सहयोग र सहजीकरण गर्ने,
८. तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने,

सूचना तथा समन्वय शाखासँग सम्बन्धित कार्यहरुः

१. माननीय प्रदेश प्रमुखज्यूको कूटनीतिज्ञ एवं अन्य व्यक्तित्वहरूको भेटघाटसम्बन्धी कार्यमा समन्वय र सहजीकरण, भेटघाट व्यवस्थापन र सोको अभिलेखीकरण गर्ने,
२. माननीय प्रदेश प्रमुखको तर्फबाट हुने विभिन्न पत्राचारसम्बन्धी कार्यमा सहयोग गर्ने,
३. माननीय प्रदेश प्रमुखले दिनुहुने विभिन्न शुभकामना, मन्तव्य, वक्तव्य, सन्देश इत्यादिको मस्यौदा तयार गर्ने,
४. विभिन्न पदाधिकारीहरुको नियुक्ति, सपथ ग्रहण र प्रदेश प्रमुख समक्ष पेश हुने प्रतिवेदन ग्रहण आदि कार्यक्रमहरुको व्यवस्थापन सम्बन्धी कार्य गर्ने,
५. प्रदेश मन्त्रिपरिषद्, प्रदेश सभा आदि निकायबाट प्राप्त निर्णय, प्रतिवेदन तथा अन्य विवरण प्राप्त गर्ने, अभिलेखिकरण गर्ने तथा आवश्यक कार्यबाहीको प्रक्रिया बढाउने कार्य गर्ने,
६. कार्यालय भित्र र बाहिर हुने विभिन्न औपचारिक तथा अनौपचारिक समारोहको समग्र व्यवस्थापन सम्बन्धी कार्य गर्ने,
७. प्रदेश प्रमुखलाई आवश्यक पर्ने सूचनाको सङ्कलन र सम्प्रेषण सम्बन्धी कार्य गर्ने,
८. कार्यालयको वेवसाइट अद्यावधिक गर्ने,
९. माननीय प्रदेश प्रमुख संलग्न हुने औपचारिक, अनौपचारिक कार्यक्रम तथा भ्रमणहरुको समन्वय तथा व्यवस्थापन गर्ने र त्यस्ता कार्यक्रम र भ्रमणहरुको अभिलेखीकरण गरी व्यवस्थित गर्ने,

१०. विभिन्न प्रदेशहरु र अन्य सरोकारवाला कार्यालयबाट भए गरेका काम कारवाहीको सम्बन्धमा आवश्यक जानकारी, समन्वय तथा अनुभव आदान प्रदान सम्बन्धी कार्य गर्ने,

११. माननीय प्रदेश प्रमुख, प्रदेश प्रमुखको कार्यालय, प्रदेश सरकार, प्रदेश सभा लगायत प्रदेशस्तरको सार्वजनिक सरोकार सम्बन्ध महत्वपुर्ण र उपयुक्त देखिएका प्रकाशित सूचना र समाचारको संकलन तथा अभिलेखिकरण गर्ने। प्रदेश प्रमुखको कार्यालयसँग सम्बन्धित महत्वपूर्ण गतिविधिहरुलाई वेवसाइट तथा संचार माध्यमबाट सार्वजनिक गर्ने,

१२. माननीय प्रदेश प्रमुखलाई सम्बोधन गरी प्राप्त निवेदन तथा ज्ञापनपत्रहरुको अध्ययन, विश्लेषण गरी प्रतिक्रिया जवाफ दिने, आवश्यक कार्यबाहीको निम्ति सम्बन्धित निकायमा पठाउने र त्यसको अभिलेख राख्ने कार्य गर्ने,

१३. प्रादेशिक तथा अन्य सरकारी निकायहरु, सुरक्षा निकायसँग समन्वय सम्बन्धी कार्य गर्ने,

१४. सूचनाको हक सम्बन्धी ऐन २०६४ तथा नियमावली २०६५ बमोजिम सम्पादन गर्नुपर्ने कार्य गर्ने,

१५. सपथ ग्रहण एवं अन्य सार्वजनिक समारोहको व्यवस्थापन सम्बन्धी कार्यमा व्यवस्थापन शाखालाई सहयोग सहजीकरण सम्बन्धी कार्य गर्ने,

१६. सार्वजनिक सञ्चार माध्यम, मिडियासँग समन्वय तथा सञ्चार सम्बन्धी अन्य कार्य गर्ने,

१७. तोकिए बमोजिम अन्य कार्यहरु गर्ने,

प्रदेश प्रमुखको निजी सचिवालयसँग सम्बन्धित कार्यहरुः

१. माननीय प्रदेश प्रमुखको कार्यक्रम व्यवस्थापन गर्ने,

२. माननीय प्रदेश प्रमुखलाई सम्बोधन गरी प्राप्त हुने निवेदन तथा पत्रहरू सङ्कलन गरी पेश गर्ने र सोको अभिलेखिकरण गर्ने,

३. माननीय प्रदेश प्रमुखको कार्यालयमा हुने भेटघाट व्यवस्थापन गर्ने,

४. माननीय प्रदेश प्रमुख र कार्यालयबिच सम्पर्क सुत्रको कार्य गर्ने,

५. माननीय प्रदेश प्रमुखबाट भएका आदेश÷निर्देशनको कार्यान्वयनबारे अनुगमन र समन्वय गर्ने,

६. प्रदेश प्रमुखको भ्रमण र कार्यक्रम सम्बन्धी अभिलेखीकरणको कार्य गर्ने

पदगत कार्य विवरण

<u>उपसचिव (व्यवस्थापन शाखा)</u>

१. कार्यालयको कर्मचारी प्रशासन, आन्तरिक व्यवस्थापन गरी अभिलेख राख्ने/राख्न लगाउने,

२. वार्षिक बजेट तयार गर्ने/गराउने,

३. बेरूजु फछ्र्यौट सम्बन्धी कार्य गर्ने/गराउने,

४. मातहत कर्मचारीहरूलाई नियमानुसार कार्यसम्पादन फाराम पेश गर्न लगाउने, मूल्याङ्कन गर्ने,

५. कर्मचारीको गुनासो व्यवस्थापन सम्बन्धी आवश्यक कार्यहरू गर्ने/गराउने,
६. प्रदेशको विधेयक तथा अध्यादेश प्रमाणीकरण गर्ने व्यवस्था मिलाउन आवश्यक सहयोग तथा समन्वय गर्ने,
७. प्रदेश प्रमुख र प्रदेश प्रमुखको कार्यालयलाई विपक्षी बनाई सम्मानित अदालतमा परेका निवेदनहरूमा लिखित जवाफ तथा प्रतिरक्षा सम्बन्धी कार्यमा आवश्यक सहयोग तथा समन्वय गर्ने,
८. तोकिए बमोजिमको सम्पादित कामको नियमित रूपमा प्रतिवेदन पेश गर्ने, कार्यालयको प्रशासन एवम् आन्तरिक व्यवस्थापन सम्बन्धी काममा नियमित रूपमा अनुगमन एवम् सुपरिवेक्षण गरी जानकारी लिने र सोही बमोजिमको जानकारी गराउने,
९. माननीय प्रदेश प्रमुखज्यूको कार्यकक्ष एवम् निवासको व्यवस्थापन ठिक ढङ्गले भईरहेको छ छैन, नियमित अनुगमन गरी उचित व्यवस्थापन गर्ने/गराउने,
१०. प्रदेश प्रमुखज्यूको निवासको सुरक्षा प्रबन्ध बारे नियमित जानकारी लिई सुरक्षा निकायसँग नियमित सम्पर्कमा रहने,
११. सूचना तथा समन्वय शाखा प्रमुख कार्यालयमा अनुपस्थित रहँदा सो शाखालाई तोकिएका कार्य समेत गर्ने/गराउने,
१२. माथिल्लो अधिकारीहरूबाट तोकिए वा निर्देशन भए बमोजिमका अन्य कार्यहरू गर्ने।

<u>उपसचिव (सूचना तथा समन्वय शाखा)</u>

१. संविधान र कानून बमोजिम मुख्यमन्त्री नियुक्ति तथा मुख्यमन्त्री र मन्त्रीहरूको शपथ ग्रहणको व्यवस्था मिलाउन सहयोग गर्ने र सोको व्यवस्थित/सुरक्षित एवम् भरपर्दो अभिलेख राख्ने/राख्न लगाउने,
२. प्रदेश सभाको बैठक आव्हान र अन्त्य तथा सभामा सम्बोधन गर्ने व्यवस्था मिलाउन सहयोग एवम् समन्वय गर्ने,
३. संविधान र प्रदेश कानून बमोजिम प्रदेश प्रमुखको नाममा हुने निर्णय र तत्सम्बन्धी अधिकारपत्रको प्रमाणीकरण गर्ने व्यवस्था मिलाउने,
४. प्रदेश प्रमुख संलग्न रहने औपचारिक तथा अनौपचारिक कार्यक्रमहरूको व्यवस्थापन र समन्वय गर्ने काममा सहयोग गर्ने,
५. प्रदेश प्रमुखबाट हुने सम्बोधन, शुभकामना सन्देश आदि तयार पार्ने, स्वदेशी तथा विदेशी व्यक्तित्वसँग हुने भेटघाटको व्यवस्थापन सम्बन्धी आवश्यक प्रबन्ध गर्ने,
६. प्रदेश प्रमुखलाई सम्बोधन गरी प्राप्त हुने निवेदन तथा ज्ञापनपत्रहरूको अध्ययन विश्लेषण गरी राय सहित प्रतिवेदन गर्ने,
७. संवैधानिक निकायका प्रमुख एवम् पदाधिकारीहरूको प्रतिवेदन ग्रहण कार्यक्रमको प्रबन्ध मिलाउने,

८. प्रदेश प्रमुखको स्वदेश तथा वैदेशिक भ्रमणको व्यवस्थापन सम्बन्धी कार्य गर्ने/गराउने,
९. सेवाग्राहीको गुनासो व्यवस्थापन सम्बन्धी आवश्यक कार्यहरू गर्ने/गराउने,
१०. संघ र प्रदेश बीच समन्वय सम्बन्धी आवश्यक कार्यहरू गर्ने/गराउने,
११. मातहत कर्मचारीहरूलाई नियमानुसार कार्यसम्पादन फारम पेस गर्न लगाउने, मूल्याङ्कन गर्ने,
१२. तोकिए बमोजिमको सम्पादित कामको नियमित रूपमा प्रतिवेदन पेस गर्ने, आफू अन्तर्गतका कर्मचारीहरूको कामको अनुगमन गर्ने,
१३. आफ्नो शाखासँग सम्बन्धित चिठीपत्र, फाईल लगायतका अभिलेख व्यवस्थित र सुरक्षित गर्ने/गराउने,
१४. सूचनाको हक सम्बन्धी प्रचलित कानुन बमोजिम सम्पादन गर्नुपर्ने कार्यहरु गर्ने,
१५. व्यवस्थापन शाखा प्रमुख अनुपस्थित रहँदा सो शाखालाई तोकिएको कार्य समेत गर्ने/गराउने,
१६. माथिल्लो अधिकारीहरूबाट तोकिए वा निर्देशन भए बमोजिमका अन्य कार्यहरू गर्ने।

शाखा अधिकृत (व्यवस्थापन शाखा)

१. कार्यालयको कर्मचारी प्रशासन सम्बन्धी कार्य गर्ने,
२. कार्यालयको आन्तरिक प्रशासन र व्यवस्थापन, सुरक्षा सरसफाई आदिसँग सम्बन्धित काम गराउने, अभिलेख राख्ने/राख्न लगाउने,
३. कार्यालयसँग सम्बन्धित जिन्सी मालसामानको अभिलेख राख्ने/राख्न लगाउने र सामानको उचित उपयोग एवम् व्यवस्थापन गर्ने,
४. मातहतका कर्मचारीहरूको कामको अनुगमन गर्ने, कर्मचारीहरूलाई नियमानुसार कार्यसम्पादन फारम पेस गर्न लगाउने, कार्यसम्पादन मूल्याङ्कन गर्ने। कार्यालयको समग्र कार्यसम्पादन मूल्याङ्कन सम्बन्धी आवश्यक कार्यहरू गर्ने,
५. शाखाको काम सम्बन्धी फाईल तथा कागजातहरू व्यवस्थित एवम् सुरक्षित साथ राख्ने/राख्न लगाउने,
६. सूचना तथा समन्वय शाखाका अधिकृत कर्मचारी अनुपस्थित रहेको बेला निजहरूले सम्पादन गर्नुपर्ने काम समेत गर्ने,
७. माथिल्लो अधिकारीहरूबाट तोकिए वा निर्देशन भए बमोजिमका अन्य कार्यहरू गर्ने।

शाखा अधिकृत (सूचना तथा समन्वय शाखा)

१. संविधान र कानून बमोजिम मुख्यमन्त्री नियुक्ति तथा मुख्यमन्त्री र मन्त्रीहरूको शपथ ग्रहण सम्बन्धी आवश्यक कार्यहरू गर्ने र सोको व्यवस्थित/सुरक्षित अभिलेख राख्ने,
२. प्रदेश सभाको अधिवेशन आव्हान र अन्त्य सम्बन्धी आवश्यक कार्य गर्ने,

३. संविधान र प्रदेश कानून बमोजिम प्रदेश प्रमुखको नाममा हुने निर्णय र तत्सम्बन्धी अधिकारपत्रको प्रमाणीकरण सम्बन्धी कार्य गर्ने,
४. प्रदेश प्रमुखबाट हुने सम्बोधन शुभकामना सन्देश आदि तयार पार्ने काममा सहयोग गर्ने,
५. प्रदेश प्रमुखलाई सम्बोधन गरी प्राप्त हुने निवेदन तथा ज्ञापनपत्रहरूको अध्ययन विश्लेषण गरी राय सहित पेस गर्ने,
६. संवैधानिक निकायका प्रमुख एवम् पदाधिकारीहरूको प्रतिवेदन ग्रहण कार्यक्रमको व्यवस्थापन सम्बन्धी आवश्यक कार्यहरू गर्ने,
७. मातहतका कर्मचारीहरूको कामको अनुगमन गर्ने, कर्मचारीहरूलाई नियमानुसार कार्यसम्पादन फारम पेश गर्न लगाउने, कार्यसम्पादन मूल्याङ्कन गर्ने,
८. शाखाको काम सम्बन्धी फाईल तथा कागजातहरू व्यवस्थित एवम् सुरक्षितसाथ राख्ने/राख्न लगाउने,
९. सूचनाको हक सम्बन्धी प्रचलित कानुन बमोजिम सम्पादन गर्नुपर्ने कार्यहरु गर्ने,
१०. व्यवस्थापन शाखाका शाखा अधिकृत अनुपस्थित रहेको बेला निजहरूले सम्पादन गर्नुपर्ने काम समेत गर्ने,
११. माथिल्लो अधिकारीहरूबाट तोकिए वा निर्देशन भए बमोजिमका अन्य कार्यहरू गर्ने।

शाखा अधिकृत (निजी सचिवालय)

१. कार्यकक्षमा प्रदेश प्रमुखसँग हुने भेटघाट व्यवस्थापन गर्ने, प्रदेश प्रमुखको कार्यक्रम र भ्रमण व्यवस्थापन गर्न सहयोग गर्ने,
२. प्रदेश प्रमुखको सुरक्षा प्रबन्धको लागि सुरक्षा निकायमा पत्राचार एवम् समन्वय गर्ने,
३. प्रदेश प्रमुखको कार्यक्रम र भ्रमण सम्बन्धी कार्यक्रमहरूको अभिलेखीकरण गर्ने,
४. प्रदेश प्रमुखको कार्यक्रम तालिका बारेमा सम्पर्क अधिकृतको रूपमा काम गर्ने,
५. प्रदेश प्रमुखले जानकारी लिन चाहेका विषयमा सम्बन्धित निकायमा सम्पर्क गरी जानकारी लिने र उपलब्ध गराउने,
६. प्रदेश प्रमुखबाट भएका आदेश निर्देशनको कार्यान्वयनबारे अनुगमन र समन्वय गर्ने,
७. शाखाको काम सम्बन्धी फाईलहरु सुरक्षित साथ अभिलेख राख्ने/राख्न लगाउने,
८. व्यवस्थापन शाखाका शाखा अधिकृत अनुपस्थित रहेको बेला निजहरूले सम्पादन गर्नुपर्ने काम समेत गर्ने,
९. माथिल्लो अधिकारीहरूबाट तोकिए वा निर्देशन भए बमोजिमका अन्य कार्यहरू गर्ने।

लेखा अधिकृत (व्यवस्थापन शाखा)

१. कार्यालयको दैनिक आर्थिक कारोबार र खाता सञ्चालन गर्ने,

२. कार्यालयको सम्पूर्ण आर्थिक कारोबारसँग सम्बन्धित जिम्मेवारी बहन गर्ने,
३. निकासा भएको रकम र खर्चको हिसाब रीतपूर्वक राख्ने, खर्चको फाँटबारी तथा आर्थिक विवरण तयार गर्ने, त्यस्तो फाँटबारी तथा आर्थिक विवरण कार्यालय प्रमुख वा तोकिएको अधिकृतबाट प्रमाणित गराई समयमै सम्बन्धित निकायमा पठाउने,
४. नगदी, चेक तथा आर्थिक कारोबारका अन्य कागजात जिम्मा लिने,
५. विनियोजन, राजस्व र धरौटीको आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउने,
६. बेरुजुको लगत राख्ने, बेरुजु फछ्र्यौट सम्बन्धी आवश्यक कार्यहरू गर्ने,
७. कार्यालयको आर्थिक कारोबारको सम्बन्धमा माग भए बमोजिम राय दिने,
८. आर्थिक विषयहरूसँग सम्बन्धित निर्णय कार्यान्वयन गर्ने/गराउने,
९. वार्षिक बजेट तर्जुमा सम्बन्धी आवश्यक कार्य गर्ने,
१०.आर्थिक प्रशासनसँग सम्बन्धित तोकिए बमोजिमका अन्य सम्पुर्ण कार्यहरू गर्ने।

कानून अधिकृत (व्यवस्थापन शाखा)

१. प्रदेशको विधेयक तथा अध्यादेश प्रमाणीकरण गर्ने व्यवस्था मिलाउने,
२. प्रदेश प्रमुख र प्रदेश प्रमुखको कार्यालयलाई विपक्षी बनाई सम्मानित अदालतमा परेका निवेदनहरूमा लिखित जवाफ तथा प्रतिरक्षा सम्बन्धी आवश्यक कागजातहरू तयार गर्ने,
३. प्रदेश सभाबाट प्राप्त हुन आएको विधेयक र प्रदेश सरकारबाट प्राप्त हुन आएका अध्यादेश अध्ययन गर्ने, संविधान बमोजिम भए नभएको र प्रचलित कानूनसँग बाझिएको नबाझिएको र अङ्ग पुगे/नपुगेको सम्बन्धमा स्पष्ट राय पेश गर्ने,
४. कार्यालयको प्रशासनिक निर्णयका सम्बन्धमा माग भए बमोजिम कानूनी राय दिने,
५. शाखाको कामसँग सम्बन्धित फाइलहरू सुरक्षित साथ अभिलेख राख्ने/राख्न लगाउने,
६. माथिल्लो अधिकारीहरूबाट तोकिए वा निर्देशन भए बमोजिमका अन्य कार्यहरू गर्ने।

कम्प्युटर अधिकृत (सूचना तथा समन्वय शाखा)

१. कार्यालयका सूचना प्रविधि सम्बन्धी पूर्वाधार तथा उपकरणको व्यवस्थापन गर्ने र अद्यावधिक राख्ने,
२. कार्यालयको Website, E-mail नियमित संचालन र अद्यावधिक गर्ने। डिजिटल अभिलेख तथा प्रतिवेदन तयार पार्न आवश्यक सहयोग गर्ने,
३. कम्प्युटर अपरेटरले Scan गरी राखेका फाइलहरू रुजु गरी सुरक्षित भण्डारणको व्यवस्था मिलाउने,
४. कार्यालयको सूचना छिटो, छरितो प्रवाह गर्न Telephone contacts अद्यावधिक गर्ने र Group SMS गर्ने/गराउने,

५. कार्यालयको सूचना प्रविधिको Upgrading सम्बन्धमा निरन्तर अध्ययन गरी प्रतिवेदन गर्ने,
६. मातहतका कर्मचारीहरूको कामको अनुगमन र मूल्याङ्कन गर्ने,
७. शाखाको काम सम्बन्धी फाइलहरू सुरक्षित साथ अभिलेख राख्ने/राख्न लगाउने,
८. माथिल्लो अधिकारीहरूबाट तोकिए वा निर्देशन भए बमोजिमका अन्य कार्यहरू गर्ने।

<u>प्रोटोकल अधिकृत (सूचना तथा समन्वय शाखा)</u>

१. प्रदेश प्रमुखसँग विदेशी पदाधिकारीबाट हुने शिष्टाचार भेट तथा बैठकको प्रबन्ध गर्ने,
२. विदेशी पदाधिकारीबाट हुने शिष्टाचार भेट बाहेकका छलफल वा बैठक सम्बन्धी विषयमा लिखित जानकारी माग गर्ने र सोही बमोजिमको कार्यसूची तय गर्ने,
३. विदेशी पदाधिकारीबाट हुने शिष्टाचार भेट, छलफल र बैठक सम्बन्धमा परराष्ट्र मन्त्रालयमा पठाउने पत्रको मस्यौदा तयार गर्ने,
४. विदेशी पदाधिकारीसँगको शिष्टाचार भेट, छलफल र बैठकका विषयवस्तु टिपोट गरी दस्तावेजीकरण गर्ने र आवश्यकता अनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र परराष्ट्र मन्त्रालयमा प्रतिवेदन गर्ने सम्बन्धी आवश्यक कार्यहरू गर्ने,
५. कुटनीतिक भेटघाट सम्बन्धमा राख्नुपर्ने विषयको टिपोट तयार गरी पेस गर्ने,
६. शाखाको काम सम्बन्धी फाईलहरू सुरक्षित साथ अभिलेख राख्ने/राख्न लगाउने,
७. माथिल्लो अधिकारीहरूबाट तोकिए वा निर्देशन भए बमोजिमका अन्य कार्यहरू गर्ने।
८. परराष्ट्र मन्त्रालयबाट भएका परिपत्र। निर्णय। कार्यविवरण अनुसारका कार्यहरु समेत गर्ने ।

<u>नायब सुब्बा (व्यवस्थापन शाखा)</u>

१. सचिवको निजी सचिवालय सम्बन्धी आवश्यक कार्यहरू गर्ने,
२. कार्यालयलाई आवश्यक पर्ने मालसामानहरूको माग संकलन गर्ने, खरिद आदेश तयार गरी स्वीकृत गराउने । कार्यालयको आन्तरिक प्रशासन र व्यवस्थापन, कर्मचारी प्रशासन सुरक्षा सरसफाई आदिसँग सम्बन्धित काम गराउने, अभिलेख राख्ने।
३. स्वीकृत खरिद आदेश बमोजिम मालसामान खरिद गर्ने, जिन्सी दाखिला गरी प्रमाणित गराउने,
४. स्वीकृत माग फाराम बमोजिमका मालसामानहरू निकासा गरी जिन्सी लेखा अद्यावधिक गर्ने,
५. सार्वजनिक खरिद इकाईको सचिवालयको रूपमा गर्नुपर्ने कार्यहरू गर्ने,
६. कार्यालय परिसरको सुरक्षा, सरसफाई र भौतिक सम्पत्तिको संरक्षण सम्बन्धी कार्यहरू गर्ने,
७. व्यवस्थापन शाखासँग सम्बन्धित अभिलेख व्यवस्थित रुपमा राख्ने,
८. सूचना तथा समन्वय शाखाका नायब सुब्बा अनुपस्थित रहँदा निजले गरी आएका कार्यहरू समेत गर्ने,
९. माथिल्लो अधिकारीहरूबाट तोकिए निर्देशन भए बमोजिमका अन्य कार्यहरू गर्ने।

नायब सुब्बा (सूचना तथा समन्वय शाखा)

१. कार्यालयमा प्राप्त भएका फाइल तथा चिठीपत्र बुझिलिने, दर्ता गरी सम्बन्धित अधिकारी समक्ष तोकआदेशका लागि पेश गर्ने र दर्ता भएका विवरणहरुको अभिलेख राख्ने,
२. कार्यालयबाट पठाउनुपर्ने चिठीपत्र तथा फाइलहरु चलानी गरी सम्बन्धित निकायमा पठाउने र चलानी भएका विवरणहरुको अभिलेख राख्ने,
३. दैनिक प्रशासनिक कार्यसंचालनमा सहयो गर्ने,
४. आवश्यकता अनुसार कार्यालयका चिठीपत्र तथा प्रतिवेदनहरु कम्प्युटरमा टाइप गर्ने,
५. सूचना तथा समन्वय शाखासँग सम्बन्धित अभिलेख सुरक्षित राख्ने,
६. व्यवस्थापन शाखाका शाखाका नायब सुब्बा अनुपस्थित रहँदा निजले गरी आएका कार्यहरू समेत गर्ने,
७. माथिल्लो अधिकारीहरूबाट तोकिए वा निर्देशन भए बमोजिमका अन्य कार्यहरू गर्ने।

कम्प्युटर अपरेटर (सूचना तथा समन्वय शाखा)

१. चिठीपत्र, टिप्पणी र प्रतिवेदनहरू टाइप गरी सम्बन्धित अधिकृत समक्ष पेश गर्ने,
२. कार्यालयमा सिर्जित डकुमेन्ट, प्राप्त सुचना, तथ्याङ्क, विवरणहरू सुरक्षित तरिकाले ड्राईभमा राख्ने,
३. कार्यालयमा प्राप्त पत्र र निर्णयहरू Scan गरी सुरक्षित तरिकाले डिस्क, ड्राईभमा अभिलेखित गर्ने,
४. कार्यालयको वेवसाइट सञ्चालन गर्ने, E-mail नियमित रूपमा खोली प्राप्त पत्र तथा कागजातका विषयमा सम्बन्धित अधिकृतलाई जानकारी गराउने,
५. कम्प्युटरमा भाईरस प्रवेश गर्न नसक्ने वातावरण तयार गर्न तुरुन्त सम्बन्धित सुपरिवेक्षक समक्ष पेश गर्ने, अद्यावधिक गर्ने,
६. कम्प्युटरबाट आवश्यक विवरणहरूको प्रतिलिपि झिकी सम्बन्धित शाखा, कर्मचारीहरूलाई उपलब्ध गराउने,
७. कार्यालयमा भएका कम्प्युटर, ल्यापटप सञ्चालनका क्रममा देखिएका अवरोधहरू हटाउन आवश्यक समन्वय गर्ने,
८. कार्यालयका नायव सुब्बा कर्मचारीहरू अनुपस्थित रहेका समयमा निजहरूले सम्पादन गर्ने कार्यहरू समेत गर्ने,
९. कम्प्युटर अधिकृतको अनुपस्थितिमा निजलाई तोकिएका कार्यहरु समेत सम्पादन गर्ने,
१०. माथिल्लो अधिकारीहरूबाट तोकिए निर्देशन भए बमोजिमका अन्य कार्यहरू गर्ने।

हलुका सवारी चालक (व्यवस्थापन शाखा)

१. आफ्नो जिम्मेवारीमा रहेको सवारी साधनको हेरचाह, सुरक्षा, नियमित सरसफाई गर्ने,
२. सवारी साधनको प्रयोग गर्ने पदाधिकारीको निर्देशन बमोजिम सवारी साधन चलाउने,

३. सवारी साधनको सञ्चालन लगबुक नियमित रूपमा अद्यावधिक गर्ने,
४. सवारी साधनको ब्लुबुक नवीकरण र बीमा गर्ने सम्बन्धमा समयमै सम्बन्धित अधिकारीलाई जानकारी गराउने,
५. सवारी साधन मर्मत गर्नुपर्ने भएमा सोको जानकारी सम्बन्धित पदाधिकारी वा कर्मचारी तथा जिन्सी शाखा प्रमुखलाई जानकारी गराउने,
६. सवारी साधन मर्मत गराउँदा सम्बन्धित स्थलमा गई मर्मत कार्यको रेखदेख गर्ने,
७. सवारी साधन सञ्चालनको सूचना नियमित रूपमा कार्यालयलाई जानकारी गराउने,
८. सवारी चालक अनुमतिपत्र नियमित रूपमा नवीकरण गरी अद्यावधिक गर्ने,
९. सवारी साधन प्रयोग गर्ने पदाधिकारी र कार्यालयको निर्देशन बमोजिमका अन्य कार्यहरू गर्ने।

कार्यालय सहयोगी (व्यवस्थापन शाखा)

१. कार्यालय समयभन्दा अगावै कार्यालय खोल्ने तथा कार्यालय समय पश्चात् कार्यालय बन्द गर्ने,
२. कार्यालयका विभिन्न शाखाहरूमा भएका टेबुल, कुर्सी, सोफा लगायतका फर्निचर तथा भुइँ आदि सरसफाई गर्ने,
३. चिठीपत्र तथा अन्य कागजातहरू ओसारपसार गर्ने र आवश्यकता अनुसार फायल एवम् अभिलेख व्यवस्थापनमा सहयोग गर्ने,
४. आवश्यकता अनुसार चिया र पानीको व्यवस्था गर्ने, कार्यक्रमहरूमा अतिथि सत्कारमा सहयोग गर्ने,
५. कार्यालय परिसर र सरकारी सम्पत्तिको रेखदेख गर्ने, आवश्यकता अनुसार सम्बन्धित अधिकारीलाई सूचना दिने,
६. कार्यालय परिसरमा बिरुवा तथा फूल रोप्ने, गोडमेल गर्ने तथा हेरचाह गर्ने,
७. कार्यालयको कामकाजको बारेमा कर्मचारीहरूको आचारसंहिता बमोजिम गोपनीयता कायम गर्ने,
८. माथिल्लो पदाधिकारीबाट तोकिए वा निर्देशन भए बमोजिमका कार्यालय सहयोगीले गर्ने अन्य सम्पुर्ण कार्यहरू गर्ने।

हाल कार्यरत कर्मचारीको विवरणः

क्र.सं.	नामथर	पद	सम्पर्क नं.
१	प्रेम बहादुर दौल्याल	सचिव	९८५८४८८४४४
२	शेखर कुमार रोकाया	उपसचिव	९८४९१०७८७९
३	गंगाराम सापकोटा	शाखा अधिकृत	९८४८५४२४५३
४	शम्शेर बहादुर रावल	कम्प्युटर अधिकृत	९८४८७२१७९६
५	दीर्घराज भट्ट	शाखा अधिकृत	९८४८४२१८७२

क्र.सं.	नामथर	पद	सम्पर्क नं.
६	सुरेन्द्र कुमार बोहरा	प्रोटोकल अधिकृत	९८४९६३८०२०
७	कृष्ण राज जोशी	नायव सुव्बा	९८४८४५७९७९
८	त्रिलोक्य जोशी	नायव सुव्बा	९८६५९२१४११
९	टेक बहादुर किमाडी	कम्प्युटर अपरेटर	९८४८६६००४८
१०	प्रयागराज ओझा	ह.स.चा.	९८४८४२५०६४
११	शिवराज फुलारा	ह.स.चा.	९८४८६०८७०३
१२	भिखु चौधरी	का.स.	९७६९०१६६७९
१३	चन्द्रलाल चौधरी	का.स.	९८६८८८७४५१
१४	रोहित बोहरा	का.स.	९७६८४७३१०३

प्रदेश प्रमुखज्यूको स्वकीय सचिवालयमा कार्यरत कर्मचारी विवरणः

क्र.सं.	नामथर	पद	सम्पर्क नं.
१	साविर अलि	प्रमुख स्वकीय सचिव	९८४७११७६७१
२	सुजाता भण्डारी	स्वकीय अधिकृत	९८६८५८६८६८
३	नर बहादुर वली	ह.स.चा.	९८४८६६००७६

प्रदेश प्रमुखज्यूको सुरक्षार्थ खटिएका सुरक्षाकर्मीको विवरणः

क्र.सं.	नामथर	पद	सम्पर्क नं.
१	सुरेश कुँवर	उपसेनानी	९८४१३३२८८९
२	राजेश मलासी	वरिष्ठ प्रहरी नायब निरिक्षक	९८५८४९०१४१
३	विरेन्द्र चन्द	वरिष्ठ प्रहरी नायब निरिक्षक	९८४८७५८०२२

प्रदेश प्रमुखको काम, कर्तव्य र अधिकारसँग सम्बन्धित संवैधानिक तथा कानुनी व्यवस्था

प्रदेश प्रमुखका कार्यहरुः

- नेपाल सरकारको प्रतिनिधिको रुपमा कार्य गर्ने ।
- मुख्यमन्त्री, मन्त्री,सभामुख,उपसभामुख,संविधान तथा प्रदेश कानून बमोजिम गठित निकायका पदाधिकारीहरुको नियुक्ती एवं शपथ सम्बन्धी कार्य।
- प्रदेशको मन्त्रिपरिषद्बाट सिफारिस र सम्मतिबाट भए गरेका कार्यलाई मुख्यमन्त्रीबाट पेश भएबमोजिम र प्रदेश सभाबाट प्रमाणित विधेयकहरुलाई प्रमाणीकरण गर्ने ।
- प्रदेश प्रमुखको नाममा हुने निर्णय वा आदेश र तत्सम्बन्धी अधिकारपत्रको प्रमाणीकरण ।
- संवैधानिक निकाय एवं प्रचलित कानूनले तोके बमोजिम गठित निकायको प्रतिवेदन बुझ्ने ।
- प्रदेश सभाको अधिवेशनको आह्वान र अन्त्य गर्ने।
- प्रदेश सभामा नीति तथा कार्यक्रम प्रस्तुतीकरण गर्ने।

(क) संवैधानिक व्यवस्थाः

धारा १६०. मुख्य न्यायाधिवक्ताः

(१) महान्यायाधिवक्ताको मातहतमा रहने गरी प्रत्येक प्रदेशमा एक मुख्य न्यायाधिवक्ता रहनेछ।

(२) मुख्यन्यायाधिवक्ताको नियुक्ति सम्बन्धित मुख्यमन्त्रीको सिफारिसमा प्रदेश प्रमुखबाट हुनेछ। मुख्यमन्त्रीले चाहेको अवधिसम्म मुख्यन्यायाधिवक्ता आफ्नो पदमा बहाल रहनेछ।

(३) उच्च अदालतको न्यायाधीश हुने योग्यता पुगेको व्यक्ति मुख्य न्याधिवक्ताको पदमा नियुक्तिको लागि योग्य हुनेछ ।

(४) देहायको अवस्थामा महान्यायाधिवक्ताको पद रिक्त हुनेछः

(क) निजले मुख्यमन्त्री मार्फत प्रदेश प्रमुख समक्ष लिखित राजीनमा दिएमा

(ख) निजलाई मुख्यमन्त्रीको सिफारिसमा प्रदेश प्रमुखले पदमुक्त गरेमा

(ग) निजको मृत्यु भएमा

धारा १६२. प्रदेशको कार्यकारिणी अधिकारः

(१) प्रदेशको कार्यकारिणी अधिकार यो संविधान र प्रदेश कानुनबमोजिम प्रदेश मन्त्रिपरिषद्मा निहित हुनेछ ।

तर संघीय शासन लागू भएको कारणबाट प्रदेश कार्यकारिणी कायम नरहेमा नेपाल सरकारको निर्देशन बमोजिम प्रदेश प्रमुखले प्रदेशको कार्यकारिणी अधिकार प्रयोग गर्नेछ।

धारा १६३. प्रदेश प्रमुख सम्बन्धी व्यवस्थाः

(१) प्रत्येक प्रदेशमा नेपाल सरकारको प्रतिनिधिको रूपमा प्रदेश प्रमुख रहनेछ।

(२) राष्ट्रपतिले प्रत्येक प्रदेशका लागि एक प्रदेश प्रमुख नियुक्ति गर्नेछ।

(३) राष्ट्रपतिले पदावधि समाप्त हुनुभन्दा अगावै निजलाई पदमुक्त गरेमा बाहेक प्रदेश प्रमुखको पदावधि पाँच वर्षको हुनेछ ।

(४) एउटै व्यक्ति एक पटकभन्दा बढी एकै प्रदेशमा प्रदेश प्रमुख हुन सक्ने छैन।

धारा १६४. प्रदेश प्रमुखको योग्यताः देहायको योग्यता भएको व्यक्ति प्रदेश प्रमुख हुनका लागि योग्य हुनेछः

(क) संघीय संसदको सदस्य हुन योग्य भएको,

(ख) पैतीस वर्ष उमेर पूरा भएको,

(ग) कुनै कानुनले अयोग्य नभएको।

धारा १६५. प्रदेश प्रमुखको पद रिक्त हुने अवस्थाः (१) देहायको कुनै अवस्थामा प्रदेश प्रमुखको पद रिक्त हुनेछः

(क) निजले राष्ट्रपति समक्ष लिखित राजीनामा दिएमा,

(ख) निजको पदावधि समाप्त भएमा वा सो अगावै राष्ट्रपतिले निजलाई पदमुक्त गरेमा।

(ग) निजको मृत्यु भएमा।

(२) कुनै प्रदेशको प्रदेश प्रमुखको पद रिक्त भएको अवस्थामा प्रदेश प्रमुखको नियुक्ति नभएसम्मका लागि राष्ट्रपतिले अर्को कुनै प्रदेशको प्रमुखलाई त्यस्तो प्रदेशको समेत कामकाज गर्ने गरी तोक्न सक्नेछ ।

धारा १६६. प्रदेश प्रमुखको काम, कर्तव्य र अधिकारः

(१) प्रदेश प्रमुखले यो संविधान वा कानुन बमोजिम निजलाई प्राप्त अधिकारको प्रयोग र कर्तव्यको पालन गर्नेछ ।

(२) उपधारा (१) बमोजिम अधिकारको प्रयोग गर्दा वा कर्तव्यको पालन गर्दा यो संविधान वा कानून बमोजिम निकाय वा पदाकिारीको सिफारिसमा गरिने भनी किटानीसाथ व्यवस्था भएको कार्य बाहेक प्रदेश प्रमुखबाट सम्पादन गरिनु अन्य जुनसुकै कार्य प्रदेश मन्त्रिपरिषद्को सिफारिस र सम्मतिबाट हुनेछ। त्यस्तो सिफारिस र सम्मति मुख्यमन्त्री मार्फत पेश हुनेछ।

(३) उपधारा (२) बमोजिम प्रदेश प्रमुखको नाममा हुने निर्णय वा आदेश र तत्सम्बन्धी अधिकारपत्रको प्रमाणीकरण प्रदेश कानुन बमोजिम हुनेछ ।

धारा १६८. प्रदेश मन्त्रिपरिषदको गठनः

(१) प्रदेश प्रमुखले प्रदेश सभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई मुख्यमन्त्री नियुक्त गर्नेछ र निजको अध्यक्षतामा प्रदेश मन्त्रिपरिषद्को गठन हुनेछ ।

(२) उपधारा (१) बमोजिम प्रदेश सभामा कुनै पनि दलको स्पष्ट बहुमत नरहेको अवस्थामा प्रदेश सभामा प्रतिनिधित्व गर्ने दुई वा दुई भन्दा बढी दलहरूको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रदेश सभाको सदस्यलाई प्रदेश प्रमुखले मुख्यमन्त्री नियुक्त गर्नेछ ।

(३) प्रदेश सभाको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले तीस दिनभित्र उपधारा (२) बमोजिम मुख्यमन्त्री नियुक्ति हुन सक्ने अवस्था नभएमा वा त्यसरी नियुक्त मुख्यमन्त्रीले उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गर्न नसकेमा प्रदेश प्रमुखले प्रदेश सभामा सबैभन्दा बढी सदस्यहरू भएको संसदीय दलको नेतालाई मुख्यमन्त्री नियुक्त गर्नेछ ।

(४) उपधारा (२) वा (३) बमोजिम नियुक्त मुख्यमन्त्रीले त्यसरी नियुक्त भएको तीस दिनभित्र प्रदेश सभाबाट विश्वासको मत प्राप्त गर्नु पर्नेछ ।

(५) उपधारा (३) बमोजिम नियुक्त मुख्यमन्त्रीले उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गर्न नसकेमा उपधारा (२) बमोजिमको कुनै सदस्यले प्रदेश सभामा विश्वासको मत प्राप्त गर्न सक्ने अवस्था भएमा प्रदेश प्रमुखले त्यस्तो सदस्यलाई मुख्यमन्त्री नियुक्त गर्नेछ।

(६) उपधारा (५) बमोजिम नियुक्त मुख्यमन्त्रीले उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गर्नु पर्नेछ ।

(७) उपधारा (५) बमोजिम नियुक्त मुख्यमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेमा वा मुख्यमन्त्री नियुक्त हुन नसकेमा मुख्यमन्त्रीको सिफारिसमा प्रदेश प्रमुखले प्रदेश सभालाई विघटन गरी छ महिनाभित्र अर्को प्रदेश सभाको निर्वाचन सम्पन्न हुने गरी निर्वाचन मिति तोक्नेछ ।

(८) यस संविधान बमोजिम भएको प्रदेश सभाको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको वा मुख्यमन्त्रीको पद रिक्त भएको मितिले पैतीस दिनभित्र यस धारा बमोजिम मुख्यमन्त्री नियुक्त सम्बन्धी प्रक्रिया सम्पन्न गर्नु पर्नेछ ।

(९) प्रदेश प्रमुखले मुख्यमन्त्रीको सिफारिसमा प्रदेश सभाका सदस्यमध्येबाट समावेश सिद्धान्त बमोजिम मुख्यमन्त्री सहित प्रदेश सभाका कुल सदस्य संख्याको बीस प्रतिशत भन्दा बढी प्रतिशत भन्दा नहुने गरी प्रदेश मन्त्रिपरिषद् गठन गर्नेछ ।

स्पष्टीकरणः यस भागको प्रयोजनका लागि "मन्त्री" भन्नाले मन्त्री, राज्य मन्त्री र सहायक मन्त्री सम्झनु पर्छ ।

(१०)मुख्यमन्त्री र मन्त्री सामूहिक रुपमा प्रदेश सभापति उत्तरदायी हुनेछन् र मन्त्रीहरू आफ्नो मनत्रालयको कामका लागि व्यक्तिगत रूपमा मुख्यमन्त्री र प्रदेश सभाप्रति उत्तरदायी हुने छन् ।

धारा १६९. मुख्यमन्त्री तथा मन्त्रीको पद रिक्त हुने अवस्थाः (१) देहायको कुनै अवस्थामा मुख्यमन्त्रीको पद रिक्त हुनेछः

(क) निजले प्रदेश प्रमुख समक्ष लिखित राजीनामा दिएमा

(ख) धारा १८८ बमोजिम विश्वासको प्रस्ताव पारित हुन नसकेमा वा निजको विरुद्ध अविश्वासको प्रस्ताव पारित भएमा,

(ग) निज प्रदेश सभाको सदस्य नरहेमा

(घ) निजको मृत्यु भएमा ।

धारा १७०. प्रदेश सभाको सदस्य नभएको व्यक्ति मन्त्री हुन सक्नेः (१) धारा १६८ को उपधारा (९) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश प्रमुखले मुख्यमन्त्रीको सिफारिसमा प्रदेश सभाको सदस्य नभएको कुनै व्यक्तिलाई मन्त्री पदमा नियुक्त गर्न सक्नेछ।

(२) उपधारा (१) बमोजिम नियुक्त मन्त्रीले शपथ ग्रहण गरेको मितिले ६ महिनाभित्र प्रदेश सभाको सदस्यता प्राप्त गर्नु पर्नेछ ।

(३) उपधारा (२) बमोमिजको अवधिभित्र प्रदेश सभाको सदस्यता प्राप्त गर्न नसकेमा तत्काल कायम रहेको प्रदेश सभाको कार्यकालमा निज मन्त्री पदमा पुनः नियुक्तिका लागि योग्य हुने छैन।

(४) उपधारा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि तत्काल कायम रहेको प्रदेश सभाको निर्वाचनमा पराजित भएको व्यक्ति सो प्रदेश सभाको कार्यकालमा उपधारा (१) बमोजिम मन्त्री पदमा नियुक्तिका लागि योग्य हुने छैन।

धारा १७२. शपथः मुख्यमन्त्री र मन्त्रीले प्रदेश प्रमुख समक्ष तथा राज्यमन्त्री र सहायक मन्त्रीले मुख्य मन्त्री समक्ष आफ्नो कार्यभार सम्हाल्नु अघि प्रदेश कानुन बमोजिम पद तथा गोपनियताको शपथ लिनु पर्नेछ ।

धारा १७३. प्रदेश प्रमुखलाई जानकारी दिनेः मुख्यमन्त्रीले देहायका विषयमा प्रदेश प्रमुखलाई जानकारी दिनेछः

(क) प्रदेश मन्त्रिपरिषदका निर्णय,

(ख) प्रदेश सभामा पेश गरिने विधेयक,

(ग) खण्ड (क) र (ख) मा उल्लेखित विषयमा प्रदेश प्रमुखले जानकारी मागेको अन्य आवश्यक विवरण, र

(घ) प्रदेशको समसामयिक परिस्थिति ।

धारा १८३. प्रदेश सभाको अधिवेशनको आह्वान र अन्त्यः

(१) प्रदेश प्रमुखले प्रदेश सभाका लागि भएको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले बीस दिनभित्र प्रदेश सभाको अधिवेन आह्वान गर्नेछ। त्यसपछि यस संविधान बमोजिम प्रदेश प्रमुखले समय समयमा अन्य अधिवेशन आह्वान गर्नेछ।

तर एउटा अधिवेशनको समाप्ति र अर्को अधिवेशनको प्रारम्भका बीचको अवधि छ महिना भन्दा बढी हुने छैन ।

(२) प्रदेश प्रमुखले प्रदेश सभाको अधिवेशन अन्त्य गर्न सक्नेछ।

(३) प्रदेश प्रमुखले प्रदेश सभाको अधिवेशन चालू नरहेको वा वैठक स्थगित भएको अवस्थामा अधिवेशन वा वैठक बोलाउन वाञ्छनीय छ भनी प्रदेश सभाको सम्पूर्ण सदस्य संख्याको एक चौथाई सदस्यहरूले लिखित अनुरोध गरेमा त्यस्तो अधिवेशन वा वैठक बस्ने मिति र समय तोक्नेछ। त्यसरी तोकिएको मिति र समयमा प्रदेश सभाको अधिवेशन प्रारम्भ हुने वा वैठक बस्नेछ ।

धारा १८४. प्रदेश प्रमुखबाट सम्वोधनः

(१) प्रदेश प्रमुखले प्रदेश सभाको वैठकलाई संवोधन गर्न र त्यसका लागि सदस्यहरूको उपस्थितिको आह्वान गर्न सक्नेछ ।

(२) प्रदेश प्रमुखले प्रदेश सभाका लागि भएको निर्वाचन पछिको पहिलो अधिवेशन र प्रत्येक वर्षको पहिलो अधिवेशनको प्रारम्भ भएपछि प्रदेश सभाको बैठकलाई सम्वोधन गर्नेछ ।

धारा १९५. प्रदेश सभाको सचिव र सचिवालयः

(१) प्रदेश प्रमुखले प्रदेश सभामुखको सिफारिसमा प्रदेश सभाको सचिव नियुक्त गर्नेछ।

(२) प्रदेश सभाको काम कारवाही सञ्चालन तथा व्यवस्थापन गर्नका लागि एक सचिवालय रहनेछ। त्यस्तो सचिवालयको स्थापना र तत्सम्बन्धी अन्य व्यवस्था प्रदेश कानुन बमोजिम हुनेछ।

(३) प्रदेश सभाको सचिवको योग्यता, काम, कर्तव्य, अधिकार तथा सेवाका अन्य शर्त प्रदेश कानुन बमोजिम हुनेछ ।

धारा १९९. विधेयक पारित गर्ने विधिः

(१) प्रदेश सभाले पारित गरेको विधेयक प्रमाणीकरणका लागि प्रदेश प्रमुख समक्ष पेश गरिनेछ।

(२) कुनै विधेयक विचाराधीन रहेको अवस्थामा प्रदेश सभाको अधिवेशनको अन्त्य भए पनि सो विधेयकमाथि अर्को अधिवेशनमा कारवाही हुन सक्नेछ ।

तर कुनै विधेयक प्रदेश सभामा विचाराधीन रहेको अवस्थामा प्रदेश सभा विघटन भएमा वा सो सभाको कार्यकाल समाप्त भएमा त्यस्तो विधेयक निष्क्रिय हुनेछ।

धारा २०१. विधेयकमा प्रमाणीकरणः

(१) धारा १९९ बमोजिम प्रमाणीकरणका लागि प्रदेश प्रमुख समक्ष पेश गरिने विधेयक प्रदेश सभाको सभामुखले प्रमाणित गरी पेश गर्नु पर्नेछ । तर अर्थ विधेयकका हकमा अर्थ विधेयक हो भनी प्रदेश सभामुखले प्रमाणित गर्नु पर्नेछ ।

(२) यस धारा बमोजिम प्रमाणीकरणका लागि प्रदेश प्रमुख समक्ष पेश भएको विधेयक प्रदेश प्रमुखले पन्ध्र दिनभित्र प्रमाणीकरण गरी त्यसको सूचना यथासम्भव चाँडो प्रदेश सभालाई दिनेछ ।

(३) प्रमाणीकरणका लागि पेश भएको अर्थ विधेयक बाहेक अन्य विधेयकको सम्बन्धमा पुनर्विचार हुन आवश्यक छ भन्ने प्रदेश प्रमुखलाई लागेमा निजले विधेयक पेश भएको पन्ध्र दिनभित्र सन्देश सहित प्रदेश सभामा फिर्ता पठाउन सक्नेछ ।

(४) उपधारा (३) बमोजिम प्रदेश प्रमुखले कुनै विधेयक सन्देश सहित फिर्ता गरेमा त्यस विधेयकमाथि प्रदेश सभाले पुनर्विचार गरी त्यस्तो विधेयक प्रस्तुत रूपमा वा संशोधनसहित पारित गरी पुनः पेश गरेमा त्यसरी पेश भएको पन्ध्र दिनभित्र प्रदेश प्रमुखले प्रमाणीकरण गर्नेछ।

(५) प्रदेश प्रमुखबाट प्रमाणीकरण भएपछि विधेयक ऐन बन्नेछ ।

धारा २०२. अध्यादेशः

(१) प्रदेश सभाको अधिवेशन चलिरहेको अवस्थामा बाहेक अन्य अवस्थामा तत्काल केही गर्न आवश्यक परेमा प्रदेश मन्त्रिपरिषद्को सिफारिसमा प्रदेश प्रमुखले अध्यादेश जारी गर्न सक्नेछ।

(२) उपधारा (१) बमोजिम जारी भएको अध्यादेश ऐन सरह मान्य हुनेछ।

तर त्यस्तो प्रत्येक अध्यादेशः

(क) जारी भएपछि बसेको प्रदेश सभाको वैठकमा पेश गरिनेछ र प्रदेश सभाले स्वीकार नगरेमा स्वतः निष्क्रिय हुनेछ।

(ख) प्रदेश प्रमुखबाट जुनसुकै बखत खारेज हुन सक्नेछ।

(ग) खण्ड (क) वा (ख) बमोजिम निष्क्रिय वा खारेज नभएमा प्रदेश सभाको बैठक बसेको साठी दिनपछि स्वतः निष्क्रिय हुनेछ।

धारा २८९. पदाधिकारीको नागरिकता सम्बन्धी विशेष व्यवस्थाः

(१) राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधानन्यायाधीश, प्रतिनिधि सभाका सभामुख, राष्ट्रिय सभाका अध्यक्ष, प्रदेश प्रमुख, मुख्यमन्त्री, प्रदेश सभाको सभामुख र सुरक्षा निकायका प्रमुखको पदमा निर्वाचित मनोनित वा नियुक्ति वा वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गरेको हुनु पर्नेछ।

धारा २९४. संवैधानिक निकायको वार्षिक प्रतिवेदनः

(१) यस संविधान बमोजिमका संवैधानिक निकायले आफूले गरेको काम कारवाहीको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्नेछ र राष्ट्रपतिले प्रधानमन्त्री मार्फत त्यस्तो प्रतिवेदन संघीय संसद समक्ष पेश गर्न लगाउनेछ।

(२) उपधारा (१) बमोजिमको वार्षिक प्रतिवेदनमा खुलाउनु पर्ने कुराहरू संघीय कानुन बमोजिम हुनेछ।

(३) उपधारा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संवैधानिक निकायले प्रत्येक प्रदेशको काम कारवाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेश गर्न सक्नेछ।

(ख) अन्य प्रचलित संघीय तथा प्रदेश कानुनहरुमा भएको व्यवस्थाः

लेखापरीक्षण ऐन, २०७५

दफा १९. वार्षिक प्रतिवेदनः

(४) महालेखापरीक्षकले प्रत्येक प्रदेशको कामकारवाहीको सम्बन्धमा अलग अलग बार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित प्रदेश प्रमुख समक्ष पेश गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम पेश गरेको प्रतिवेदन मुख्यमन्त्री मार्फत प्रदेश सभामा पेश हुनेछ।

(६) चल वा अचल राष्ट्रिय सम्पतिको ठुलो हानी नोक्सानी भएको वा तत्कालै कारवाही नगरे त्यस्तो हानी नोक्सानी हुन सक्ने देखिएमा महालेखापरीक्षकले जुनसुकै वखत त्यस्तो कारोबारको लेखापरीक्षण गरी राष्ट्रपति वा प्रदेश प्रमुख समक्ष प्रतिवेदन पेश गर्न सक्नेछ।

सुदूरपश्चिम प्रदेश सरकार कार्यसम्पादन नियमावली, २०७४

दफा ३२. प्रदेश प्रमुखलाइ जानकारी गराउनुपर्नेः प्रदेश मन्त्रिपरिषद्ले गरेका देहायका निर्णय प्रदेश प्रमुखलाई जानकारी गराउनुपर्नेछ।

(क) संविधान र प्रचलित कानुन बमोजिम प्रदेश प्रमुखबाट कार्यसम्पादन हुने वा प्रदेश प्रमुखबाट निर्णय वा आदेश हुनुपर्ने विषयहरु,

(ख) प्रदेश सरकारको आय व्ययको वार्षिक विवरण (बजेट),

(ग) नयाँ प्रदेश ऐन बनाउने वा विद्यमान प्रदेश ऐन संशोधन गर्ने विषय

(घ) प्रदेश सरकारले प्रदेश सभामा पेश गरेको वार्षिक नीति तथा कार्यक्रम

सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) ऐन, २०७५

दफा ३. ऐनको प्रमाणीकरण कार्यविधिः

(१) प्रदेश सभाबाट विधेयक पारित भएपछि प्रदेश सभाको सचिवालयले त्यस्तो विधेयक नेपाली कागजमा पाँच प्रति तयार गरी सभामुखले विधेयक पारित भएको मिति समेत राखी हस्ताक्षर गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश भएका विधेयकका पाँच प्रतिहरु प्रदेश सभा सचिवालयले प्रमाणीकरणका लागि प्रदेश प्रमुख समक्ष पेश गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम पेश भएका विधेयकका प्रतिहरुमा प्रदेश प्रमुखले मिति उल्लेख गरी हस्ताक्षर गरेपछि त्यस्तो विधेयक प्रमाणीकरण हुनेछ र ऐन बन्नेछ।

(४) उपदफा (३) बमोजिमका प्रामाणिक प्रतिहरुमध्ये एक प्रति प्रदेश प्रमुखको कार्यालयमा राखी अन्य एक एक प्रति प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आन्तरिक मामिला तथा कानुन मन्त्रालय, प्रदेश सभाको सचिवालय र नेपाल सरकारको कानुन, न्याय तथा संसदीय मन्त्रालयमा पठाउनुपर्नेछ र त्यसरी प्राप्त प्रामाणिक प्रति सुरक्षितसाथ राख्नुपर्नेछ।

दफा ५. अध्यादेशको प्रमाणीकरण कार्यविधिः

(१) संविधानको धारा २०२ को उपधारा (१) बमोजिम प्रदेश मन्त्रिपरिषद्बाट अध्यादेश जारी गर्न सिफारिस गर्ने निर्णय भएपछि आन्तरिक मामिला तथा कानुन मन्त्रालयले त्यस्तो अध्यादेशको मस्यौदाको चार प्रति नेपाली कागजमा तयार गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम तयार भएको अध्यादेशको मस्यौदामा देहायका पदाधिकारीको हस्ताक्षर गर्नुपर्नेछः- प्रदेशको मुख्यमन्त्री, सम्बन्धित विभागीय मन्त्री, आन्तरिक मामिला तथा कानुन मन्त्री, प्रदेश सरकारको प्रमुख सचिव र आन्तरिक मामिला तथा कानुन मन्त्रालयको सचिवले।

(३) उपदफा (२) बमोजिम हस्ताक्षर भएको अध्यादेशको मस्यौदा आन्तरिक मामिला तथा कानुन मन्त्रालयले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउनुपर्नेछ र मुख्यमन्त्री कार्यालयले त्यस्तो मस्यौदा प्रमाणीकरणका लागि प्रदेश प्रमुखसमक्ष पेश गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त अध्यादेशको मस्यौदाको प्रतिहरुमा प्रदेश प्रमुखले मिति उल्लेख गरी हस्ताक्षर गरेपछि अध्यादेश प्रमाणीकरण हुनेछ।

(५) उपदफा (४) बमोजिम प्रमाणीकरण भएपछि सो अध्यादेश ऐन सरह लागु हुनेछ।

(६) उपदफा (४) बमोजिम अध्यादेश प्रमाणीकरण भएपछि त्यस्ता प्रामाणिक प्रतिहरुमध्ये एक प्रति प्रदेश प्रमुखको कार्यालयमा राखी अन्य एक एक प्रति प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आन्तरिक मामिला तथा कानुन मन्त्रालय, प्रदेश सभाको

सचिवालय र नेपाल सरकारको कानुन, न्याय तथा संसदीय मन्त्रालयमा पठाउनुपर्नेछ र त्यसरी प्राप्त प्रामाणिक प्रति सुरक्षितसाथ राख्नुपर्नेछ।

दफा ६. प्रदेश प्रमुखबाट जारी हुने आदेश,अधिकारपत्र, सूचनाको प्रमाणीकरण :

(१) संविधान तथा अन्य संघीय वा प्रदेश कानुन बमोजिम प्रदेश प्रमुखबाट जारी हुने आदेश, अधिकारपत्र, सूचना वा अन्य लिखत प्रमाणीकरण प्रदेश प्रमुखको हस्ताक्षरबाट हुनेछ।

(२) उपदफा (१) बमोजिम प्रमाणीकरण भएपछि प्रदेश प्रमुखको कार्यालयले १ प्रति आफ्नो कार्यालयमा राखी त्यस्तो लिखित प्रमाणीकरणको जानकारी तथा कार्यान्वयनको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा र प्रदेश राजपत्रमा प्रकाशन गर्नुपर्ने विषय प्रकाशनको लागि कानुन मन्त्रालयमा पठाउनुपर्नेछ ।

दफा ८. संविधान तथा अन्य प्रचलित कानुन बमोजिम हुने नियुक्तिको प्रमाणीकरणः

(१) संविधान तथा अन्य संघीय वा प्रदेश कानुन बमोजिम प्रदेश प्रमुखबाट नियुक्ति हुने पदको नियुक्तिपत्र प्रदेश प्रमुखको हस्ताक्षरबाट प्रमाणीकरण हुनेछ।

(२) उपदफा (१) बमोजिमको नियुक्तिपत्रको प्रामाणिक प्रति प्रदेश प्रमुखको कार्यालयले सुरक्षित राखी त्यस्तो प्रमाणीकरणको जानकारी तथा कार्यान्वयनको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा र राजपत्रमा प्रकाशन गर्नुपर्ने विषय प्रकाशनको लागि आन्तरिक मामिला तथा कानुन मन्त्रालयमा लेखी पठाउनुपर्नेछ।

मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५

दफा ११. वार्षिक प्रतिवेदनः (१) मुख्य न्यायाधिवक्ताले प्रत्येक आर्थिक बर्षमा आफ्नो कार्यालयले गरेका काम कारबाहीको सम्बन्धमा तोकिएको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरी त्यस्तो आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र प्रदेश प्रमुख समक्ष पेश गर्नु पर्नेछ र प्रदेश प्रमुखले मुख्यमन्त्री मार्फत त्यस्तो प्रतिवेदन प्रदेश सभामा पेश गर्न लगाउनेछ।

दफा १४. शपथग्रहणः मुख्य न्यायाधिवक्ताले आफ्नो पदको कार्यभार सम्हाल्नु अघि प्रदेश प्रमुखको उपस्थितिमा उच्च अदालतको मुख्य न्यायाधीश समक्ष अनुसूची-१ बमोजिमको ढाँचामा पद तथा गोपनीयताको शपथ लिनु पर्नेछ।

सुदूरपश्चिम प्रदेशको प्रदेश सभाको सचिव र सचिवालय व्यवस्थापन सम्बन्धी ऐन, २०७५

दफा ८. प्रदेश सभाको सचिवको नियुक्तिः प्रदेश प्रमुखले प्रदेश सभामुखको सिफारिसमा प्रदेश सभाको सचिवको नियुक्ति गर्नेछ।

दफा ८. प्रदेश सभाको सचिवको पद रिक्त हुने अवस्थाः

(क) राजीनामा दिएमा

(ख) पदावधि सकिएमा

(ग) कार्यक्षमताको अभाव, खराव आचरण वा आफ्नो पदीय कर्तव्यको पालना इमान्दारीपुर्वक नगरेको भनी सभामुखको सिफारिसमा प्रदेश प्रमुखबाट निजलाई पदबाट हटाएमा

(घ).....

सुदूरपश्चिम प्रदेश लोकसेवा आयोग ऐन, २०७६

दफा ३. प्रदेश लोक सेवा आयोगः

(१) सुदूरपश्चिम प्रदेशमा प्रदेश लोकसेवा आयोग रहनेछ, जसमा कम्तीमा १ जना महिला हुने गरी अध्यक्ष सहित बढीमा ३ जना सदस्य रहनेछन्।

(२) आयोगको अध्यक्ष र सदस्यको नियुक्तिका लागि सिफारिस गर्न मुख्यमन्त्री अध्यक्ष तथा प्रदेश सभाको सभामुख र प्रदेश सभाको विपक्षी दलको नेता सदस्य रहेको सिफारिस समिति रहनेछ ।

(३) उपदफा (२) बमोजिमको समितिले समानुपातिक समावेशी सिद्धान्तका आधारमा अध्यक्ष र सदस्यको पदमा नियुक्तिका लागि सिफारिस गर्नुपर्नेछ ।

(४) उपदफा (२) बमोजिमको समितिको सिफारिसको आधारमा प्रदेश प्रमुखले अध्यक्ष र सदस्यको नियुक्ति गर्नेछ ।

दफा ४. पद रिक्त हुने : (१) दफा (३) को उपदफा (७) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा आयोगको अध्यक्ष र सदस्यको पद रिक्त हुनेछ ।

(क) निजले प्रदेश प्रमुख समक्ष लिखित राजीनामा दिएमा

(ख) निजको उमेर ६५ वर्ष पुरा भएमा

(ग) उपदफा (५) बमोजिम पदमुक्त भएमा

(घ) शारिरिक र मानसिक अस्वस्थताका कारणले सेवामा रही कार्यसम्पादन गर्न असमर्थ रहेको भनी प्रदेश सरकारले गठन गरेको मेडिकल बोर्डले दिएको सिफारिसका आधारमा दफा ३ को उपदफा (२) बमोजिमको समितिको सिफारिसमा प्रदेश प्रमुखले पदमुक्त गरेमा,

(ङ) निजको मृत्यु भएमा ।

दफा ६६. वार्षिक प्रतिवेदन :

(१) आयोगले दफा ७ को उपदफा (६) बमोजिमको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र प्रदेश प्रमुख समक्ष पेश गर्नुपर्नेछ र सो प्रतिवेदनमा देहायका विषयहरु उल्लेख गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त वार्षिक प्रतिवेदन प्रदेश प्रमुखले मुख्यमन्त्री मार्फत प्रदेश सभामा पेश गर्न लगाउनेछ ।

दफा ७९क. शपथ ग्रहणः आफ्नो कार्यभार सम्हाल्नु अघि अध्यक्षले प्रदेश प्रमुख समक्ष र सदस्यले अध्यक्ष समक्ष अनुसूची-२ बमोजिमको पद तथा गोपनीयताको शपथ ग्रहण गर्नु पर्नेछ।

(ग) प्रदेश प्रमुखको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन,२०७४ का व्यवस्थाहरुः

- **दफा २ (पारिश्रमिक):-** प्रदेश प्रमुखलाई अनुसूची-१ बमोजिमको मासिक पारिश्रमिक र अन्य सुविधा प्रदान गरिने। प्रदेश प्रमुख कुनै कारणले सो पदबाट निवृत्त भएमा वा सो पदमा नरहेमा निजलाई एक महिनाको पारिश्रमिक बराबरको रकम थप सुविधाको रूपमा दिइने।
- **दफा ३ (आवास सुविधा):-** प्रदेश प्रमुखको आवासको लागि नेपाल सरकारले सम्बन्धित प्रदेशको राजधानीमा सरकारी घरको बन्दोवस्त गर्ने। सो बमोजिम व्यवस्था नभएसम्मको लागि प्रदेश प्रमुखलाई घर भाडा वापत प्रति महिना नेपाल सरकारले तोके बमोजिमको रकम उपलब्ध गराइने। सरकारी आवासको मर्मत तथा सम्भार तथा उपयुक्त फर्निचरको व्यवस्था नेपाल सरकारले गर्ने।
- **दफा ४ (सवारी तथा इन्धन सुविधा):-** नेपाल सरकारले प्रदेश प्रमुखलाई सवारी साधनको साथै आवश्यक पर्ने इन्धन मोबिल तथा मर्मत सम्भारको व्यवस्था नेपाल सरकारले गर्ने व्यवस्था रहेको।
- **दफा ५ (सञ्चार सुविधा):-** प्रदेश प्रमुखको आवासको लागि टेलिफोन, कम्प्यूटर, इन्टरनेट, फ्याक्स, पत्रपत्रिका जस्ता सञ्चार सुविधा नेपाल सरकारले व्यवस्था गर्ने।
- **दफा ६ (पोशाक सुविधा):-** प्रदेश प्रमुखलाई प्रत्येक वर्ष अनुसूची-१ मा उल्लेख भए बमोजिमको रकम पोशाक भत्ता वापत दिइने।
- **दफा ७ (अतिथि सत्कार तथा भैपरी खर्च):-** प्रदेश प्रमुखलाई अनुसूची-१ मा उल्लेख भए बमोजिमको रकम अतिथि सत्कार तथा भैपरी खर्च वापत दिइने र सोको बिल भर्पाई पेश गर्नु नपर्ने व्यवस्था रहेको।
- **दफा ८ (निजी चिकित्सक सम्बन्धी सुविधा):-** प्रदेश प्रमुखको लागि नेपाल सरकारले एक जना निजी चिकित्सकको व्यवस्था गर्ने।

- **दफा ९ (उपचार खर्च):-** प्रदेश प्रमुख स्वदेशमा अस्पताल भर्ना भई उपचार गराउँदा वा नेपालमा उपचार हुन नसक्ने भई मेडिकल बोर्डको सिफारिसमा विदेशमा गई उपचार गराउँदा लागेको उपचार खर्च नेपाल सरकारले व्यहोर्ने। सो बमोजिमको उपचार खर्च वापतको रकम प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रदेश प्रमुख भर्ना भएको अस्पताललाई भुक्तानी गर्ने।
- **दफा १० (चाडपर्व खर्च):-** प्रदेश प्रमुखले आफ्नो धर्म, संस्कृति र परम्परा अनुसार मनाइने चाडपर्वको लागि आफूले खाइपाई आएको एक महिनाको पारिश्रमिक बराबरको रकम प्रत्येक वर्ष चाडपर्व खर्चको रुपमा पाउने। उक्त रकम प्रदेश प्रमुखले एक आर्थिक वर्षमा एक पटक आफ्नो धर्म, संस्कृति र परम्परा अनुसार मनाइने मुख्य चाडपर्वको अवसरमा भुक्तानी लिन सक्ने।
- **दफा ११ (दैनिक भत्ता तथा भ्रमण खर्च):-** प्रदेश प्रमुखले आफ्नो ओहदा सम्बन्धी कामको सिलसिलामा स्वदेश तथा विदेशको भ्रमण गर्दा अनुसूची-२ मा उल्लेख भए बमोजिमको दैनिक भत्ता पाउने।
- **दफा १२ (बिमा सुविधा):-** प्रदेश प्रमुखलाई सरकारी कामको सिलसिलामा स्वदेश तथा विदेशको भ्रमण गर्दा अनुसूची-२ मा उल्लेख भए बमोजिमको बिमा सुविधा प्राप्त हुने।
- **दफा १३ (विज्ञ सम्बन्धी व्यवस्था):-** प्रदेश प्रमुखले आफ्ने पदीय काममा सहयोग पुर्याउन विज्ञ नियुक्त गर्न सक्ने। त्यसरी नियुक्त हुने विज्ञको सङ्ख्या र त्यस्तो विज्ञले पाउने मासिक पारिश्रमिक तथा सुविधा नेपाल सरकारले तोके बमोजिम हुने ।
- **दफा १४ (निजी सचिवालय सम्बन्धी व्यवस्था):-** प्रदेश प्रमुखको निजी सचिवालयको लागि अनुसुची-३ बमोजिमका कर्मचारीहरू रहने। निजी सचिवालयमा काम गर्ने कर्मचारीले नेपाल सरकारको तोके बमोजिमको पारिश्रमिक तथा सुविधा पाउने।
- **दफा १५ (शपथ):-** प्रदेश प्रमुखले आफ्नो कार्यभार सम्हाल्नुअघि राष्ट्रपति समक्ष अनुसुची-४ बमोजिमको ढाँचामा पद तथा गोपनियताको शपथ लिनुपर्ने ।
- **दफा १६ (मुद्दा नचलाइने):-** प्रदेश प्रमुखले आफ्नो पदीय हैसियतले सम्पादन गरेका काम कारवाहीको विषयमा निज पदमा रहँदा वा सेवा निवृत्त भएपछि निज उपर कुनै अदालतमा मुद्दा नचलाइने।
- **दफा १८ (अनुसुचीमा संशोधन):-** नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक संशोधन गर्न सक्ने।

अनुसुची-१

(दफा २ को उपदफा (१), दफा ६ र ७ सँग सम्बन्धित)

प्रदेश प्रमुखको पारिश्रमिक तथा अन्य सुविधा

१. पारिश्रमिक प्रति महिना रु. ७६,२४०।—

२. पोशाक सुविधा प्रति वर्ष रु. १८,०००।—

३. अतिथि सत्कार तथा भैपरी खर्च प्रति महिना रु. ४०,०००।—

अनुसुची-२

(दफा ११ र १२ सँग सम्बन्धित)

प्रदेश प्रमुखले पाउने दैनिक भत्ता तथा बिमाको सुविधा

क्र सं	विवरण	प्रतिदिन पाउने रकम
१	स्वदेशमा भ्रमण गर्दा पाउने दैनिक भत्ता दर	रु. ३,०००।-
२	विदेशमा भ्रमण गर्दा पाउने दैनिक भत्ता दर	२५०।- अमेरिकी डलर
३	वीमा	रु. १५,००,०००।-

द्रष्टव्यः

१. युरोपियन मुलुकहरू अष्ट्रेलिया, न्युजिल्याण्ड, अमेरिका, क्यानडा, कुवेत, कोरिया, जापान, हङकङ, रुस, कतार, जाम्बिया, यू.ए.ई., सिंगापुर, लेवनान, बहराइनको भ्रमण गर्दा माथि उल्लेखित दरमा तेत्तीस प्रतिशत थप रकम दिइने छ ।

२. भारतको चेन्नाई, हैदरावाद, बैंगलोर, मुम्बई, दिल्ली, कोलकत्ता, बंगलादेशको ढाका र चटगाउँ बाहेक अन्य स्थानमा रात बिताउनुपर्दा माथि उल्लेखित दरको पचास प्रतिशत रकम मात्र दिइनेछ।

माननीय प्रदेश प्रमुखज्यूबाट २०८२ साल जेठदेखि सम्पादित कार्यहरुको विवरण

१. मिति २०८२ साल जेठ १ गते विहिवारका दिन माननीय प्रदेश प्रमुख नजिर मियाँज्यूले सुदूरपश्चिम प्रदेश सरकार (मन्त्रिपरिषद्) को सिफारिसमा नेपालको संविधानको धारा १८३ को उपधारा (१) बमोजिम सुदूरपश्चिम प्रदेश सभाको छैटौँ अधिवेशन सम्वत् मिति २०८२ साल जेठ महिनाको ११ गते आइतवार दिउँसो १:०० वजे प्रदेश सभा भवन धनगढी, कैलालीमा शुरु हुने गरी आह्वान गर्नुभएको।

२. मिति २०८२ साल जेठ ०२ गते शुक्रवार माननीय प्रदेश प्रमुख नजिर मियाँज्यू समक्ष नेपालको संविधानको धारा २९४ को उपधारा (३) वमोजिम महालेखापरीक्षकको कार्यालयका तर्फबाट माननीय महालेखापरीक्षक श्री तोयम रायाज्यूले महालेखापरीक्षकको सातौं वार्षिक प्रतिवेदन, २०८२ (सुदूरपश्चिम प्रदेश) पेश गर्नु भएको।

३. मिति २०८२ साल जेठ ०४ गते आइतवारका दिन माननीय प्रदेश प्रमुख नजिर मियाँज्यूले माननीय मुख्यमन्त्री कमल बहादुर शाहज्यूको सिफारिसमा नेपालको संविधानको धारा १६८ को उपधारा (९) बमोजिम सुदूरपश्चिम प्रदेश सरकारको गठन तथा कार्य विभाजन गर्नुभएको ।

४. मिति २०८२ साल जेठ १२ गते सोमवारका दिन माननीय प्रदेश प्रमुख श्री नजिर मियाँज्यू समक्ष मुस्लिम आयोगका माननीय कार्यवाहक अध्यक्ष श्री महमदिन अलीज्यूले मुस्लिम आयोगको छैटौं वार्षिक प्रतिवेदन (आ.व. २०८०/८१) पेश गर्नुभएको।

५. सुदूरपश्चिम प्रदेश सभाको बैठकबाट पारित भई प्रमाणिकरणका लागि पेश भएको "**सुदूरपश्चिम प्रदेश स्थानीय सेवाको गठन, सञ्चालन र सेवाको शर्त सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक,** मिति २०८२।३।१५ गतेका दिन माननीय प्रदेश प्रमुखज्यूले नेपालको संविधानको धारा २०१ उपधारा (२) वमोजिम प्रमाणीकरण गर्नुभएको।

६. सुदूरपश्चिम प्रदेश सभाको बैठकबाट पारित भई प्रमाणिकरणका लागि पेश भएको " आ.व.२०८२/८३ को सेवा र कार्यकोलागि प्रदेश सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने **सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक र सुदूरपश्चिम प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक"** मिति २०८२।३।२९ गतेका दिन माननीय प्रदेश प्रमुखज्यूले नेपालको संविधानको धारा २०१ को उपधारा (२) बमोजिम प्रमाणीकरण गर्नुभएको।

७. मिति २०८२ साल असोज ०५ गते आईतवारका दिन माननीय प्रदेश प्रमुख श्री नजिर मियाँज्यू समक्ष प्रदेश लोक सेवा आयोग, सुदूरपश्चिम प्रदेशका अध्यक्ष श्री यज्ञ राज वोहराज्यूले सुदूरपश्चिम प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ६६ वमोजिम आयोगको आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन पेश गर्नुभएको ।

८. मिति २०८२ साल असोज २९ गते बुधवार माननीय प्रदेश प्रमुख श्री नजिर मियाँज्यू समक्ष राष्ट्रिय दलित आयोगका माननीय सदस्य श्री मिनादेवी सोवज्यूले राष्ट्रिय दलित आयोगको पाँचौ वार्षिक प्रतिवेदन (आ.व. २०८१/८२) पेश गर्नुभएको ।

९. २०८२ साल असोज ३० गते विहीबार माननीय प्रदेश प्रमुख श्री नजिर मियाँज्यू समक्ष अख्तियार दुरुपयोग अनुसन्धान आयोगका तर्फबाट अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, कञ्चनपुरका कार्यालय प्रमुख (सहसचिव) श्री वेद प्रसाद भण्डारीज्यूले आयोगको पैँतिसौँ वार्षिक प्रतिवेदन (आ.व. २०८१/८२) पेश गर्नुभएको।

१०. मिति २०८२ साल मंसिर ०३ गते बुधबार माननीय प्रदेश प्रमुख श्री नजिर मियाँज्यू समक्ष निर्वाचन आयोग, नेपालको तर्फबाट प्रदेश निर्वाचन कार्यालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलालीका निमित्त प्रदेश निर्वाचन अधिकारी श्री प्रेमराज भट्टज्यूले आयोगको उन्नाइसौँ वार्षिक प्रतिवेदन (आ.व. २०८१/८२) पेश गर्नुभएको।

११. मिति २०८२ साल मंसिर ०७ गते आइतबार माननीय प्रदेश प्रमुख श्री नजिर मियाँज्यू समक्ष आदिवासी जनजाति आयोगका अध्यक्ष श्री राम बहादुर थापामगरज्यूले आदिवासी जनजाति आयोगको छैटौँ वार्षिक प्रतिवेदन (आ.व. २०८१/८२) पेश गर्नुभएको।

१२. मिति २०८२ साल मंसिर १५ गते सोमबार माननीय प्रदेश प्रमुख श्री नजिर मियाँज्यू समक्ष राष्ट्रिय मानव अधिकार आयोग, सुदूरपश्चिम प्रदेश कार्यालय धनगढी, कैलालीका निमित्त कार्यालय प्रमुख झंकर बहादुर रावलज्यूले उक्त कार्यालयको वार्षिक प्रतिवेदन (आ.व. २०८१/८२) पेश गर्नुभएको।

१३. मिति २०८२ साल पौष २५ गते शुक्रवार माननीय प्रदेश प्रमुख श्री नजिर मियाँज्यू समक्ष नेपालको संविधानको धारा २९४ को उपधारा (३) बमोजिम राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगका माननीय कार्यवाहक अध्यक्ष श्री जुद्ध बहादुर गुरुङज्यूले आयोगको प्रदेशगत सातौँ वार्षिक प्रतिवेदन, २०८२ (सुदूरपश्चिम प्रदेश) पेश गर्नुभएको।

१४. मिति २०८२ साल माघ १५ गते विहीवार माननीय प्रदेश प्रमुख श्री नजिर मियाँज्यू समक्ष थारू आयोग, नेपालका माननीय कार्यवाहक अध्यक्ष श्री सुवोध सिंह थारूज्यूले थारू आयोग, नेपालको सातौँ वार्षिक प्रतिवेदन (आ.व. २०८१/८२) पेश गर्नुभएको।

१५. मिति २०८२ साल माघ २५ गते आइतवार माननीय प्रदेश प्रमुख श्री नजिर मियाँज्यूले सुदूरपश्चिम प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०८२।१०।२३ को सिफारिसमा नेपालको संविधानको धारा १८३ को उपधारा (२) बमोजिम सुदूरपश्चिम प्रदेशको प्रदेश सभाको चालु छैटौँ अधिवेशन सम्वत् २०८२ साल माघ २५ गते आइतवार राति १२:०० बजेदेखि लागु हुने गरी अन्त्य गर्नुभएको।

१६. मिति २०८२ फागुन १० गते आइतवार माननीय प्रदेश प्रमुख श्री नजिर मियाँज्यू समक्ष मुस्लिम आयोगका माननीय कार्यवाहक अध्यक्ष श्री महमदिन अलीज्यूले मुस्लिम आयोगको सातौं वार्षिक प्रतिवेदन (आ.व. २०८१/८२) पेश गर्नुभएको।

१७. मिति २०८२।१२।१२ गते माननीय प्रदेश प्रमुख नजिर मियाँज्यू समक्ष मधेशी आयोगका माननीय सदस्य श्री आभा कुमारीज्यूले मधेशी आयोगको सातौं वार्षिक प्रतिवेदन (आर्थिक वर्ष २०८१।८२) पेश गर्नुभएको।

१८. मिति २०८२/१२/१९ गते दिन माननीय प्रदेश प्रमुखज्यूले सुदूरपश्चिम प्रदेश सरकार (मन्त्रीपरिषद) को सिफारिसमा नेपालको संविधानको धारा १८३ को उपधारा (१) बमोजिम सुदूरपश्चिम प्रदेशको प्रदेश सभाको सातौं अधिवेशन सम्वत २०८२ चैत्र २४ गते मंगलवार अपरान्ह ४.०० बजे प्रदेश सभा भवन, धनगढीमा सुरु हुने गरी आव्हान गर्नुभएको ।

१९. मिति २०८२।१२।२३ गतेका दिन माननीय प्रदेश प्रमुख नजिर मियाँज्यूले माननीय मुख्यमन्त्री कमल बहादुर शाहज्यूको सिफारिसमा नेपालको संविधानको धारा १६८ को उपधारा (९) बमोजिम सुदूरपश्चिम प्रदेश मन्त्रीपरिषद् गठन तथा कार्य विभाजन र नवनियुक्त माननीय मन्त्री शिवराज भट्टज्यूलाई पद तथा गोपनियताको शपथ गराउनु भएको।

२०. मिति २०८२।१२।२९ गतेका दिन माननीय प्रदेश प्रमुखज्यूले सुदूरपश्चिम प्रदेश सरकार (मन्त्रीपरिषद) को सिफारिसमा नेपालको संविधानको धारा १८३ को उपधारा (२) बमोजिम सुदूरपश्चिम प्रदेशको प्रदेश सभाको चालु सातौं अधिवेशन सम्वत २०८२ चैत्र २९ गते आइतवार राती १२.०० बजे देखि अन्त्य गर्नुभएको।

२१. सुदूरपश्चिम प्रदेश सभाको बैठक बाट पारित भई प्रमाणिकरणका लागि पेश भएको **सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा संचालन) (पहिलो संशोधन) विधेयक** मिति २०८३।१।२ गतेका दिन माननीय प्रदेश प्रमुखज्यूले नेपालको संविधानको धारा २०१ को उपधारा (२) बमोजिम प्रमाणीकरण गर्नुभएको।

२२. मिति २०८३/०१/१४ गते दिन माननीय प्रदेश प्रमुखज्यूले सुदूरपश्चिम प्रदेश सरकार (मन्त्रीपरिषद) को सिफारिसमा नेपालको संविधानको धारा १८३ को उपधारा (१) बमोजिम सुदूरपश्चिम प्रदेशको प्रदेश सभाको आठौं अधिवेशन सम्वत २०८३ वैशाख १७ गते विहिवार अपरान्ह ४.०० बजे प्रदेश सभा भवन, धनगढीमा सुरु हुने गरी आव्हान गर्नुभएको ।

२३. मिति २०८३।१।२५ गते माननीय प्रदेश प्रमुख नजिर मियाँज्यू समक्ष सुदूरपश्चिम प्रदेशका मुख्यन्यायाधिवक्ता श्री ठेकेन्द्रराज जोशीज्यूले मुख्यन्यायाधिवक्ताको कार्यालयको वार्षिक प्रतिवेदन (आर्थिक वर्ष २०८१।८२) प्रतिवेदन पेश गर्नुभएको।

२४. मिति २०८३।२।७ गते माननीय प्रदेश प्रमुख श्री नजिर मियाँज्यू समक्ष महालेखापरीक्षकको कार्यालयका नायव महालेखा परीक्षक श्री थवराज अधिकारीज्यूले

महालेखापरीक्षकको आठौं वार्षिक प्रतिवेदन, २०८३ (सुदूरपश्चिम प्रदेश) पेश गर्नुभएको।

२५. मिति २०८३।२।२५ गतेका दिन माननीय प्रदेश प्रमुख नजिर मियाँज्यूले माननीय मुख्यमन्त्री कमल बहादुर शाहज्यूको सिफारिसमा नेपालको संविधानको धारा १६८ को उपधारा (९) बमोजिम सुदूरपश्चिम प्रदेश मन्त्रीपरिषद् गठन तथा कार्य विभाजन गर्नुभई नवनियुक्त माननीय आर्थिक मामिला मन्त्री श्री विक्रम सिंह धामीज्यू, माननीय सामाजिक विकास मन्त्री श्री बेल बहादुर राना मगरज्यू र माननीय उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री श्री मान बहादुर रावलज्यूलाई पद तथा गोपनियताको शपथ गराउनु भएको।

माननीय प्रदेश प्रमुखज्यूले विभिन्न दिवस तथा अवसरमा दिनुभएको शुभकामना सन्देशहरु

नेपाल सरकार

प्रदेश प्रमुख
सुदूरपश्चिम प्रदेश
धनगढी, नेपाल

मजदुर दिवस (मे १), २०२५ को शुभकामना सन्देश

मजदुर दिवस (मे १), २०२५ को अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली श्रमिक दाजुभाई तथा दिदिबहिनीहरूमा सुख शान्ति, सु-स्वास्थ्य, दिर्घायु एवम् समृद्धिको हार्दिक शुभकामना व्यक्त गर्दै श्रम अधिकारको सुनिश्चितताको कामना गर्दछु।

सन् १८८६ मा अमेरिकाको सिकागोमा **"आठ घन्टा काम, आठ घन्टा मनोरञ्जन र आठ घन्टा आराम"** नारासहित सुरु भएको मजदुर आन्दोलनको सम्झनामा सन् १८९० देखि हरेक वर्ष अङ्ग्रेजी महिनाको मे १ तारिखमा श्रमिक दिवस मनाउन सुरु गरिएको थियो। विश्वका मजदुरले पर्वका रुपमा लिने यस दिवसलाई आफ्ना हक अधिकारको सुनिश्चितताका लागि सरकार र रोजगारदातालाई दबाब दिने उद्देश्यले विभिन्न कार्यक्रम गरी मनाउँछन्। वि.सं. २००७ सालमा विराटनगरको मजदुर आन्दोलनसँगै नेपालमा यो दिवस मनाइन थालिएको हो। नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनामा महत्वपूर्ण भूमिका निर्वाह गर्ने श्रमिक वर्गको उच्च योगदानको सम्मान गर्दै मुलुकमा समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्ने संवैधानिक लक्ष्यलाई साकार पार्न यस दिवसले श्रमजीविहरुलाई आफ्ना कर्महरु पुरा गर्दै कानुनप्रदत्त हक, अधिकार र स्वतन्त्रताको वकालत गरीएकताको सुत्रमा आवद्ध हुनका लागि सहयोग गर्नेछ भन्ने मलाई विश्वासलिएको छु।

अन्तमा, यस दिवसले सम्पूर्ण श्रमजीविहरुको हकहित, स्वतन्त्रता र सौदाबाजी गर्ने क्षमताको संरक्षण गर्दै श्रमिक वर्गको वृहत्तर आर्थिक, सामाजिक हितको लक्ष्य हासिल गर्ने तर्फ अग्रसर गर्न सकोस् भन्ने शुभेच्छा सहित हार्दिक शुभकामना व्यक्त गर्दछु।

धन्यवाद ।
२०८२ साल वैशाख १८, बिहिबार

नजिर मियाँ
प्रदेश प्रमुख

नजिर मियाँ
प्रदेश प्रमुख

नेपाल सरकार

प्रदेश प्रमुख
सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली

गणतन्त्र दिवस, २०८२ को शुभकामना सन्देश

गणतन्त्र दिवस, २०८२ को सुखद् अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पुर्ण नेपाली दिदीबहिनी तथा दाजुभाईहरुमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु। लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि आफ्नो अमुल्य जीवन बलिदान गर्नु हुने ज्ञात अज्ञात अमर सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै सहिद तथा वेपत्ता व्यक्तिका परिवार र घाइतेहरु प्रति उच्च सम्मान प्रकट गर्दछु।

वि.सं. २०६५ साल जेठ १५ गते देशमा गणतन्त्र स्थापना भएको ऐतिहासिक एवम् गौरवमय दिनको सम्झना स्वरुप हामीले प्रत्येक बर्ष जेठ १५ गतेलाई गणतन्त्र दिवसको रुपमा मनाउँदै आईरहेका छौ। यस अवसरमा संघ, प्रदेश र स्थानीय तहका सरकार र विदेशस्थित कुटनीतिक नियोगहरुले विविध कार्यक्रमहरु तय गरी हर्षोल्लास पूर्वक गणतन्त्र दिवस मनाउदै आईरहेका छन्। आगामी दिनहरुमा यी र यस्ता दिवसहरुलाई नागरिकस्तरबाट समेत भव्य रुपमा मनाउने वातावरण सृजना गरी अघि बढ्न सके यी दिवसहरुको गरिमा अझै बढ्दै जाने विश्वास लिएको छु ।

अन्तमा, आजको यस ऐतिहासिक दिवसले नेपालको संविधान र लोकतान्त्रिक गणतन्त्रका मूल्य र मान्यताहरुलाई आत्मसात गर्दै राष्ट्रमा दिगो शान्ति, सुशासन, विकास र समृद्धिलाई थप उचाईमा पुर्‍याउदै राष्ट्रिय लक्ष्य हासिल गर्ने बाटोमा अघि बढ्न सबैलाई प्रेरणा मिलोस भन्ने शुभेच्छा सहित पुनः हार्दिक शुभकामना व्यक्त गर्दछु।

धन्यवाद !

२०८२ जेठ १५ गते, विहीबार

नजिर मियाँ
प्रदेश प्रमुख

नेपाल सरकार

प्रदेश प्रमुख
सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली

बकर ईद (ईद उल अजहा) पर्व, २०८२ को शुभकामना सन्देश।

इस्लाम धर्मावलम्वीहरुको महान् चाड बकर ईद (ईद उल अजहा) पर्वको सुखद् अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली इस्लाम धर्मावलम्वी दिदिवहिनी तथा दाजुभाइहरुमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

मुस्लिम समुदायको ठूलो चाडको रुपमा रहेको यो पर्व आपसी रिस, राग र द्वेषलाई बिर्सेर भाइचारा र पारिवारिक मिलनको रुपमा मनाउने गरिन्छ। नेपाल जस्तो भौगोलिक, जातीय र सांस्कृतिक विविधता भएको समाजमा आत्मशुद्धी, लोभलालचको त्याग, आपसी द्वन्द्व र वैमनस्यता हटाउँदै परोपकारमा समर्पीत हुन प्रेरित गर्न यस्ता पर्वको महत्व रहेको हुन्छ । विविधताका बीच विभिन्न यी र यस्तै पर्वहरुले हाम्रो मुलुकमा धार्मिक सहिष्णुता, सामाजिक सद्भावको वातावरणलाई अझ मजबुत बनाउन सहयोग पुग्नेछ भन्ने मैले विश्वास लिएको छु ।

अन्तमा, यस बकर ईद (ईद उल अजहा) पर्वले सम्पूर्ण नेपालीहरुका विचमा आपसी सद्भाव, समझदारी, समन्वय, मेलमिलाप एंव भाइचाराको भावनाका साथै राष्ट्रिय एकताको सोच अभिवृद्ध गर्न प्रेरणा मिलोस भन्ने शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद !

२०८२ जेठ २४ गते शनिवार

नजिर मियाँ
प्रदेश प्रमुख

नजिर मियाँ
प्रदेश प्रमुख

नेपाल सरकार

प्रदेश प्रमुख

सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली

हरितालिका (तीज), २०८२ को शुभकामना सन्देश

हिन्दु धर्मावलम्बी नेपाली महिलाहरुको महान पर्व हरितालिका (तीज), २०८२ को शुभ-अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य, दीर्घायु एवं सौभाग्यका लागि हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु।

भाद्र शुक्ल तृतीयाको दिन हिन्दु नारीहरुले भगवान शिवजीको पूजा आराधाना गरी व्रत बस्नुका साथै नाचगान गरी हर्षोल्लासपुर्वक यो पर्व मनाईन्छ। यस पर्वको अवसरमा अविवाहिता नारीले योग्य वर प्राप्त गर्न र विवाहिता नारीले पारिवारिक सुख र दाम्पत्य जीवनको सफलताको लागि व्रत वस्ने चलन रहेको छ। पछिल्लो समयमा यदाकदा देखिएका अनावश्यक तडकभडक, देखासिकी, खर्चालु प्रवृत्ति जस्ता विकृतिलाई निरुत्साहित गर्दै सभ्य तथा समुचित ढङ्गले यो पर्व मनाउदै अगाडि बढ्नुपर्ने आजको आवश्यकता रहेको छ।

सांस्कृतिक विविधताले भरिपूर्ण हाम्रो मुलुकमा परापूर्व कालदेखि मनाउँदै आइरहेको यस पर्वले मौलिक संस्कृति र परम्पराको संरक्षण, सम्वर्द्धन र विकासमा टेवा पुऱ्याउनुका साथै समाजका हरेक क्षेत्रमा महिलाहरुको समान पहुँचलाई अझ सशक्त रुपमा अंघि बढाउँदै सामाजिक, सांस्कृतिक एकता तथा पारिवारिक प्रेम, सद्भाव र आत्मियता अभिबृद्धि गर्दै जाने विश्वास लिएको छु ।

अन्तमा, यस पर्वले सबै नेपालीवीच आपसी प्रेम, वन्धुत्व र एकताको भावना वढाएर नयाँ उमंग र हौसलाका साथ मुलुकको प्रगतिमा अग्रसर हुने प्रेरणा हामी सबैमा प्रदान गरोस् भन्ने कामना सहित पुनः हार्दिक शुभकामना व्यक्त गर्दछु।

धन्यवाद !

२०८२ साल भाद्र १० गते मंगलवार

नजिर मियाँ
प्रदेश प्रमुख

नजिर मियाँ
प्रदेश प्रमुख

नेपाल सरकार

प्रदेश प्रमुख

सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली

संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८२ को शुभकामना सन्देश

संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८२ को सुखद अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पुर्ण नेपाली दिदीबहिनी तथा दाजुभाईहरुमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु। यस अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि भएका संघर्षहरूमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

नेपाली जनताले पटक पटक गर्दै आएका संघर्ष र बलिदानको प्रतिफल स्वरुप ऐतिहासिक संविधान्सभा मार्फत २०७२ साल असोज ३ गते नेपालको संविधान जारी भएको ऐतिहासिक उपलब्धिको सम्झना र सम्मान स्वरुप आज हामी संविधान दिवस मनाई रहेका छौं।

अन्त्यमा, यस ऐतिहासिक दिवसले यस प्रदेशमा पनि दिगो शान्ति, सुशासन, विकास र समृद्धिको राष्ट्रिय लक्ष्य हासिल गर्ने बाटोमा अघि बढ्न सबैलाई प्रेरणा मिलोस भन्ने शुभेच्छा सहित पुनः संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८२ को हार्दिक शुभकामना व्यक्त गर्दछु।

धन्यवाद।
२०८२ साल असोज ३ गते शुक्रबार

नजिर मियाँ
प्रदेश प्रमुख

नजिर मियाँ
प्रदेश प्रमुख

नेपाल सरकार

प्रदेश प्रमुख
सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली

बडा दशैं, २०८२ को शुभकामना सन्देश

हिन्दु धर्मालम्वीहरुको महान पर्व बडा दशैं, २०८२ को शुभ-अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सुदूरपश्चिम प्रदेशबासी एवं सम्पूर्ण नेपाली हिन्दु धर्मालम्बी दिदीवहिनी तथा दाजुभाईहरुमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य एवं दीर्घायुका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

यो पर्व आश्विन शुक्ल प्रतिपदाका दिन घटस्थापना गरी नवमी सम्म शक्तीरुपी नवदुर्गा भवानीको पूजाआजा गर्दै विजया दशमीको दिनमा मान्यजनबाट टिका जमरा र आर्शिवाद ग्रहण गर्दै मनाईन्छ। बडा दशैंको उपलक्ष्यमा पारिवारिक मिलन भई खुशियाली तथा हार्दिकता साँटासाँट गर्ने प्रचलन रहेकोले यो पर्वले समुदायमा आपसी रिस, राग र द्वेषलाई बिर्सदै विश्वका बिभिन्न स्थानमा छरिएर रहेका समस्त प्रदेशबासी एवं नेपालीहरुको धार्मिक तथा सांस्कृतिक विविधता बीच आपसी सद्भाव, सहिष्णुता, भातृत्व एवं पारस्पारिक सहयोगलाई थप प्रगाढ तुल्याउन प्रेरित गर्ने मैले महसुस गरेको छु।

अन्त्यमा, यो पर्वले हामी सबैमा राष्ट्र र राष्ट्रियता प्रतिको गहिरो प्रेम, भातृत्व, दिगो शान्ति र सामाजिक सहिष्णुताको लागि थप प्रेरणा मिलोस भन्ने शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।

२०८२ आश्विन १६ गते विहीबार ।

नजिर मियाँ
प्रदेश प्रमुख
मिति २०८२/०६/१६

नजिर मियाँ
प्रदेश प्रमुख

नेपाल सरकार

प्रदेश प्रमुख
सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली

तिहार पर्व तथा छठ पर्व २०८२ र नेपाल सम्वत् ११४६ को शुभकामना सन्देश

नेपाली हिन्दु धर्मालम्बीहरुको महान् चाड तिहार तथा छठ पर्व २०८२ र नेपाल सम्वत् ११४६ को शुभ-अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सुदूरपश्चिम प्रदेशबासी एवं सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाईहरुमा सुख, समृद्धि, सु-स्वास्थ्य एवं दीर्घायुका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

तिहारमा मानव र अन्य जनावरबीचको सुसम्बन्धको प्रतीक स्वरुप काग, कुकुर, गाई लगायत गोबर्धन पर्वतको पूजा अर्चना गरी अन्तिम दिन दिदीबहिनी तथा दाजुभाईहरुबीच भाईटिका लगाईने गरिन्छ। उज्यालो पर्व एवं दिपावलीको रुपमा समेत चिनिने यो पर्वमा देउसी भैलो खेल्दै आपसी सद्भावको अभिवृद्धिका साथै मौलिक संस्कृतिको पुस्तान्तरण हुँदै आएको छ। नेवारी समुदायले म्हः पूजा गर्ने पर्व पनि यसै पर्वको अभिन्न पक्षको रुपमा रहिआएको छ।

लिच्छवीकालमा काठमाण्डौं उपत्यकामा रहेका किसान तथा गरिब जनतालाई ऋणमुक्त गरी राष्ट्रिय विभूति शंखधर शाख्वाद्वारा प्रवर्तन गरिएको नेपाल सम्वत्को प्रथम दिन कार्तिक शुक्ल प्रतिपदाबाट शुरु हुन्छ। काठमाण्डौ उपत्यका लगायत नेवार समुदायको बाहुल्यता रहेका स्थानमा यस पर्वलाई नयाँ वर्षको रुपमा मनाउने गरिन्छ। त्यसैगरी प्रत्येक वर्ष कार्तिक शुक्ल चतुर्थीदेखि सप्तमीसम्म खासगरी नेपालको तराई तथा मधेश क्षेत्रमा मनाईने छठ पर्वमा सूर्य देवता र छठी माताको पूजा अर्चना गरिन्छ। श्रद्धालुहरु रातभर खोला तथा पोखरीको किनारामा जाग्राम बसी अस्ताउँदो र उदाउँदो सूर्यलाई अर्घ दिने गर्दछन्। पछिल्लो समय नेपालको अन्य भू:भागमा पनि यो पर्व मनाउने प्रचलन बढ्दो छ। धार्मिक,सामाजिक एवं सांस्कृतिक सहिष्णुता एवं अन्तरघुलनको उदाहरणको रुपमा यसलाई मान्न सकिन्छ।

परापूर्वकालदेखि हर्षोल्लासपूर्वक मनाउँदै आईरहेका हाम्रा यी चाडपर्वहरुले विश्वका विभिन्न स्थानमा छरिएर रहेका समस्त नेपालीहरुको धार्मिक तथा सांस्कृतिक विविधताबीच आपसी सद्भाव, सहिष्णुता, भातृत्व एवं पारस्पारिक सहयोगलाई थप प्रगाढ तुल्याउनुका साथै आफ्नो संस्कृति र परम्पराको संरक्षण, सम्वर्द्धन र विकासमा अझै टेवा पुऱ्याउने विश्वास लिएको छु। खुशियाली तथा हार्दिकता साँटासाँटसहित यी पर्वहरुले समुदायमा आपसी रिस, राग र द्वेषलाई बिर्सदै समस्त नेपालीजनहरुलाई एकताको डोरीमा बाँध्न प्रेरित गर्ने मैले महसुस गरेको छु।

अन्त्यमा, यी पर्वहरुले हामी सबैमा राष्ट्र र राष्ट्रियता प्रतिको गहिरो प्रेम, भातृत्व, दीगो शान्ति र सामाजिक सहिष्णुताको लागि थप प्रेरणा मिलोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद !

२०८२ कार्तिक २ गते, आईतवार।

नजिर मियाँ
प्रदेश प्रमुख

नजिर मियाँ
प्रदेश प्रमुख

नेपाल सरकार

नेपाल सरकार
प्रदेश प्रमुख
सुदूरपश्चिम प्रदेश
धनगढी, नेपाल

प्रदेश प्रमुख
सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली

भुवा पर्व, २०८२ को शुभकामना सन्देश

विशेष गरी सुदूरपश्चिम प्रदेशमा मनाइने भुवा पर्व, २०८२ को सुखद अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण प्रदेशबासी तथा नेपाली दिदीबहिनी तथा दाजुभाईहरूमा आपसी सद्भाव, मेलमिलाप, सुख, शान्ति, समृद्धि र सुस्वास्थ्य एवम् उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछु।

भुवा पर्व सुदूरपश्चिम प्रदेशका बाजुरा, बझाङ, अछाम, डोटी, लगायतका पहाडी जिल्लाहरूमा मनाइने एक विशेष पर्व हो। यो पर्व पुसे औंसीको दिनदेखि सुरु हुन्छ। पछिल्लो समयमा यो पर्व कैलाली र कंचनपुर जिल्लाहरूमा समेत हर्षोल्लासका साथ मनाइन्छ।

महाभारतको युद्धमा पाण्डव र कौरवबीच भएको महायुद्धमा पाण्डवहरूको विजय भएपछि खुसियाली मनाएको दिनको सम्झनामा भुवापर्व मनाउने गरेको किंवदन्ती छ। यस पर्वलाई असत्य माथि सत्यको विजय भएको दिनको रूपमा पनि लिने गरिन्छ। भुवा नाचमा पुरुषहरूले बायाँ हातमा ढाल र दायाँ हातमा तरवार लिएर गुरुको निर्देशन अनुसार बाजाको साथमा सुस्त गतिबाट तरवार घुमाउँदै नाच्ने गर्दछन्। भुवा नाच नाच्ने पुरूषहरूले सेतो भोटोसहित जामा, पछाडि कुमदेखि खुट्टासम्म पुग्ने गरी पिठ्युँमा एउटा सेतो च्यादर, र टाउकोमा पगरी पहिरनुपर्छ। भुवा पर्वमा रातभर आगो बालेर देउडा, भारीखेल र भस्सोलगायत खेल छुट्टाछुट्टै खेल्ने चलन पनि छ।

सुदूरपश्चिमको सांस्कृतिक, धार्मिक एवम् ऐतिहासिक महत्व बोकेको यस पर्वले स्थानीय मौलिक संस्कृति र परम्पराको संरक्षण तथा सम्वर्द्धनमा टेवा पुऱ्याउदै सामाजिक सद्भाव तथा राष्ट्रिय एकतालाई थप सुदृढ बनाउन योगदान पुऱ्याउनेछ भन्ने विश्वास मैले लिएको छु।

अन्तमा, यस पर्वले सम्पूर्ण प्रदेशबासीहरू एवम् नेपालीहरूबीच आपसी प्रेम र सद्भावलाई प्रगाढ बनाउँदै एकताबद्ध र समतामूलक समाज निर्माण गर्न अग्रसर हुने प्रेरणा प्रदान गरोस् भन्ने शुभेच्छासहित पुनः हार्दिक शुभकामना व्यक्त गर्दछु।

धन्यवाद!

२०८२ साल पौष ४ गते शुक्रवार।

नजिर मियाँ
प्रदेश प्रमुख

नजिर मियाँ
प्रदेश प्रमुख

नेपाल सरकार

प्रदेश प्रमुख
सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली

क्रिसमस डे, २०२५को शुभकामना सन्देश

इसाई धर्मावलम्वीहरूको महान् पर्व क्रिसमस, २०२५ को सुखद अवसरमा स्वदेश तथा विदेशमा रहनु भएकासम्पूर्ण इसाई धर्मावलम्वी नेपाली दिदीबहिनी तथा दाजुभाईहरूमा उत्तरोत्तर प्रगति, सुस्वास्थ्य एवम् दिर्घायुको हार्दिक शुभकामना व्यक्त गर्दछु।

जिसस क्राइष्टको जन्मदिनको अवसरमा इसाई धर्मावलम्वीहरूले हरेक वर्ष डिसेम्वर २५ तारिखका दिनलाई धार्मिक एवम् साँस्कृतिक उत्सवका रूपमा हर्षोल्लासपूर्वक क्रिसमस मनाउने गर्दछन्। यस्ता पर्वहरूले विभिन्न जातजाति र समुदायको आफ्नो मौलिक संस्कृति र परम्पराको संरक्षण, सम्वर्द्धन र विकासमा टेवा पुऱ्याउनुका साथै सामाजिक सद्भाव, सहिष्णुता र आत्मियता अभिवृद्धि गर्दै राष्ट्रिय एकतालाई थप बलियो बनाउन योगदान पुऱ्याउनेछ भन्ने विश्वास मैले लिएको छु।

अन्तमा, इसाई धर्मावलम्बीहरूको यस पर्वले सबै नेपालीहरूबीच आपसी विश्वास, प्रेम र एकतालाई प्रगाढ बनाउदै मुलुकको उन्नयनमा अग्रसर हुने प्रेरणा प्रदान गरोस् भन्ने कामनासहित पुनः हार्दिक शुभकामना व्यक्त गर्दछु।

धन्यवाद!

२०८२ साल पौष १० गते विहीवार।

नजिर मियाँ
प्रदेश प्रमुख

नजिर मियाँ
प्रदेश प्रमुख

नेपाल सरकार

प्रदेश प्रमुख

सुदूरपश्चिम प्रदेश

धनगढी, कैलाली

नेपाल सरकार
प्रदेश प्रमुख
सुदूरपश्चिम प्रदेश
धनगढी, नेपाल

तमु ल्होसार, २०८२ को शुभकामना सन्देश

गुरुङ समुदायको महान् पर्व तमु ल्होसार, २०८२ को सुखद् अवसरमा स्वदेश तथा विदेशमा रहनु भएकासम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाईहरूमा सुख, शान्ति, सुस्वास्थ्य एवम् दिर्घायुको हार्दिक शुभकामना व्यक्त गर्दछु।

नेपालका विभिन्न भौगोलिक क्षेत्रहरुमा वसोवास गर्दै आएका गुरुङ समुदायले तमु ल्होसार पर्वलाई नयाँ वर्ष सुरु भएको अवसरको रुपमा पुरानो वर्षलाई विदाई र नयाँ वर्षलाई स्वागत गर्दै हरेक वर्ष धार्मिक एवम् साँस्कृतिक उत्सवका रूपमा हर्षोल्लासपूर्वक मनाउने गर्दछन्।

बहुजातीय, बहुभाषिक, बहुसाँस्कृतिक विविधतायुक्त हाम्रो नेपाली समाजमा यस्ता पर्वहरूले विभिन्न जातजाति र समुदायको आफ्नो मौलिक संस्कृति र परम्पराको संरक्षण, सम्वर्द्धन र विकासमा टेवा पुऱ्याउनुका साथै सामाजिक सद्भाव, सहिष्णुता र बन्धुत्वको भावना अभिवृद्धि गर्दै राष्ट्रिय एकतालाई थप सुदृढ बनाउन योगदान पुऱ्याउनेछ भन्ने विश्वास मैले लिएको छु।

अन्तमा, तमु ल्होसार पर्वले सबै नेपालीहरूबीच आपसी विश्वास, प्रेम र एकतालाई प्रगाढ बनाउदै मुलुकको प्रगतिमा अग्रसर हुन सबैलाई प्रेरणा प्रदान गरोस् भन्ने कामनासहित पुनः हार्दिक शुभकामना व्यक्त गर्दछु।

धन्यवाद !

२०८२ साल पौष १५ गते, मंगलवार।

नजिर मियाँ
प्रदेश प्रमुख

नजिर मियाँ
प्रदेश प्रमुख

नेपाल सरकार

नेपाल सरकार
प्रदेश प्रमुख
सुदूरपश्चिम प्रदेश
धनगढी, नेपाल

प्रदेश प्रमुख
सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली

पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवस, २०८२ को शुभकामना सन्देश

नेपाल एकीकरणका महान् नायक तथा आधुनिक राष्ट्रका निर्माता पृथ्वीनारायण शाहको जन्म जयन्ती एवम् राष्ट्रिय एकता दिवसको यस गौरवमय अवसरमा म वहाँप्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्दै यस विशिष्ट घडीमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु।

अनेकौं स-साना राज्यहरूमा विभक्त भूगोललाई एकीकृत गरी एउटा सबल र आधुनिक राष्ट्र निर्माण गर्ने महान् संकल्पका साथ पृथ्वीनारायण शाहले सुरु गर्नुभएको अभियान ऐतिहासिक रूपमा अतुलनीय छ। नेपाललाई "साझा फूलबारी" का रूपमा परिचित गराउँदै विविध जातजाति, भाषाभाषी र समुदायबीच भावनात्मक एकताको जग बसाल्ने कार्य नै आजको हाम्रो राष्ट्रिय पहिचानको आधार हो। हाम्रा वीर पुर्खाहरूले इतिहासको विभिन्न कालखण्डमा सोही अभियानलाई निरन्तरता दिएका कारण आज हामीले विश्वमा एक सार्वभौम र स्वतन्त्र नेपालीका रूपमा शिर उच्च बनाउन पाएका छौं।

यस विशेष दिवसले हामी सबैलाई राष्ट्रिय एकताको अटुट सूत्रमा बाँध्न, आपसी सहिष्णुता कायम राख्न र देशको सार्वभौमिकता तथा अखण्डतालाई अक्षुण्ण राख्न थप ऊर्जा र प्रेरणा प्रदान गर्नेछ भन्ने विश्वास मैले लिएको छु। राष्ट्रिय एकतालाई थप सुदृढ बनाउँदै मुलुकको चौतर्फी हितमा अग्रसर हुनु नै हामी सबैको आजको प्रमुख आवश्यकता हो।

अन्तमा, पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवसले समस्त नेपालीहरूबीच आपसी सद्भाव, विश्वास, प्रेम र एकताको भावनालाई थप प्रगाढ बनाउँदै मुलुकको सर्वाङ्गीण प्रगति र समृद्धिको मार्गमा अघि बढ्न हामी सबैलाई मार्गदर्शन गरोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

धन्यवाद।

२०८२ साल पौष २७ गते, आइतबार

नजिर मियाँ
प्रदेश प्रमुख

नजिर मियाँ
प्रदेश प्रमुख

नेपाल सरकार

प्रदेश प्रमुख
सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली

माघे संक्रान्ति एवम् माघी पर्व, २०८२ को शुभकामना सन्देश

माघे संक्रान्ति एवम् माघी पर्व, २०८२ को सुखद् अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति, सुस्वास्थ्य, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

माघे संक्रान्ति तथा माघी पर्वलाई नेपालका विभिन्न जातजाति तथा भूगोलमा आ-आफ्नै विशेषता र साँस्कृतिक मौलिकताका साथ मनाइने गरिन्छ। यस पर्वमा नदी, पोखरी, तलाउ, तीर्थस्थल तथा जलकुण्डमा स्नान गरी घिउ, चाकु, तिलको लड्डु, तरुल, फलफूल, मिष्ठान्न भोजन लगायतका खानपिन गरी हर्षोल्लासका साथ मनाउने गरिन्छ। विशेषगरी सुदूरपश्चिम प्रदेशका पहाडी जिल्लाहरूमा माघे संक्रान्ति पर्वका अवसरका विवाहित चेलीहरूलाई कोसेली दिने प्रचलन पनि रहेको छ। साथै, यस अवसरमा मान्यजनको आशीर्वाद लिन जाने, विभिन्न सांस्कृतिक कार्यक्रम, उत्सव, मेला, महोत्सव तथा माघी मिलन समारोह आयोजना समेत गरिन्छ। यसैगरी, माघे संक्रान्तिलाई यस प्रदेशका तराई जिल्लाहरू (कैलाली र कन्चनपुर) मा थारु समुदायले समेत माघी पर्व तथा नयाँ बर्षको उत्सवको रूपमा मनाउने गर्दछन्।

बहुजातीय, बहुभाषिक, बहुसाँस्कृतिक तथा विविधतायुक्त हाम्रो नेपाली समाजमा यस्ता पर्वहरूले विभिन्न जातजाति र समुदायको आफ्नो मौलिक संस्कृति र परम्पराको संरक्षण, सम्वर्द्धन र विकासमा टेवा पुऱ्याउनुका साथै सामाजिक सद्भाव, सहिष्णुता र बन्धुत्वको भावना अभिवृद्धि गर्दै राष्ट्रिय एकतालाई थप सुदृढ बनाउन योगदान पुऱ्याउनेछ भन्ने विश्वास मैले लिएको छु।

अन्तमा, माघे संक्रान्ति एवम् माघी पर्वले सम्पूर्ण सुदूरपश्चिम प्रदेशवासीसहित सबै नेपालीहरूबीच आपसी विश्वास, प्रेम र एकतालाई प्रगाढ बनाउदै मुलुकको प्रगतिमा अग्रसर हुन सबैलाई प्रेरणा प्रदान गरोस् भन्ने कामना सहित पुनः हार्दिक शुभकामना व्यक्त गर्दछु।

धन्यवाद!
मिति २०८२ माघ १ गते बिहीवार।

नजिर मियाँ
प्रदेश प्रमुख

नजिर मियाँ
प्रदेश प्रमुख

नेपाल सरकार

प्रदेश प्रमुख
सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली

सोनाम ल्होसार, २०८२ को शुभकामना सन्देश

तामाङ समुदायको महान पर्व सोनाम ल्होसार, २०८२ को शुभ-अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सुदूरपश्चिम प्रदेशबासी एवं सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाईहरूमा सुख, समृद्धि, सु-स्वास्थ्य एवं दीर्घायुका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

सोनाम ल्होसार तामाङ समुदायले नव वर्षको रूपमा मनाउने महत्त्वपूर्ण पर्व हो। यो पर्वका अवसरमा स्वदेश र विदेशमा रहेका तामाङ समुदायहरू आफ्नै जातीय र परम्परागत पोसाकमा सजिएर भेला भई एक आपसमा शुभकामना आदानप्रदान गर्दै विभिन्न कार्यक्रममा सहभागी हुने र धार्मिक अनुष्ठानका लागि स्तुपाहरू, चैत्यहरू र मठ-मन्दिरहरूमा जाने गर्दछन्। यसका साथै सबैतिर शान्ति, सुरक्षा र सद्भाव कायम रहोस् भन्ने कामनासहित घरका छानाहरू, स्तुपाहरू, छोर्तेनहरू, मठ मन्दिरहरू र हिमालय भेगतिर पहाडका टुप्पाहरूलाई समेत रंगीबिरंगी प्रार्थनाका झण्डाहरूले सजाउने गरिन्छ।

यस पर्वले विश्वका विभिन्न स्थानमा छरिएर रहेका तामाङ समुदायबीच आपसी सद्भाव, सहिष्णुता, भातृत्व एवं पारस्परिक सहयोगलाई बढावा दिँदै आफ्नो संस्कृतिको संरक्षण, सम्वर्द्धन र विकासमा अझै टेवा पुऱ्याउने विश्वास लिएको छु।

अन्त्यमा, सोनाम ल्होसार पर्वले हामी सबैमा राष्ट्र र राष्ट्रियता प्रतिको गहिरो प्रेम, भातृत्व, दीगो शान्ति र सामाजिक सहिष्णुतासहित राष्ट्रिय एकताको भावनालाई थप प्रगाढ बनाउनका लागि थप प्रेरणा प्रदान गरोस् भन्ने कामना गर्दछु।

धन्यवाद !

२०८२ माघ ५ गते, सोमवार।

नजिर मियाँ
प्रदेश प्रमुख

नजिर मियाँ
प्रदेश प्रमुख

नेपाल सरकार

प्रदेश प्रमुख
सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली

सहिद दिवस, २०८२ को सन्देश

सहिद दिवस, २०८२ को अवसरमा नागरिकको हक, हित, स्वतन्त्रता संरक्षण तथा लोकतन्त्र स्थापना र राष्ट्रियताको रक्षार्थ आफ्नो अमूल्य जीवन अर्पण गर्नुहुने महान् सहिदहरु शुक्कराज शास्त्री, धर्मभक्त माथेमा, दशरथ चन्द, गंगालाल श्रेष्ठ लगायत सम्पूर्ण ज्ञात-अज्ञात अमर सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु।

नेपाली जनताको स्वतन्त्रता, नेपालको सार्वभौमसत्ता र राष्ट्रियतालाई बचाइराख्न इतिहासका विभिन्न कालखण्डमा निरङ्कुश र तानाशाही शासनका विरुद्ध भएका विभिन्न क्रान्ति तथा लोकतान्त्रिक जनआन्दोलनमा जीवन उत्सर्ग गर्ने वीर वीरङ्गनाहरुप्रति श्रद्धासुमन र सम्मान व्यक्त गर्दै हरेक वर्ष माघ १६ गतेका दिनलाई सहिद दिवसको रुपमा मनाउँदै आईरहेका छौं। यिनै सहिदहरुको बलिदानस्वरुप नै आजको दिनमा हामीले शासन प्रणालीको उत्कृष्ट स्वरुप संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको अनुभूति गर्न पाएका छौं।

अन्त्यमा, न्यायपूर्ण, समतामूलक, सभ्य र सुसंस्कृत समाजका साथै समृद्ध राष्ट्र बनाउने सहिदको आकाङ्क्षा र सपनालाई साकार पार्न सबै वर्ग, समूह र तहले आ-आफ्नो तर्फबाट खेल्नुपर्ने भूमिकालाई इमान्दारिताकासाथ पूरा गर्न यस दिवसले हामी सबैलाई थप प्रेरणा प्रदान गरोस् भन्ने कामना गर्दछु ।

धन्यवाद !

२०८२ माघ १६ गते, शुक्रबार।

नजिर मियाँ
प्रदेश प्रमुख

नजिर मियाँ
प्रदेश प्रमुख

नेपाल सरकार

प्रदेश प्रमुख

सुदूरपश्चिम प्रदेश

धनगढी, कैलाली

महाशिवरात्री पर्व, २०८२ को शुभकामना सन्देश

महाशिवरात्री पर्व, २०८२ को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति तथा समृद्धिको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु।

महाशिवरात्री हिन्दु धर्मावलम्बीहरूको महत्वपूर्ण पर्व हो। भगवान शिवको उत्पत्ति भएको रातको रुपमा नामकरण भएको यो पर्व कालरात्रि, मोहरात्रि, सुखरात्री र शिवरात्री नामक चार प्रमुख रात्री मध्ये एक पवित्र पर्वको रुपमा विभिन्न पुराणमा वर्णित छ। पौराणिक मान्यता अनुसार यस दिनलाई भगवान शिव र देवी पार्वतीको विवाह उत्सवको रूपमा मनाईनुका साथै यसै दिनमा भगवान शिवले सम्पूर्ण ब्रह्माण्डको रक्षाका लागि समुन्द्र मन्थनबाट निस्केको कालकूट विष पिएको मानिन्छ। यसै दिन भगवान शिव ज्योतिर्लिंगको रूपमा प्रकट भई संसारमा ज्ञानको प्रकाश फैलाएको विश्वास गरिन्छ। महाशिवरात्रीमा श्रद्धालुहरू उपवाससहित भगवान शिवको आराधना गर्दै पशुपतिनाथ क्षेत्र लगायत देश विदेशका विभिन्न शिव मन्दिरहरूमा गई पुजाआजा गर्दछन्। व्रतालु अविवाहित युवतीहरू शिवको प्रार्थना गरी असल पति प्राप्तिको कामना गर्दछन् भने विवाहित महिलाहरू आफ्ना पति र परिवारको सुख शान्तिको कामना गर्दछन्।

अन्त्यमा, महाशिवरात्री पर्व, २०८२ ले हामी सबैको जीवनमा आध्यात्मिक जागरणसहित नयाँ उर्जा, शान्ति र समृद्धि ल्याउन सकोस् भन्ने कामना सहित पुनः शुभकामना व्यक्त गर्दछु।

धन्यवाद !

२०८२ फागुन ३ गते, आइतवार।

नजिर मियाँ
प्रदेश प्रमुख

नजिर मियाँ
प्रदेश प्रमुख

नेपाल सरकार

प्रदेश प्रमुख
सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली

ग्याल्पो ल्होसार, २०८२ को शुभकामना सन्देश

शेर्पा समुदायको महान् पर्व ग्याल्पो ल्होसार, २०८२ को शुभ-अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सुदूरपश्चिम प्रदेशबासी एवं सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, समृद्धि, सु-स्वास्थ्य एवं दीर्घायुका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

नेपालको हिमाली क्षेत्रमा बसोबास गर्ने शेर्पा समुदाय लगायत महायानी बौद्ध धर्मावलम्बी समुदायले फागुन शुक्ल प्रतिपदा तिथिका दिन नयाँ वर्षको रुपमा ग्याल्पो ल्होसार मनाउँदछन्। यस अवसरमा परिवारमा सुख, शान्ति र राम्रो स्वास्थ्यका लागि पूजापाठ गर्नुका साथै बौद्ध धर्मालम्बीको झण्डा लुङदार पनि टाँग्ने काम हुन्छ। नेपालको हिमाली क्षेत्रमा विशेष महत्वका साथ परापूर्वकालदेखि मनाइदै आइरहेको यस ग्याल्पो ल्होसार पर्वले शेर्पा जातिको मौलिक संस्कृति र परम्पराको संरक्षण तथा संवर्द्धन गर्नुका साथै एक आपसमा प्रेम, सद्भाव र आत्मियता अभिवृद्धि गर्ने अपेक्षा गरेको छु।

अन्त्यमा, यस पर्वले हामी सबैमा राष्ट्र र राष्ट्रियताप्रतिको गहिरो प्रेम, भातृत्व, दीगो शान्ति र सामाजिक सहिष्णुतासहित राष्ट्रिय एकताको भावनालाई थप प्रगाढ बनाउनका लागि प्रेरणा प्रदान गरोस् भन्ने कामना गर्दछु।

धन्यवाद!

२०८२ फागुन ६ गते, बुधबार।

नजिर मियाँ
प्रदेश प्रमुख

नजिर मियाँ
प्रदेश प्रमुख

नेपाल सरकार

प्रदेश प्रमुख
सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली

राष्ट्रिय प्रजातन्त्र दिवस, २०८२ को शुभकामना सन्देश

राष्ट्रिय प्रजातन्त्र दिवस, २०८२ को अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सुदूरपश्चिम प्रदेशबासी एवम् सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछु। वि.सं. २००७ सालमा भएको निरंकुश जहानियाँ राणा शासन विरुद्धको बलिदानीपूर्ण संघर्षबाट मुलुकमा प्रजातन्त्र स्थापना भएको ऐतिहासिक दिनको सम्झना र सम्मान स्वरूप प्रत्येक वर्ष फागुन ७ गतेका दिन हामी राष्ट्रिय प्रजातन्त्र दिवस मनाउँदै आइरहेका छौं।

यस ऐतिहासिक दिनको सम्झनाको अवसरमा मुलुकमा लोकतन्त्रको स्थापनाका लागि भएका विभिन्न संघर्षका क्रममा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने महान् सहिदहरू तथा सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु। साथै, प्रजातन्त्रको स्थापना तथा संवृद्धि र विकासका लागि विभिन्न कालखण्डमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने सम्पूर्ण अग्रजहरू, घाइतेहरू तथा अपाङ्ग तथा बेपत्ता पारिएका व्यक्तिहरूप्रति सम्मान प्रकट गर्दछु।

मुलुकमा शान्ति, स्थिरता, विकास र समृद्धिका लागि लोकतन्त्र अपरिहार्य हुन्छ। मुलुकको आधुनिकीकरण, राजनीतिक प्रणालीको लोकतान्त्रिकरण, सामाजिक न्याय र समानताको संस्थागत विकासमार्फत् मुलुकलाई आर्थिक विकास र समृद्धिको बाटोमा अगाडि बढाउन राज्यका राजनीतिक तथा आर्थिक संस्थाहरू समावेशी र लोकतान्त्रिक मूल्य मान्यताले युक्त हुनु आवश्यक हुन्छ। साथै, राज्य सञ्चालनको जिम्मेवारीमा रहनुभएका सम्पूर्ण पात्र एवम् संस्थाहरूमा समेत लोकतान्त्रिक सोच, मनोवृत्ति र व्यवहार तथा लोकतान्त्रिक मूल्य मान्यताहरूको गहिरो रूपमा आन्तरिकीकरण भएमा मात्र मुलुकको राजनीतिक एवम् आर्थिक विकास र रूपान्तरण सम्भव हुन्छ।

अन्त्यमा, नेपालको संविधानले व्यवस्था गरेको संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न तथा मुलुकमा दिगो शान्ति, सुशासन, विकास र समृद्धिका लागि क्रियाशील हुँदै अघि बढ्ने प्रेरणा यस दिवसले सबैलाई प्रदान गर्न सकोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

धन्यवाद!

२०८२ फागुन ०७ गते, विहीवार।

नजिर मियाँ
प्रदेश प्रमुख

नजिर मियाँ
प्रदेश प्रमुख

नेपाल सरकार

प्रदेश प्रमुख
सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली

फागुपूर्णिमा (होली) पर्व, २०८२ को शुभकामना सन्देश

नेपालीहरूको विशेष पर्व फागुपूर्णिमा (होली) को सुखद् अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सुदूरपश्चिम प्रदेशवासीसहित सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति, सुस्वास्थ्य, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु।

असत्यमाथि सत्यको, अन्यायमाथि न्यायको र दुराचारमाथि सदाचारको विजय भएको खुसियालीमा सम्पूर्ण रिसराग परित्याग गरी प्रेमभाव र आत्मियताकासाथ खुसी एवम् हर्सोल्लासपूर्वक आफन्तजन र साथीहरूसँग अबीर तथा रंग दलेर हरेक वर्ष फागुन शुक्ल पूर्णिमाका दिन पहाड तथा हिमाली जिल्लाहरूमा एवम् त्यसको भोलिपल्ट तराई तथा भित्री मधेशका जिल्लाहरूमा साँस्कृतिक मौलिकताका साथ फागु पूर्णिमा (होली) पर्व मनाउने गरिन्छ। होली पर्वलाई "वसन्त पर्व" तथा "रङ्ग पञ्चमी" पनि भनिन्छ।

बहुजातीय, बहुभाषिक, बहुसाँस्कृतिक तथा भौगोलिक विविधतायुक्त हाम्रो नेपाली समाजमा यस्ता पर्वहरूले विभिन्न जातजाति र समुदायको आफ्नो मौलिक संस्कृति र परम्पराको संरक्षण, संवर्द्धन र विकासमा टेवा पुऱ्याउनुका साथै सामाजिक सद्भाव, सहिष्णुता र बन्धुत्त्वको भावना अभिवृद्धि गर्दै राष्ट्रिय एकतालाई थप सुदृढ बनाउन योगदान पुऱ्याउनेछ भन्ने विश्वास मैले लिएको छु।

अन्तमा, यस पर्वले हामी सबै नेपालीहरूमा खुशीका रंगहरू छर्दै नयाँ उमंग र हौसलाका साथ सम्पूर्ण नेपालीहरूबीच आपसी विश्वास, प्रेम र एकतालाई प्रगाढ बनाउदै मुलुकको प्रगतिमा अग्रसर हुन सबैलाई प्रेरणा प्रदान गरोस् भन्ने कामनासहित हार्दिक शुभकामना व्यक्त गर्दछु।

धन्यवाद!
मिति २०८२ फागुन १८ गते सोमवार।

नजिर मियाँ
प्रदेश प्रमुख

नजिर मियाँ
प्रदेश प्रमुख

नेपाल सरकार

प्रदेश प्रमुख
सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली

खखडेहरा पर्व, २०८२ को शुभकामना सन्देश

सुदूरपश्चिम प्रदेशका कैलाली र कञ्चनपुर जिल्लामा बसोवास गर्ने रानाथारू समुदायले होली पर्वको समापनको दिन मनाउने खखडेहरा पर्व, २०८२ को सुखद् अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सुदूरपश्चिम प्रदेशवासीसहित सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, समृद्धि, सुस्वास्थ्य एवम् दीर्घायुको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु।

असत्यमाथि सत्यको, अन्यायमाथि न्यायको र दुराचारमाथि सदाचारको विजय भएको खुसियालीमा एक आपसमा सद्भाव, मेलमिलाप खुसियाली बाँड्ने सन्देश लिई आउने फागु/होली/होरी पर्व पश्चात सुदूरपश्चिम प्रदेशका तराईका जिल्लाहरूका रानाथारू समुदायले परापूर्व कालदेखिनै उत्सवको रूपमा खखडेहरा पर्व मनाउँदै आएको पाइन्छ। कैलाली र कञ्चनपुर जिल्लामा बसोवास गर्ने रानाथारू समुदायका मानिसहरु परम्परागत पोषाक लगाएर एक ठाउँमा जम्मा भएर सामुहिक भेटघाट, पूजाआजा र नाचगान गर्ने, मान्यजनको आशीर्वाद लिन जाने, एक आपसमा खुसी साटासाट गर्दै विभिन्न किसिमका खाद्य परिकार वनाई खाने, विभिन्न सांस्कृतिक कार्यक्रम, उत्सव र समारोह आयोजना गरी धुमधामसँग मनाइन्छ।

बहुजातीय, वहुभाषिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त हाम्रो नेपाली समाजमा यस्ता पर्वहरूले विभिन्न जातजाति र समुदायको आफ्नो मौलिक संस्कृति र परम्पराको संरक्षण, संवर्द्धन र विकासमा टेवा पुऱ्याउनुका साथै सामाजिक सद्भाव, सहिष्णुता र बन्धुत्वको भावना अभिवृद्धि गर्दै राष्ट्रिय एकतालाई थप सुदृढ बनाउन योगदान पुऱ्याउनेछ भन्ने विश्वास मैले लिएको छु।

अन्तमा, यस पर्वले हामी सबै नेपालीहरूमा खुशीका रंगहरू छर्दै नयाँ उमंग र हौसलाका साथ आपसी विश्वास, प्रेम र एकतालाई प्रगाढ बनाउदै मुलुकको प्रगतिमा अग्रसर हुन सबैलाई प्रेरणा प्रदान गरोस् भन्ने कामनासहित हार्दिक शुभकामना व्यक्त गर्दछु।

धन्यवाद!
२०८२ फागुन २६ गते, मंगलवार।

नजिर मियाँ
प्रदेश प्रमुख

नजिर मियाँ
प्रदेश प्रमुख

नेपाल सरकार

प्रदेश प्रमुख
सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली

ईद (ईद उल फित्र) पर्व, २०८२ को शुभकामना सन्देश

इस्लाम धर्मावलम्वीहरुको महान् पर्व ईद (ईद उल फित्र) को सुखद् अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली इस्लाम धर्मावलम्बी दिदिवहिनी तथा दाजुभाइहरुमा सुख, समृद्धि, सुस्वास्थ्य, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु।

अरबी पात्रो (हिजरी सम्वत) अनुसार इस्लाम धर्मावलम्वीहरुको महान् पर्व इद उल फित्र पवित्र रमजान महिनाको अन्तिम दिनमा पर्दछ। चन्द्रमाको आकार यो पर्व निर्धारणमा एकदम महत्वपूर्ण हुन्छ, त्यसकारण पनि इस्लामिक रीति अनुसार रमजानको अन्तिम दिन साँझमा सबैले चन्द्रमा हेर्ने गर्दछन् र जब हिजाल अर्थात अर्ध चन्द्राकार चन्द्रमा आकाशमा देखिन्छ तब मात्र रमजान महिनाको कठिन व्रतको समापन र इद उल फित्र पर्वको प्रारम्भ हुने गर्दछ ।

इस्लाम धर्मावलम्वीहरुले यस पर्वमा आफ्नो गच्छेअनुसार दान (फित्रा) दिने, नयाँ लुगा लगाई इदगाहमा गई नमाज पढ्ने गर्दछन्। साथै एक आपसमा रहेको रिसराग र द्वेषलाइ बिर्सेर एक आपसमा खुसी साटासाट एवम् शुभकामना आदानप्रदान गर्दै आपसी सद्भाव भाइचारा र पारिवारिक मिलनको रुपमा खुसी र हर्षोल्लासपूर्वक यो पर्व मनाउने गरिन्छ।

अन्तमा, यस पर्वले सम्पूर्ण नेपालीहरुका विचमा आपसी सद्भाव, समझदारी, समन्वय, मेलमिलाप एवम् भाइचाराको भावनाका साथै राष्ट्रिय एकताको सोच अभिवृद्धि गर्न प्रेरणा मिलोस् भन्ने कामना गर्दै पुनः शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद!
२०८२ चैत्र ०७ गते, शनिवार

नजिर मियाँ
प्रदेश प्रमुख

नजिर मियाँ
प्रदेश प्रमुख

नेपाल सरकार

प्रदेश प्रमुख
सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली

नयाँ बर्ष, २०८३ को शुभकामना सन्देश

नयाँ बर्ष, २०८३ आरम्भको सुखद् अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सुदूरपश्चिम प्रदेशवासी एवम् सम्पूर्ण नेपाली दिदीवहिनी तथा दाजुभाईहरुमा सुख, समृद्धि, सुस्वास्थ्य, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

नयाँ वर्षको पहिलो दिन वैशाख १ गतेको आगमन सँगै विगतमा भएका कमीकमजोरी सुधार गर्दै जीवनमा नवीन योजनाहरु तय गर्ने र आगामी दिनमा असल र राम्रो कामको लागि प्रतिज्ञा गर्दै सुमार्गमा हिड्न प्रेरणा सहित अघि बढ्ने पर्वको रुपमा नयाँ वर्षलाई लिईन्छ। देशव्यापी रुपमा खुशी र हर्षोल्लासपुर्वक मनाईने यो पर्वलाई सुदूरपश्चिम प्रदेशमा विशु पर्वको रुपमा समेत मनाईने गरिन्छ। नयाँ वर्षको अवसरमा टाढा टाढा रहेका घरपरिवार, साथीभाई र आफन्तजनहरु भेला भई रमाउने र खुसियाली साँटासाँट गर्ने, नयाँ नयाँ ठाउमा घुमघाम सहित जीवनमा नयाँ कामको सुरुवात गर्ने प्रचलन रहेको छ।

अन्त्यमा, नयाँ वर्ष, २०८३ ले सबै नेपालीहरुबिच सामाजिक सदभाव, सहिष्णुता एवम् राष्ट्रिय एकता अक्षुण्ण राख्न सघाउ पुऱ्याउदै विभिन्न मौलिक संस्कृति तथा परम्पराको संरक्षण, संवर्द्धन र विकासमा टेवा पुगाउनुका साथै एक आपसमा प्रेम, सदभाव् र आत्मियता अभिवृद्धि गर्दै जाओस् भन्ने कामना सहित पुनः हार्दिक शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद!

२०८३ वैशाख १ गते मंगलवार

नजिर मियाँ
प्रदेश प्रमुख

नजिर मियाँ
प्रदेश प्रमुख

नेपाल सरकार

नेपाल सरकार
प्रदेश प्रमुख
सुदूरपश्चिम प्रदेश
धनगढी, नेपाल

प्रदेश प्रमुख
सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली

२५७० औं बुद्ध जयन्तीको शुभकामना सन्देश

बौद्ध धर्मका प्रवर्तक, राष्ट्रका गौरव, एशियाका तारा एवम् विश्व शान्तिका अग्रदुत, राष्ट्रिय विभूति गौतम बुद्धको २५७० औं बुद्ध जयन्तीको पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका बौद्ध धर्मावलम्वी, शान्ति र अहिंसा प्रेमी सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति, सुस्वास्थ्य, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिका लागी हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

अहिंसा नै शान्ति र मैत्रीको आधारशिला हो भन्ने मुल मन्त्रका साथ सिद्धार्थ गौतमले विश्व शान्ति स्थापनाका लागि पुऱ्याएको योगदानको स्मरण स्वरुप प्रत्येक वर्ष वैशाख शुक्ल पूर्णिमाका दिन बुद्ध जयन्ति मनाउने गरिन्छ। बुद्धको जन्म, ज्ञान प्राप्ति, महापरिनिर्वाण वैशाख शुक्ल पूर्णिमाकै तिथिमा परेकाले यस दिन नेपाल लगायत विश्वका बौद्ध धर्मावलम्वीहरुले चैत्य, गुम्बा, विहार लगायत स्थलमा बौद्ध परम्परा अनुसार पूजाआजा लगायतका विभिन्न कार्यक्रमहरु आयोजना गरी जयन्ती मनाउने गर्दछन्। वर्तमान वैश्विक परिवेशमा विश्व शान्तिका प्रकाश एवं शान्तिदूत बुद्धका प्रेरणादायी उपदेश र मार्गदर्शनको परिपालन गर्न सकेमा सम्पूर्ण विश्व समुदायबिच आपसी प्रेम, सद्भाव र आत्मीयता अभिबृद्धि हुने विश्वास लिएको छु ।

अन्त्यमा, २५७० औं बुद्ध जयन्तीको शुभ अवसरमा बुद्धले प्रतिपादन गरेका अहिंसा र शान्तिको मार्ग तथा उपदेशले संसारलाई हिंसा र युद्धको बाटो छाडी अहिंसा, मित्रता र विश्वबन्धुत्वको मार्गद्वारा विश्व शान्ति कायम गर्न सदैव सबैलाई प्रेरणा प्रदान गरोस् भन्ने कामना सहित पुनः हार्दिक शुभकामना व्यक्त गर्दछु।

धन्यवाद!
मिति २०८३ वैशाख १८ गते शुक्रवार

नजिर मियाँ
प्रदेश प्रमुख

नजिर मियाँ
प्रदेश प्रमुख

नेपाल सरकार

प्रदेश प्रमुख
सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली

मजदुर दिवस (मे १), २०२६ को शुभकामना सन्देश

मजदुर दिवस (मे १), २०२६ को अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सुदूरपश्चिम प्रदेशबासी एवम् सम्पूर्ण नेपाली श्रमिक दिदीवहिनी तथा दाजुभाइहरुमा सुख, समृद्धि, सुस्वास्थ्य एवम् दीर्घायुका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

सन् १८८६ मा अमेरिकाको सिकागोमा **"आठ घण्टा काम, आठ घण्टा मनोरञ्जन र आठ घण्टा आराम"** भन्ने नारा सहित शुरु भएको मजदुर आन्दोलनको सम्झनामा सन् १८९० देखि हरेक वर्ष मे १ तारिखमा श्रमिक दिवस मनाउन सुरु गरिएको थियो। विश्वका मजदुरहरुले पर्वका रुपमा लिने यस दिवसलाई आफ्ना हक अधिकारको सुनिश्चितताको लागि सरकार र रोजगारदातालाई दवाव दिने उद्देश्यले विभिन्न कार्यक्रम गरि मनाउने गर्दछन् । श्रमजिवीहरुको पसिना, मेहनत र योगदानको कदर गर्दै श्रमको उचित मूल्याकन गर्नु नै श्रमिक प्रतिको सही सम्मान हो। नेपालका विभिन्न लोकतान्त्रिक आन्दोलनहरुका अलावा राष्ट्रको आर्थिक विकास तथा समुन्नतिका क्षेत्रमा महत्वपूर्ण भुमिका निर्वाह गर्ने श्रमिक वर्गको योगदानको सम्मान गर्दै अगाडि बढ्नु आजको आवश्यकता हो।

अन्त्यमा, यस दिवसले सम्पूर्ण श्रमजीवीहरुको हकहित, स्वतन्त्रता र सौदाबाजी गर्ने क्षमताको संरक्षण गर्दै श्रमिक वर्गको वृहत्तर हितको लक्ष्य हासिल गर्ने तर्फ अग्रसर गर्न सकोस् भन्ने शुभेच्छा सहित हार्दिक शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद!

२०८३ बैशाख १८ गते शुक्रवार

नजिर मियाँ
प्रदेश प्रमुख

नजिर मियाँ
प्रदेश प्रमुख

नेपाल सरकार

प्रदेश प्रमुख
सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली

गणतन्त्र दिवस, २०८३ को शुभकामना सन्देश

गणतन्त्र दिवस, २०८३ को यस ऐतिहासिक एवं सुखद् घडीमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति र समृद्धिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु।

नागरिक नै राज्यको शक्तिको मूल स्रोत बन्ने यस सुन्दर व्यवस्था स्थापनाका लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात अमर सहिदहरूप्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्दछु। साथै, आफ्नो आहुति दिने वीर सहिद, बेपत्ता नागरिकका परिवारजन र परिवर्तनको आन्दोलनमा घाइते हुनुभएका योद्धाहरूप्रति उच्च सम्मान र आदर प्रकट गर्दछु।

वि.सं. २०६५ साल जेठ १५ गते देशमा लोकतान्त्रिक गणतन्त्र स्थापना भएको त्यो ऐतिहासिक र गौरवमय पल नेपाली इतिहासको एउटा स्वर्णिम पाना हो। सोही गौरवको सम्झनामा हामीले प्रत्येक वर्ष जेठ १५ गतेलाई राष्ट्रिय उत्सवका रूपमा मनाउँदै आएका छौं। यस अवसरमा संघ, प्रदेश र स्थानीय तहका सरकारहरूका साथै विदेशस्थित हाम्रा कूटनीतिक नियोगहरूले विविध कार्यक्रमका साथ यो दिवस मनाइरहँदा, यसको वास्तविक सुन्दरता नागरिकको मुहारमा झल्कनुपर्दछ। आगामी दिनमा यी र यस्ता राष्ट्रिय पर्वहरूलाई केवल औपचारिक सरकारी घेराभन्दा माथि उठाएर नागरिकस्तरबाटै स्वतःस्फूर्त र भव्य रूपमा मनाउने वातावरण निर्माण गर्न सकेमा मात्र गणतन्त्रको गरिमा र अपनत्व अझ प्रगाढ हुने विश्वास मैले लिएको छु।

अन्तमा, आजको यस ऐतिहासिक दिवसले नेपालको संविधान र लोकतान्त्रिक गणतन्त्रका निष्ठा एवं मूल्य-मान्यताहरूलाई हृदयङ्गम गर्दै राष्ट्रमा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको यात्रालाई थप उचाइंमा पुऱ्याउन हामी सबैलाई उत्प्रेरित गरोस्। विभेदमुक्त, न्यायपूर्ण र समृद्ध समाज निर्माणको साझा राष्ट्रिय लक्ष्य हासिल गर्ने बाटोमा अघि बढ्न यो दिवसले सबैमा नयाँ ऊर्जा र देशप्रेमको भावना जागृत गरोस् भन्ने शुभेच्छासहित पुनः हार्दिक शुभकामना व्यक्त गर्दछु।

धन्यवाद।

२०८३ जेठ १५ गते, शुक्रबार

नजिर मियाँ
प्रदेश प्रमुख

नजिर मियाँ
प्रदेश प्रमुख

नेपाल सरकार

प्रदेश प्रमुख
सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली

बकरईद (ईद उल अजहा) पर्व, २०८३ को शुभकामना सन्देश

इस्लाम धर्मावलम्वीहरुको महान् चाड बकर ईद (ईद उल अजहा) पर्वको सुखद् अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली इस्लाम धर्मावलम्बी दिदिवहिनी तथा दाजुभाइहरुमा सुख, समृद्धि, सुस्वास्थ्य एवम् दीर्घायुका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु।

मुस्लिम समुदायको ठुलो चाडको रुपमा रहेको यो बकर ईद (ईद उल अजहा) पर्व आपसी रिस, राग र द्वेसलाई बिर्सेर भाईचारा र पारिवारिक मिलनको रुपमा मनाउने गरिन्छ। नेपाल जस्तो भौगोलिक, जातीय र सांस्कृतिक विविधता भएको समाजमा विविधताका विच विभिन्न यी र यस्तै पर्वहरुले हाम्रो मुलकमा धार्मिक सहिष्णुता, सामाजिक सद्भावको वातावरणलाई अझ मजबुत बनाउन सहयोग पुग्नेछ भन्ने मैले विश्वास लिएको छु।

अन्तमा, यस पर्वले सम्पूर्ण नेपालीहरुका विचमा आपसी सद्भाव, समझदारी, समन्वय, मेलमिलाप एवम् भाइचाराको भावनाका साथै राष्ट्रिय एकताको सोच अभिवृद्धि गर्न प्रेरणा मिलोस् भन्ने कामना गर्दै पुनः शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद!

२०८३ जेठ १४ गते, विहिवार

नजिर मियाँ
प्रदेश प्रमुख

नजिर मियाँ
प्रदेश प्रमुख

माननीय प्रदेश प्रमुखज्यू सहभागी हुनुभएको विभिन्न कार्यक्रम/गतिविधिहरुको झलक



माननीय प्रदेश प्रमुखज्यू सातवटै प्रदेशका मा.प्रदेश प्रमुखज्यूहरुको बैठकमा भैसेपाटी ललितपुर



मुस्लिम आयोगद्वारा आयोजित छलफल कार्यक्रमा माननीय प्रदेश प्रमुखज्यू



पाल्पा जिल्लाको कामख्या देवी मन्दिर भ्रमणको सिलसिलामा माननीय प्रदेश प्रमुखज्यू



राष्ट्रिय दलित पत्रकार संघको अधिवेशन कार्यक्रममा माननीय प्रदेश प्रमुखज्यू



अन्तरधार्मिक सद्भाव संघ सुदूरपश्चिमका पदाधिकारीहरुसँगको भेटघाटमा माननीय प्रदेश प्रमुखज्यू



राष्ट्रपति कार्यालयमा आयोजित वैठक पश्चात सबै प्रदेशका माननीय प्रदेश प्रमुखज्यूहरु



सुदूरपश्चिम पृतनापतिज्यूले माननीय प्रदेश प्रमुखज्यू समक्ष भेटघाट पश्चातको तस्विर



माननीय प्रदेश प्रमुखज्यूसँग राष्ट्रिय सभाका सदस्यज्यूहरुको भेटघाट कार्यक्रमको तस्विर



आदिवासी जनजाति आयोगको वार्षिक प्रतिवेदन २०८१।०८२ ग्रहण गर्नुहुदै माननीय प्रदेश प्रमुखज्यू



राष्ट्रिय टोपी दिवस २०८२ को अवसरमा आयोजित कार्यक्रममा माननीय प्रदेश प्रमुखज्यू



तेश्रो सुदूरपश्चिम लोक सांस्कृतिक महोत्सव २०८२ को कार्यक्रममा माननीय प्रदेश प्रमुखज्यू



राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगको वार्षिक प्रतिवेदन २०८१।०८२ ग्रहण पश्चात माननीय प्रदेश प्रमुखज्यू



सुदूरपश्चिम प्रदेश र बागमती प्रदेशका माननीय प्रदेश प्रमुखज्यूहरु फुलवारी माघी मेलामा स्वागत ग्रहण गर्नुहुदै



फुलवारी माघी मेला तथा भलिवल प्रतियोगिता २०८२ को उद्घाटन समारोहमा माननीय प्रदेश प्रमुखज्यू



बागमती प्रदेशका माननीय प्रदेश प्रमुखज्यूलाई सुदूरपश्चिममा स्वागत पश्चातको तस्विर



प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ मा मतदानका क्रममा माननीय प्रदेश प्रमुखज्यू



इद उल फित्र २०८२ को अवसरमा माननीय प्रदेश प्रमुखज्यूको निवासमा लिईएको सामुहिक तस्विर



पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीज्यूको पिताको निधनमा समवेदना प्रकट गर्नुहुदै माननीय प्रदेश प्रमुखज्यू



मधेशी आयोगको वार्षिक प्रतिवेदन (आ व २०८१।८२) ग्रहण गर्नुहुदै माननीय प्रदेश प्रमुखज्यू



रानी जमरा कुलरीया सिचाई आयोजनाको समुद्घाटनका क्रममा विशिष्ट महानुभावहरु



पुर्व प्रधानमन्त्री केपी शर्मा ओलीलाई चिसापानी कैलालीमा स्वागत गर्नुहुदै माननीय प्रदेश प्रमुखज्यू



राष्ट्रपति कार्यालयमा आयोजित संयुक्त वैठकमा सातवटै प्रदेशका माननीय प्रदेश प्रमुखज्यूहरु



नवनियुक्त उद्योग पर्यटन वन तथा वातावरण मन्त्रीज्यूको सपथ ग्रहण कार्यक्रम



जन्मदिनको अवसरमा शुभकामना ग्रहण गर्नुहुदै माननीय प्रदेश प्रमुखज्यू



जेनजी आन्दोलनको क्षति पश्चात भैसेपाटी निवासको अवलोकनका क्रममा माननीय प्रदेश प्रमुखज्यू




सम्माननीय उपराष्ट्रपतिज्यूसँग विभिन्न प्रदेशका माननीय प्रदेश प्रमुखज्यूहरु



राष्ट्रपति रनिङ्ग शिल्ड बडीकेदार गाउँपालिकाको उद्घाटन समारोहमा माननीय प्रदेश प्रमुखज्यू



सम्माननीय उपराष्ट्रपतिज्यूका साथमा विभिन्न प्रदेशका माननीय प्रदेश प्रमुखज्यूहरु



सम्माननीय उपराष्ट्रपतिज्यूका साथमा विभिन्न प्रदेशका माननीय प्रदेश प्रमुखज्यूहरु



राष्ट्रिय दलित आयोगको वार्षिक प्रतिवेदन २०८१।०८२ ग्रहण गर्नुहुदै माननीय प्रदेश प्रमुखज्यू



अख्तियार दुरुपयोग अनुसन्धान आयोगको वार्षिक प्रतिवेदन २०८१।०८२ ग्रहण गर्नुहुदै माननीय प्रदेश प्रमुखज्यू



प्रदेश लोकसेवा आयोग सुदूरपश्चिम प्रदेशको वार्षिक प्रतिवेदन २०८१।०८२ ग्रहण गर्नुहुदै माननीय प्रदेश प्रमुखज्यू



मुस्लिम आयोगको वार्षिक प्रतिवेदन ग्रहण गर्नुहुदै माननीय प्रदेश प्रमुखज्यू



जेनजी आन्दोलनपश्चात धनगढीस्थित विभिन्न कार्यालयमा भएको क्षति अवलोकनका क्रममा माननीय प्रदेश प्रमुखज्यू



थारु आयोगको वार्षिक प्रतिवेदन २०८१।०८२ ग्रहण गर्नुहुदै माननीय प्रदेश प्रमुखज्यू



२६३ औं सेना दिवसको अवसरमा आयोजित कार्यक्रमको उद्घाटन सत्रमा माननीय प्रदेश प्रमुखज्यू



सुदूरपश्चिम विश्वविद्यालयले आयोजना गरेको तेश्रो अन्तर्राष्ट्रिय सम्मेलनमा माननीय प्रदेश प्रमुखज्यू



२६३ औं सेना दिवसको अवसरमा आयोजित म्याराथुन दौडको उद्घाटन गर्नुहुदै माननीय प्रदेश प्रमुखज्यू



अख्तियार दुरुपयोग अनुसन्धान आयोगको स्थापना दिवसको अवसरमा महेन्द्रनगरको कार्यक्रममा माननीय प्रदेश प्रमुखज्यू



जेनजी आन्दोलनका क्रममा प्रदेश सभा परिसरमा भएको क्षतिको अवलोकनका क्रममा माननीय प्रदेश प्रमुखज्यू



प्रतिनिधि सभा सदस्य निर्वाचान २०८२ को समग्र तयारीका बारेमा प्रदेश कमाण्ड पोष्टका तर्फबाट ब्रिफिङ्ग हुदै गर्दाको तस्विर



जोरायल गाउँपालिकाको कार्यक्रमा सहभागीताको क्रममा सुदूरपश्चिम र गण्डकी प्रदेशका माननीय प्रदेश प्रमुखज्यूहरु



जिल्ला प्रशासन कार्यालय बझाङ्गको अवलोकनपश्चात माननीय प्रदेश प्रमुखज्यू



इलाका प्रशासन कार्यालय गोकुलेश्वर दार्चुलाको उद्घाटनपश्चात माननीय प्रदेश प्रमुखज्यू



नेपाल भारत सीमा नाका झुलाघाट बैतडीको अवलोकनपश्चात माननीय प्रदेश प्रमुखज्यू



महाकाली भन्सार नाका झुलाघाट वैतडीको अवलोकनपश्चात माननीय प्रदेश प्रमुखज्यू



जिल्ला सुरक्षा समिति दार्चुलाको ब्रिफिङ्गपश्चात माननीय प्रदेश प्रमुखज्यू



मुख्यन्यायाधिवक्ताको कार्यालयको आ व २०८१।८२ को वार्षिक प्रतिवेदन ग्रहण गर्दै माननीय प्रदेश प्रमुखज्यू



गणतन्त्र दिवस, २०८३ सुदूरपश्चिम प्रदेश समारोह कार्यक्रममा माननीय प्रदेश प्रमुखज्यू



सुदूरपश्चिम प्रदेश सरकारको आर्थिक वर्ष २०८३/२०८४ को वार्षिक नीति तथा कार्यक्रम वाचन गर्दै माननीय प्रदेश प्रमुखज्यू



सुदूरपश्चिम प्रदेश सरकारका नवनियुक्त माननीय मन्त्रीज्यूहरुलाई पद तथा गोपनियताको सपथ गराउदै माननीय प्रदेश प्रमुखज्यू



मुस्लिम आयोगबाट महेन्द्रनगरमा आयोजित कार्यक्रममा प्रमुख अतिथिको रुपमा माननीय प्रदेश प्रमुखज्यू



लुम्विनि प्रदेशको भ्रमणका क्रममा लुम्विनी प्रदेशका माननीय मुख्यमन्त्री सहितको टोली सहित माननीय प्रदेश प्रमुखज्यू



धनगढीमा आयोजित नेपाल स्काउटको कार्यक्रममा माननीय प्रदेश प्रमुखज्यू



सुदूपश्चिम विश्वविद्यालयद्वारा आयोजित सम्पदा र नवप्रवर्द्धन विषयक सेमिनारमा माननीय प्रदेश प्रमुखज्यू



लुम्विनि प्रदेशको भ्रमणका क्रममा लुम्विनी प्रदेश राजधानी परिसरमा टोली सहित माननीय प्रदेश प्रमुखज्यू



कैलालीको घोडाघोडी न.पा. बुलबुलेमा बुद्धको प्रतिमा स्थापना तथा बौद्ध अम्बेडकर पार्कको शिलान्यास समारोहमा प्रदेश प्रमुखज्यू



नेपालमा हुने NSPL बारे माननीय प्रमुखज्युलाई जानकारी गराउदै NSPL आयोजक

कार्यालय स्थापनापश्चात प्रदेश प्रमुखज्यूबाट हालसम्म प्रमाणीकरण भएका विभिन्न विधेयकहरु

सि. नं.	विधेयकको नाम	प्रमाणीकरण भएको मिति	कैफियत
१	प्रदेश नं. ७ प्रदेश सरकारको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको विधेयक, २०७४	२०७४।१२।३०	
२	विनियोजन विधेयक, २०७५	२०७५।१।१९	
३	स्थानीय तहको कानून निर्माण प्रक्रिया सम्बन्धमा व्यस्था गर्न बनेको विधेयक, २०७५	२०७५।३।३	
४	सार्वजनिक लिखत प्रमाणीकरण कार्यविधिको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५	२०७५।३।३	
५	नीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५	२०७५।३।३	
६	प्रदेश नं. ७ प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०७५	२०७५।३।२६	
७	प्रदेश नं. ७ प्रदेश सरकारको आर्थिक वर्ष २०७५/०७६ को सेवा र कार्यहरुको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५	२०७५।३।२६	
८	प्रदेश नं. ७ प्रदेश आकस्मिक कोषको व्यवस्था गर्न बनेको विधेयक, २०७५	२०७५।३।२६	
९	जिल्ला सभा तथा जिल्ला समन्वय समिति सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५	२०७५।५।३	
१०	गाउँ सभा र नगर सभाको कार्य सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५	२०७५।५।३	
११	मुख्य न्यायधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५	२०७५।५।३	
१२	प्रदेश कर तथा गैरकर राजश्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५	२०७५।६।८	
१३	स्थानीय तहलाई वित्तिय हस्तान्तरण व्यवस्थापन गर्न बनेको बनेको विधेयक, २०७५	२०७५।६।८	

सि. नं.	विधेयकको नाम	प्रमाणीकरण भएको मिति	कैफियत
१४	मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५	२०७५।६।१७	
१५	प्रदेश सभा पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५	२०७५।६।२१	
१६	सुदूरपश्चिनम प्रदेशको आर्थिक ऐन पहिलो (संशोधन), २०७५	२०७५।६।२५	
१७	प्रशासकीय कार्यविधि नियमित गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५	२०७५।६।२५	
१८	सुदूरपश्चिम प्रदेशको प्रदेश सहकारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५	२०७५।१२।२९	
१९	प्रादेशिक वातावरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५	२०७५।१२।२९	
२०	सुदूरपश्चिम प्रदेशमा सुशासनको प्रत्याभूति सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५	२०७५।१२।२९	
२१	प्रदेश सभाको सचिव र सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५	२०७६।१।२२	
२२	सुदूरपश्चिम प्रदेश विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन सम्बन्धी विधेयक, २०७५	२०७६।१।२२	
२३	सुदूरपश्चिम प्रदेश लोकमार्ग विधेयक,२०७५	२०७६।१।२२	
२४	सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५	२०७६।३।१	
२५	प्रादेशिक औद्योगिक व्यवसाय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५	२०७६।३।१८	
२६	विनियोजन विधेयक, २०७६	२०७६।३।३१	
२७	प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०७६	२०७६।३।३१	
२८	सुदूरपश्चिम प्रदेश लोक सेवा आयोगको गठन, काम कर्तव्य र अधिकारका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६	२०७६।४।१५	

सि. नं.	विधेयकको नाम	प्रमाणीकरण भएको मिति	कैफियत
२९	सुदूरपश्चिम आयुर्वेद प्रतिष्ठान स्थापना सञ्चालन गर्ने सम्बन्धमा व्यवस्था गर्ने विधेयक, २०७६	२०७६।४।१५	
३०	केही प्रदेश ऐन संशोधन गर्न बनेको विधेयक, २०७६	२०७६।५।४	
३१	सुदूरपश्चिम प्रदेशको कृषि तथा पशुपंक्षि व्यवसाय प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६	२०७६।५।४	
३२	निजी व्यवसाय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६	२०७६।११।२२	
३३	साझेदारी व्यवसाय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६	२०७६।११।२२	
३४	सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधयेक, २०७६	२०७७।३।११	
३५	स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक	२०७७।३।११	
३६	सुदूरपश्चिम प्रदेश खेलकुद सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६	२०७७।३।१६	
३७	सुदुरपश्चिम प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावालई कार्यन्वयन गर्न बनेको विधेयक, २०७७	२०७७।३।२९	
३८	आर्थिक वर्ष २०७७।०७८ को सेवा र कार्यहरुको लागि प्रदेश संचित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७	२०७७।३।२९	
३९	प्रदेश लोक सेवा आयोग ऐन २०७६ संशोधन (पहिलो संशोधन) गर्न बनेको विधेयक	२०७७।५।८	
४०	रेडियो, एफ.एम. र टेलिभिजन प्रशासरण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६	२०७७।५।१८	
४१	सुदूरपश्चिम प्रदेश जनस्वास्थ्य सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६	२०७७।५।१८	
४२	प्रदेश लोकसेवा ऐन, २०७६ लाई संशोधन (दोश्रो संशोधन) गर्न बनेको विधेयक, २०७७	२०७७।१२।१३	
४३	सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान	२०७७।१२।२०	

सि. नं.	विधेयकको नाम	प्रमाणीकरण भएको मिति	कैफियत
	सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७		
४४	सुदूरपश्चिम प्रदेशको वीउविजन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७	२०७८।१।७	
४५	प्रदेश बालबालिका सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७७	२०७८।१।७	
४६	सुदूरपश्चिम प्रदेश दुग्ध विकास बोर्डको स्थापना र व्यवस्थापन गर्न बनेको विधेयक, २०७७	२०७८।१।७	
४७	सुदूरपश्चिम प्रदेशको प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक, २०७७	२०७८।१।११	
४८	सुदूरपश्चिम प्रदेशको राष्ट्रिय वन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७	२०७८।२।१०	
४९	सुदूरपश्चिम प्रदेश विनियोजन विधेयक, २०७८	२०७८।३।२८	
५०	सुदूरपश्चिम प्रदेश आर्थिक विधेयक, २०७८	२०७८।३।२८	
५१	सुदूरपश्चिम प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक	२०७८।४।१४	
५२	सुदूरपश्चिम प्रदेश वातावरण संरक्षण अध्यादेश, २०७७ लाई प्रतिस्थापन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक	२०७८।४।२०	
५३	प्रदेश लोक सेवा आयोग ऐन, २०७६ लाई संशोधन (तेश्रो संशोधन) गर्न बनेको विधेयक, २०७८	२०७८।६।१५	
५४	सुदूरपश्चिम प्रदेश खेलकुद ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक, २०७८	२०७८।८।६	
५५	सुदूरपश्चिम प्रदेश पशु विकास तथा पशु स्वास्थ्य सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७८	२०७८।९।५	
५६	सुदूरपश्चिम प्रदेश दुग्ध विकास बोर्ड (पहिलो संशोधन) विधेयक, २०७८	२०७९।१।१३	
५७	दलित सशक्तिकरण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७८	२०७९।१।२२	
५८	विनियोजन विधेयक, २०७९	२०७९।३।३२	
५९	सुदूरपश्चिम प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई	२०७९।३।३२	

सि. नं.	विधेयकको नाम	प्रमाणीकरण भएको मिति	कैफियत
	कार्यान्वयन गर्न बनेको विधेयक, २०७९		
६०	सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठन ऐन, २०७७ लाई संशोधन गर्न बनेको विधेयक, २०७९	२०७९।५।७	
६१	सुदूरपश्चिम प्रदेश तथा स्थानीय तहबीच समन्वय कायम गर्न तथा विवाद समाधानको व्यवस्था गर्न बनेको विधेयक, २०७९	२०७९।५।७	
६२	प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक, २०७९	२०७९।५।७	
६३	सुदूरपश्चिम आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७९	२०७९।५।२३	
६४	सुदूरपश्चिम प्रदेश सवारी तथा यातायात सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७९	२०७९।५।२३	
६५	सुदूरपश्चिम प्रदेश प्रहरी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७९	२०७९।५।३१	
६६	सुदूरपश्चिम प्रदेश निजामती सेवाको गठन सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७९	२०७९।५।३१	
६७	सुदूरपश्चिम प्रदेश आर्थिक ऐन, २०७९ लाई संशोधन गर्न बनेको विधेयक	२०८०।२।३०	
६८	सुदूरपश्चिम प्रदेश विनियोजन विधेयक, २०८०	२०८०।३।३१	
६९	सुदूरपश्चिम प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०८०	२०८०।३।३१	
७०	सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक	२०८०।६।३०	
७१	सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९ लाई संशोधन गर्न बनेको विधेयक	२०८१।५।९	
७२	प्रदेश विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक	२०८१।५।९	

सि. नं.	विधेयकको नाम	प्रमाणीकरण भएको मिति	कैफियत
७३	सुदूरपश्चिम प्रदेश सामयिक राजस्व संकलन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०८१	२०८१।६।२	
७४	सुदूरपश्चिम प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०८१	२०८१।६।८	
७५	आर्थिक वर्ष २०८१।०८२ को सेवा र कार्यको लागि प्रदेश संचित कोषबाट विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१	२०८१।६।८	
७६	सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक	२०८१।११।२	
७७	सुदूरपश्चिम प्रदेश स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक	२०८२।३।१५	
७८	आर्थिक वर्ष २०८२।०८३ को सेवा र कार्यको लागि प्रदेश संचित कोषबाट विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२	२०८२।३।२९	
७९	सुदूरपश्चिम प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०८२	२०८२।३।२९	
८०	सुदुरपश्चिम प्रदेशको प्रदेश सभाको सचिव र सचिवालय व्यवस्थापन सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक, २०८२	२०८२।५।११	
८१	सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) (पहिलो संशोधन) विधेयक, २०८२	२०८३।१।२	

सन्दर्भ सामग्रीहरु

१. नेपालको संविधान
२. प्रदेश प्रमुखको काम कर्तव्य र अधिकार सम्बद्ध अन्य संघीय तथा प्रदेश कानुनहरु
३. तथ्याङ्क समन्वय कार्यालय कैलालीको वार्षिक प्रतिवेदन, २०८२
४. सुदूरपश्चिम प्रदेशको वस्तुस्थिति विवरण, २०८१
५. सुदूरपश्चिम प्रदेशको तथ्यांकीय झलक, २०८०
६. विभिन्न प्रदेशका प्रदेश प्रमुखको कार्यालयबाट प्रकाशित स्मारिका, मुखपत्र, दर्पण आदि
७. राष्ट्रिय तथ्यांक कार्यालयबाट प्राप्त विवरणहरु
८. विभिन्न पत्रपत्रिका तथा सरकारी तथा अन्य वेवसाइटहरुबाट प्राप्त विवरणहरु

सुदूरपश्चिम प्रदेशभित्र अवस्थित विभिन्न मुख्य धार्मिक, सांस्कृतिक, पुरातात्विक तथा पर्यटकीय स्थलहरु



दोधारा चाँदनी (झोलुङ्गे पुल), कन्चनपुर



कर्णाली पुल चिसापानी, कैलाली



उग्रतारा मन्दिर, डडेल्धुरा



वैद्यनाथ धाम, अछाम



शैलेश्वरी मन्दिर, डोटी



बडीमालिका क्षेत्र, बाजुरा



सुर्मा सरोवर ताल, बझाङ्ग



खप्तड राष्ट्रिय निकुञ्ज



त्रिपुरा सुन्दरी मन्दिर, बैतडी



मालिकार्जुन मन्दिर, दार्चुला



परशुरामधाम, डडेल्धुरा



टिकापुर पार्क, कैलाली